# पहिलो परिच्छेद

## शोध परिचय

### १|१| विषय परिचय

पोखरा नेपाल अधिराज्यको पशिचमाञ्चल विकासक्षेत्रको मध्यपहाडी प्रदेशमा पर्ने सुन्दर उपत्यका हो । शिष्ट लेख्यसाहित्य सिर्जनाको फाँटमा पोखराको स्वतन्त्र अस्ति,व छ साथै नेपाली साहित्यको विकासमा पोखराको छुट्टै पहिचान छ । यसो हुनुमा पोखरेलीहरुको सामूहिक प्रयास मुख्य हुन् । पोखरा साहित्यिक वातावरण तयार गरी नेपाली साहित्यप्रति सर्वसाधारणको रुचि जगाउने कार्यदेखि लिएर गोष्ठी, अन्तरक्रिया, प्रतियोगितात्मक कार्यक्रम एवं पत्रपत्रिका स्थापित भई सामूहिक मञ्च प्रदान गर्ने कार्यमा यहाँका संघ-संस्थाहरुले मह,वपूर्ण भूमिका खेलेका छन् । यही प्रयास स्वरुप पोखरा नगरक्षेत्र एवम् हेमजा र यस आसपासका गा.वि.स. का सिर्जनाहरुलाई बिसाउने चौतारीको आवश्यकता महसुश गरी नेपाली भाषा, साहित्य, कला र संस्कृतिको विकासमा केही आयाम थप्ने उद्देश्यले स्थापित साहित्यिक संस्था हो "हेमजा साहित्य प्रतिष्ठान" । यो वि.सं. २०५५ सालमा जि.प्र.का. मा दर्ता भई यसको दर्ता नं. ५३४।०५५ रहेको छ ।

यसै संस्थाद्वारा वार्षिक रुपमा हिमशिखर पत्रिकाका प्रकाशित हुँदै आएको छ । पोखरा उपत्यका, हेमजा र यस आसपासका साहित्यिक सर्जकहरु र साहित्यनुरागीहरुको सत् प्रयासबाट साहित्यका कोसेलीहरु लिएर आउने पत्रिका हो । यो विषयगत विविधता र स्थापित तथा सिकारुहरुका सद्भावना प्रकाशनका सन्दर्भमा आफ्नो स्तरलाई आकारमा र वस्तुका दृष्टिले 'हिमशिखर' सुन्दर कोसेली प्रदान गर्न सक्षम बन्दै गएको छ । यसले फन्सिकेका सुन्दर फूलहरुदेखि लिएर भर्खर फन्न लागेका कोपिलासम्मका स्रष्टाहरुलाई समेट्ने प्रयास गरेको छ । नवसाहित्य प्रतिभाहरुलाई साहित्य सृजना गर्न प्रेरित गर्ने र स्थापित साहित्यकारहरुलाई सकेसम्म विश्राम गर्न नदिने कार्यमा प्रतिष्ठान क्रियाशील हुँदै आएको छ । यसै पत्रिकाको कथा-विधाअन्तर्गत प्रकाशनदेखि हाल (नवौ अंक) सम्मका अंकहरुमा समेटिएका कथाहरुको अध्ययन विश्लेषण गर्नु नै यसको विषय रहेको छ ।

## ज्ञाद्द शोध-शीर्षक

यस शोध-पत्रको शीर्षक “हिमशिखर पत्रिकामा प्रकाशित कथाहरुको अध्ययन” रहेको छ ।

## ज्ञाघ शोध-कार्यको प्रयोजन

प्रस्तुत शोध-पत्रको प्रयोजन त्रिभुवन विश्वविद्यालय अन्तर्गत मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तहको नेपाली विषयको दशौं पत्र (५१०-१) को आवश्यकता पूरा गर्नु रहेको छ ।

## ज्ञाद्ध शोध समस्या

आधुनिक नेपाली कथा साहित्यको फाँटमा हिमशिखर पत्रिकाले पनि मह,वपूर्ण योगदान दिदै आएको छ । तर आजसम्म यस संस्थाको साथै यसका अंकमा संकलित कथा कतै चर्चा परिचर्चा भएको नपाइएकाले कथाका उपकरण तथा सिद्धान्तका आधारमा ‘हिमशिखर’ पत्रिकामा प्रकाशित कथाहरुको मूल्य र मान्यताको खोजी गर्दै तिनका कथागत त,वका आधारमा कथा विश्लेषण गर्ने हुँदा यस शोधका समस्याहरु निम्न प्रकार रहेका छन्-

क) हिमशिखर पत्रिकाको ऐतिहासिक पृष्ठभूमि के कस्तो ?

ख) पोखरेली साहित्यमा ‘हिमशिखर’ पत्रिकाको योगदान कस्तो ?

ग) कथा सिद्धान्तका आधारभूत स्वरुपको निरुपण ?

घ) ‘हिमशिखर’ पत्रिकामा प्रकाशित कथाहरुको विश्लेषण ?

## ज्ञाछ शोध-कार्यको उरेश्य

माथि उल्लेखित शोध समस्याहरुको समाधान गर्नु नै यस शोधकार्यको मुख्य उद्देश्य भएको हुँदा यसमा उद्देश्यहरु निम्न प्रकार रहेका छन्-

क) ‘हिमशिखर’ पत्रिकाको ऐतिहासिक पृष्ठभूमि चर्चा गर्नु ।

ख) ‘हिमशिखर’ पत्रिकाले पोखरेली साहित्यमा पुऱ्याएको योगदान निरुपण गर्नु ।

ग) कथा-सिद्धान्तको आधारभूत स्वरुपको निरुपण गर्नु ।

घ) 'हिमशिखर' पत्रिकामा प्रकाशनकालदेखि हाल (१-९ अंक) सम्म प्रकाशित कथाहरुका अध्ययन गर्नु ।

## ज्ञाट पूर्वकार्यको समीक्षा

नेपाली कथामा आधुनिक काल विक्रमको बीसौं शताब्दीको अन्तिम दशकदेखि शुरु भएको हो । आधुनिक नेपाली कथाको आरम्भ वि.सं. १९९२ साल गुरुप्रसाद मैनालीको 'नासो' कथाबाट भएको हो । झण्डै सात दशकमात्र पुगेको आधुनिक कथाको यस अवधि बीचमा निकै राजनैतिक परिवर्तन भएकोले त्यसबाट नेपाली कथा पनि अछुटो रहन सकेको छैन । आधुनिक कथाको विकासमा विविध पत्रपत्रिकाले मह,वपूर्ण भूमिका खेलेको देखिन्छ । त्यसै सन्दर्भमा हिमशिखर पत्रिकाले पनि स्थानीय रुपमा भए पनि साहित्यका विविध विधा साथै कथा विधालाई पनि क्रमिक रुपमा अगाडि बढाउँदै आएको छ । समग्र रुपमा यस पत्रिकामा प्रकाशित कथा तथा कथाकारहरुको खासै समीक्षात्मक चर्चा भएको पाइएको छैन तर पनि कही कतै यी कथाकारहरुका साहित्यिक व्यक्ति,वका बारेमा विभिन्न टीकाटिप्पणी भएको पाइन्छ । यस पत्रिकामा कथाकारहरु भाष्कर, विश्व शाक्य, रमेश अधिकारी, विष्णुप्रसाद सुवेदी, सरुभक्त, टेकनाथ पोखेल, धर्मराज वास्तोला, विष्णुप्रसाद सापकोटा, रेशमलाल पौडेल, इन्द्रकुमारी 'विकल्प', कृष्ण पौडेल, सरिता तिम्सिना, 'अस्मी', गंगा अधिकारी, शंकरराज सापकोटा 'सुशान्त', तिलकप्रसाद तिम्सिना, नारायणी ढुङ्गाना, दीप 'समीप', लक्ष्मण थापा, सूर्यचन्द्र वस्नेत 'ज्योत्सना' जस्ता कथाकारहरुका कथाहरु प्रकाशित हुँदै आएका छन् । एक दुई कथा र कथाकारका बारेमा समालोचकहरुले चर्चा गरे पनि अन्य कथा र कथाकारहरुका बारेमा कही कतै चर्चा नगरेका केवल केही गरिएका साहित्यिक व्यक्ति,व र कृति,वको चर्चालाई नै पूर्वकार्यको समीक्षाका रुपमा उल्लेख गरिएको छ -

१) विजयकुमारी आचार्य, "कथाकार सरुभक्त र उनका कथाको अध्ययन" स्नातकोत्तर शोध कार्य, पृथ्वीनारायण क्याम्पस २०५१ मा सरुभक्तका कथाकार व्यक्ति,वको र उनका प्रकाशित कथाहरुको विश्लेषण गरेकी छन् ।

२) लक्ष्मीशरण अधिकारी, "साहित्यकार सरुभक्तको जीवनी व्यक्ति,व र कृति,वको अध्ययन" स्नातकोत्तर शोधपत्र, पृथ्वीनारायण क्याम्पस पोखरा २०५१ मा नेपाली कथाका फाँटमा सरुभक्त विज्ञान कथाको भूमिका, विषयवस्तुको नवीनता दृष्टिले

मह,वपूर्ण देखिन्छन् भन्ने कुरा औल्याउँदै सरुभक्तलाई चिनाउने काम गरेका छन् भनी बताएका छन् ।

३) लक्ष्मीशरण अधिकारी, “विज्ञान साहित्यका स्रष्टा र सिर्जना” मधुपर्क (वर्ष २८ अंक ११, चैत्र २०५३) पृष्ठ ८ को आवरण लेखमा कथाकार सरुभक्तलाई विज्ञान साहित्यको उन्नतिमा सचेत रुपले कलम चलाउने साहित्यकार भन्दै विज्ञान र रोमाञ्चको अनौठो संयोजन यिनका कथामा भएका भनी चर्चा गरेका छन् ।

४) दुर्गाप्रसाद न्यौपाने, “साहित्यकार विश्व शाक्य जीवनी, व्यक्ति,वको अध्ययन” स्नातकोत्तर शोधपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा २०५९ मा साहित्यकार विश्व शाक्यको साहित्यिक व्यक्ति,को चर्चा गरेका छन् ।

५) चुडामणि रेग्मी, “पोखरेली प्रतिभा यथार्थ कुरा” वर्ष १ अंक ८ जेष्ठ ५ चन्द्रगढी २०५३ पत्रिकामा विश्व शाक्यको लेखनको सम्बन्धमा सामान्य चर्चा गरेका छन् । रेग्मीले विश्व शाक्यको व्यङ्य लेखन अति राम्रो छ, साथै पोखराको साहित्यिक क्षेत्रमा मात्रै नभएर नेपाली भाषा र साहित्य दुवै क्षेत्रकै उन्नतिका लागि उनले गरेको सहयोग विर्सन नसकिने छ भनी उल्लेख गरेका छन् ।

६) लक्ष्मीशरण अधिकारी, “नेपाली कथाका सन्दर्भमा पोखरा कस्केली आख्यान” विचार गोष्ठीका लागि प्रस्तुत कार्यपत्र पोखरा : २०६१ मा “भाष्करमा धर्मप्रति बडो वितृष्णा रहेको पाइन्छ । यिनले आफ्ना कथामा सामाजिक प्रगतिको मुख्य वाधक र सामाजिक रोगका रुपमा धर्मलाई हेरेका छन् । भाष्करले आफ्ना कथामा स्थूल परिवेशको चित्रण गरेका छन् । उनले मानसिक परिवेशको भन्दा भौगोलिक परिवेशको चित्रणमा रुचि देखाएका छन् । यिनका मध्य र उच्च वर्गीय पात्र दुष्ट, ढोगी, पाखण्डी, आडम्वरी छन् । निम्नवर्गीय पात्र सकारात्मक छन् तर तिनले उचित तालिम र संस्कार पाएका छैनन् । यिनले संवाद त,वको पनि उपयोग गरेका छन् तर कथाकारमा लामो भाषण गर्ने प्रवृति तीव्र हो भनी चर्चा गरेका छन् ।

७) लोकचन्द्र खनाल “कथाकार भाष्करको कथाकारिताको अध्ययन” स्नातकोत्तर शोधपत्र, पृथ्वीनारायण क्याम्पस पोखरा २०६२ मा कथाकार भाष्करका तीनवटा

कथा सङ्ग्रहका अतिरिक्त प्रकाशित केही फूटकर कथाहरुको अध्ययन र विश्लेषण गर्ने कार्य गरिएको छ ।

८) वुद्धि सागर, “नेपाली साहित्यमा ‘कलम’ पत्रिकाको योगदान”, स्नातकोत्तर तह शोधकार्य पृथ्वीनारायण क्याम्पस पोखरा २०५७ मा “एक दर्जनभन्दा बढी कृति प्रकाशित भइसकेका भाष्करका कथामा विषयवस्तुको व्यापकता र विविधता पाइन्छ । हिमाल, पहाड, तराई र विदेशी भूमिमा पुगेर शोषण, अन्याय र अत्याचारको शिकार भएका नेपालीहरुको दुखान्त कथा, व्यथा भाष्करका कथामा पाइन्छ भनी चर्चा गरिएको छ ।

यसरी पोखरा उपत्यका, हेमजा र त्यस आसपासका साहित्य सर्जकहरु र साहित्यनुरागीहरुको सत्प्रयासबाट कला र साहित्यका कोसेलीहरु लिएर आउने पत्रिका ‘हिमशिखर’ मा नव साहित्यिक प्रतिभालाई सिर्जना गर्न प्रेरित गर्ने र स्थापित भइसकेका साहित्यकारहरुलाई सकेसम्म विश्राम गर्न नदिने कार्यमा लागेको छ । यो पत्रिकामा विभिन्न कथाकारहरु आ-आफ्नै प्रवृतिहरु मार्फत साहित्यको फाँटमा देखा परेका छन् ।

## ज्ञाठ शोध-पत्रको औचित्य

‘हिमशिखर’ पत्रिकाले नेपाली साहित्यका कथा, कविता, निबन्ध, नाटक, गीत, मुक्तक, समालोचना, व्यङ्ग्यविनोद जस्ता साहित्य र भाषाका विभिन्न रचनाहरु प्रकाशित गर्दै आएको छ । यस पत्रिकामा प्रकाशित कथाकारहरुका बारेमा विभिन्न समयमा विभिन्न समालोचकहरुले आ-आफ्नै ढङ्गले केही चर्चा गरे तापनि कथाहरुका बारेमा समग्र रुपमा अध्ययन एवम् विश्लेषण गर्ने काम नभएको र त्यस्तो काम प्रथम पटक यस शोधले गर्ने हुँदा यस शोधको औचित्य स्वतः स्थापित भएको छ ।

## ज्ञाड शोधको सीमा

वि.सं. २०५५ अर्थात् प्रकाशन काल (पहिलो अंक) देखि हाल (नवौं अंक) सम्म प्रकाशित कथाहरुमध्ये प्रत्येक अंकबाट एक-एक वटा प्रतिनिधि कथा छनोट गरी उक्त (९ वटा) कथाहरुको कथा त,वका आधारमा अध्ययन गरिएको छ भने अन्य कथाहरुको सामान्य अध्ययन मात्र गर्नु नै यस शोधकार्यको क्षेत्र र सीमा रहेको छ ।

## ज्ञ।ढ सामग्री सङ्कलन र शोध विधि

माथि उल्लेख गरिएको शोध सीमाभित्र रहेर तयार गरिएको प्रस्तुत शोधपत्रलाई विश्वसनीय प्रभावकारी, एवम् सशक्त बनाउन पुस्तकालय विधि साथै अन्तर्वाता (हिसाप्रका परिवार) द्वारा सामग्री संकलन गरिएको छ । शोधपत्र लेखनमा कथाका त,वहरुका आधारमा कथाको अध्ययन गरिएको छ ।

## ज्ञ।ज्ञण शोध-पत्रको रुपरेखा

प्रस्तुत शोधपत्रलाई सुसम्बद्ध र सुसंगठित पार्नका लागि निम्नानुसार परिच्छेदमा व्यवस्थापन गरिएको छ ।

पहिलो परिच्छेद - शोध-पत्रको परिचय

दोस्रो परिच्छेद - हेमजा साहित्य प्रतिष्ठानको परिचय र गतिविधि

तेस्रो परिच्छेद - कथाको सैद्धान्तिक परिचय र नेपाली कथाको विकासक्रम

चौथो परिच्छेद - 'हिमशिखर' पत्रिकाका हालसम्मका अंकमा प्रकाशित कथाहरुको अध्ययन

पाचौं परिच्छेद - उपसंहार

उपर्युक्त परिच्छेदलाई आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकहरुमा विभाजन गरेर यो शोध-पत्र प्रस्तुत गरिएको छ ।

सन्दर्भग्रन्थ सूची

# दोस्रो परिच्छेद

# हेमजा साहित्य प्रतिष्ठानको परिचय र गतिविधि

## 2.1 पृष्ठभूमि

कुनै पनि देश आर्थिक, राजनीतिक, सामाजिक दृष्टिले पूर्ण विकसित भए पनि भाषा र साहित्यको विकास विना त्यो देश विकसित भएको मान्न सकिदैन । साहित्य समाजको दर्पण हो । समाजलाई सचेत तुल्याउँदै सामाजिक परिवर्तनका लागि साहित्यले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । समाजको विकास साहित्यिक विकासका माध्यमबाट नाप्न सकिन्छ । सभ्यता र संस्कृतिको चिनारी पनि साहित्यले दिइरहेको हुन्छ । आज विश्वमा सबभन्दा विकसित प्राणी मानिस हो । जीवन संघर्षका सन्दर्भमा आर्जित भाषा र साहित्यका माध्यमले आज मानव जाति आफूलाई अरु प्राणीभन्दा माथिल्लो तहमा विराजमान शिष्ट र सभ्य सावित गर्न सक्ने भएको छ । भाषा र साहित्य मानव जातिको विकासमा उत्प्रेरक, शिष्टता र सभ्यताको परिचायक तथा मानवीय अस्मिताका संरक्षक हुन भन्ने कुरा स्वतः प्रष्ट हुन आउने तथ्य हो । भाषा, सभ्यता र संस्कृति विहीन जाति तथा साहित्य विहीन राष्ट्र विश्वमा दुर्लभ हुन्छन् । प्रत्येक जातिका आ-आफ्नो भाषा, सभ्यता र संस्कृति तथा प्रत्येक जातिको आ-आफ्ना साहित्य छन् ।

भावाभिव्यक्तिको प्रमुख साधन भाषाको सम्प्राप्तिदेखि नै मानवीय सुखदुःखानुभूति एवं विचार विनिमय गर्न मानिसले घर अंगेनु, आँगन, चौक, चौर, चौवाटो, चौतारी मै वसेर भए पनि प्रारम्भिक अनौपचारिक संघसंस्थाको सुरुवाट भयो । कालान्तरमा जतिजति मानिस सभ्य हुँदै गयो उति उति व्यस्त भई समयको अभावको फलस्वरुप निश्चित तिथिमिति र समयमा उपस्थित भइ सामाजिक स्वभावको परिचय प्रस्तुत गर्न थाल्यो । धार्मिक, सामाजिक, राजनीतिक, साहित्यिक विषयसँग सम्बन्धित छलफल हुन थाले । फलस्वरुप अनेक संघसंस्था खुले ।

पृथ्वीनारायण शाहको दिव्योपदेशबाट भानुभक्तसम्म आइपुग्दा साहित्य लेखनमा प्रखरता आएको देखिन्छ । तर साहित्य कला संस्कृति आदि साङ्गठित रुपमा संरक्षण गर्ने

परम्परा मोतीराम भट्टसँगै आरम्भ भयो । साङ्गठिक रुपमा साहित्य सिर्जना गर्ने पहिलो संस्था 'मोती मण्डली' नै थियो (शर्मा, २०५६, पृ. ४६) । यो एक सामूहिक प्रयास थियो । यस्तै प्रयास र स्वरुपको निरन्तरता र विकासमा अहिले त्यस्ता संस्थागत प्रयासहरु थुप्रै भेटिन्छन् ।

पोखरा उपत्यका भौगोलिक, प्राकृतिक, धार्मिक, भाषिक, शैक्षिक, सांस्कृतिक, सामाजिक तथा राजनीतिक दृष्टिकोणले सम्पन्न छ । यी विविध कुराहरुले साहित्य सिर्जनामा प्रत्यक्ष एवम् अप्रत्यक्ष सहयोग पुऱ्याएको पाइन्छ । जसको फलस्वरुप लेखनाथ पौड्याल, भूपि शेरचन, मुक्तिनाथ शर्मा, मुकुन्दशरण उपाध्याय, जनकविकेशरी, धर्मराज थापा, अलिमिया, हरिदेवी, सरुभक्त जस्ता प्रतिभाशाली स्रष्टाहरुको जन्म भएको छ । यी स्रष्टा मात्र होइनन् यहाँको मनोरम वातावरणले थुप्रै साहित्यिक स्रष्टाहरुको जन्म दिएको छ भने स्वदेशी एवम् विदेशी विभिन्न भूभागबाट आउने व्यक्तिहरुलाई पनि साहित्य सिर्जनामा प्रेरणा मिलेको पाइन्छ । यसरी नै यहाँ रहेका दृश्यहरु अवलोकन गर्दै स्रष्टाहरुले आफ्नो भावना पोख्छन् । यसै पृष्ठभूमिमा पोखरामा थुप्रै साहित्यिक संघसंस्थाहरुको स्थापना भएको छ ।

पोखरेलीहरुको सामूहिक प्रयासबाट संस्थागत रुपमा भए गरेका विभिन्न प्रयासहरुले यसको छुट्टै पहिचान बनाएको छ । औपचारिक रुपमा प्रजातन्त्रोत्तरकालमा जनक्रान्तिका सेवकहरुको अथक प्रयासबाट वि.सं. २००४ सालमा खुलेको 'आदर्श पुस्तकालय' पहिलो साहित्यिक संस्था देखापर्दछ (गौतम, २०४५) । यस अघि साहित्यिक भेटघाट छलफल हुँदै नभएका चाहिं होइनन् । वि.सं. २००४ देखि २०६४ सालसम्म पोखरामा साहित्यिक वातावरण तयार गरी नेपाली साहित्यप्रति सर्वसाधारणको रुचि जगाउने कार्यदेखि लिएर गोष्ठी, अन्तक्रिया प्रतियोगिता, पुरस्कार एवं पत्रपत्रिकाका माध्यमबाट स्थापितलाई सम्मान नवोदितलाई प्रेरणा र प्रोत्साहन दिदै सामूहिक मञ्च प्रदान गर्ने कार्यमा यहाँका संघसंस्थाहरुले महत्वपूर्ण भूमिका खेलेका छन् । यसै सन्दर्भमा पोखरा नगर क्षेत्र एवम् हेमजा र यस आसपासका गा.वि.स. का सिर्जनाहरुलाई बिसाउने चौतारीको आवश्यकता महशुस गरी नेपाली भाषा साहित्य र संस्कृतिको उत्थानमा केही आयाम थप्ने उद्देश्यले स्थापित साहित्यिक संस्था हो 'हेमजा साहित्य प्रतिष्ठान' ।

## १।१ परिचय

हेमजा पश्चिमाञ्चल विकास क्षेत्र गण्डकी अञ्चल कास्की जिल्लाको सदरमुकाम पोखराबाट ५ कि.मि. उत्तरमा रहेको कास्की जिल्लाको ४३ गा.वि.स. मध्ये एक हो । यो कास्की जिल्लाको मध्य भागमा अवस्थित छ । यसको पश्चिममा ढिकुरपोखरी र कास्कीकोट गा.वि.स., दक्षिणमा सराङ्कोट गा.वि.स. र उत्तरमा धिताल गा.वि.स. रहेका छन् । यसको उत्तरतिर मनमोहक माछापुच्छ्रे, धौलागिरी, अन्नपूर्ण जस्ता हिमशृङ्खलाहरु र उत्तर पश्चिमतर्फ दूध झैं सेतो अविरल बगिरहने सेती गण्डकी यसका प्राकृतिक उपहारहरु हुन् । ब्राह्मण, क्षेत्री, गुरुङ, नेवार, मगर आदि जातजाति र भाषाषीको वासस्थान रहेको यस गा.वि.स. का जनताको शिक्षाप्रतिको झुकाव र आवश्यकता अनुसार शुरुमा श्रीग्राम प्रकाश प्राइमरी स्कूल हुँदै गौरीशंकर बहुमुखी क्याम्पससम्म आइपुगेको छ । यहाँ हालसम्म प्रशस्तै निजी तथा सरकारी विद्यालयहरु रहेका छन् । रहनसहन, भेषभूषा, रीतिरिवाज र परम्परागत विविधता रहेको हेमजा विविध साहित्यिक व्यक्तित्वले साहित्यिक रुपमा पनि हेमजा अनुकरणीय नै बनेको छ ।

यसरी भौगोलिक, प्राकृतिक, शैक्षिक, सांस्कृतिक, साहित्यिक विविध क्षेत्रमा स्थापित रहेको हेमजा नेपाली भाषा, साहित्य, कला र संस्कृतिको उत्थानमा थप केही आयाम थप्ने उद्देश्यका साथ कोविदशरणको सक्रियतामा २०५४ सालको हिउँदमा साहित्य संस्था गठन बारे विचार विमर्श भयो । सो भेला पश्चात् जनार्दनशरण त्रिपाठीको अध्यक्षतामा नौ सदस्यीय तदर्थ समिति (२०५४) गठन भयो । सो समितिले २०५५ श्रावण महिनामा विधान निर्माण पश्चात् जिल्ला प्रशासन कार्यालय कास्कीमा हेमजा साहित्य प्रतिष्ठानका नाममा संस्था दर्ता भयो । यसको दर्ता नं. ५३४।०५५ रहेको छ । यस प्रतिष्ठानले आफ्नो जन्मपश्चात् वाचनालय कार्यक्रम (१ वर्ष), दोहोरिगीत, कविता, निबन्ध, भजन, वक्तृत्वकला, हाजिरीजवाफ प्रतियोगिता (विद्यालय स्तरीय) गर्दै आएको छ । 'शुभप्रभात' काव्यमाला प्रत्येक महिनाको दोस्रो शनिवार २०५६ देखि २०६६ श्रावणसम्म जम्मा ७५ औं श्रृङ्खलासम्म सञ्चालन गर्न पुगेको छ । त्यसै गरी अग्रज व्यक्तित्वहरुलाई सम्मान तथा अभिनन्दन गर्न पनि पछि परेको छैन । संस्थामा खासै कर्मचारी र परिश्रमिकको कुनै व्यवस्था नभएको, संस्थाको आफ्नो भवन नभए पनि भाडामा एउटा कोठा लिइएको र सो कोठामा सामग्री संकलन तथा व्यवस्थापनका लागि केही भौतिक सामग्री भने रहेका छन् ।

यसै संस्थाको मुखपत्रका रुपमा प्रकाशित पत्रिका हो 'हिमशिखर' वार्षिक (२०५७) । यो पत्रिका प्रथम अंकदेखि हाल नवौं अंकसम्म नै अटुट रुपमा प्रकाशित भएको छ जस्ले नेपाली साहित्यको योगदानमा थप एउटा इटा थप्ने काम गरेको छ । 'हिमशिखर' को अर्थ नेपाली वृहत् शब्दकोश अनुसार हिउँचुली अर्थात् हिमालका चुचुराहरुका समूह भन्ने बुझिन्छ । यसको नामकरणको सन्दर्भमा लामो समय अध्यक्षता समाल्नुभएका भू.पू. अध्यक्ष कृष्णप्रसाद पौडेल भन्नुहुन्छ; "हिउँ नै हिउँ प्रशस्त शृङ्खलाले सुशोभित देश नेपाल जस्तै साहित्यिक विविध विधाद्वारा पोखरा, हेमजा र यस आसपासका गाउँहरुलाई सुशोभित पार्नका लागि 'हिमशिखर' नामकरण गरेका हौं ।"

पत्रिकामा प्रकाशित हुने रचनाहरु संकलन गर्न प्रतिष्ठानद्वारा सूचना प्रकाशित गरिने र सम्पादक मण्डलद्वारा छानविन गरिने व्यवस्था रहेको छ । यस पत्रिकाको सम्पादनमा शुरुदेखि आजसम्म प्रधान सम्पादकमा श्रीकृष्ण प्रसाद पौडेल रहनु भएको छ भने अन्य सम्पादन समूहमा लक्ष्मीशरण उपाध्याय, माधवराज पौडेल, लीलाधर अधिकारी, टेकनाथ पीडित, कोविदशरण उपाध्याय जस्ता महानुभावहरुको अथक प्रयास रहेको छ । पत्रिका व्यवस्थापन, प्रकाशन, वितरणका सन्दर्भमा छुट्टै कसैको नाम नभए तापनि प्रतिष्ठानका कार्य समिति सम्पादकमण्डल, संरक्षक साथै अन्य शुभचिन्तक सहयोगीहरुको सक्रियताबाट सम्पन्न भइरहेको छ ।

हरेक कार्यको अगाडि अर्थको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यो संस्थाका साथै पत्रिका सञ्चालन व्यवस्थापनमा पनि आर्थिक पक्षको भूमिका अपरिहार्य छ । यसको आर्थिक स्रोतका सन्दर्भमा पटक पटकको आग्रह (अनुरोध) स्वरुप प्राप्त शुभकामना विज्ञापन वापत उपलब्ध रकम नै मुख्य आर्थिक स्रोत रहेको छ भने अन्य स्रोतहरुमा प्रतिष्ठानका आजीवन सदस्यता शुल्क, साधारण सदस्यता शुल्क, नवीकरण शुल्क साथै बेलाबेलामा विभिन्न संघसंस्थाबाट विविध कार्यक्रमका लागि प्राप्त सहयोगद्वारा नै यसको आर्थिक व्यवस्थापन जेनतेन चलेको छ । पत्रिकाको भूमिका र महत्वलाई हृदयङ्गम गरी अर्धवार्षिक रुपमा प्रकाशन गर्ने कि भन्ने सवालमा अर्थकै अभावले सो कार्य सम्भव नभएको कुरा भू.पू. अध्यक्ष पौडेलले जानकारी दिनुभयो । संस्थाले स्थापना गरेको अक्षयकोष पनि यसको आर्थिक पक्ष हो भने वरिष्ठ साहित्यकार एवम् भाषाविद् मुकुन्दशरण उपाध्ययका परिवारद्वारा पूजनीय मातापिताको सम्मानमा साहित्यिक स्मृति पुरस्कारका लागि अक्षय कोष स्थापना भएको छ । यिनै अक्षय कोषबाट प्राप्त व्याज रकम साहित्यिक प्रतियोगितात्मक पुरस्कारमा

खर्चिने व्यवस्था छ । उपाध्यायले सो कोषलाई बढाउँदै लैजाने कुरा समेत प्रतिष्ठानलाई जानकारी दिनुभयो । त्यसै गरी हेमजाका कृति प्रकाशनमा गा.वि.स. ले पनि सहयोग स्वरुप केही रकम उपलब्ध गराएको छ । हाल पनि केही सहयोग दिने निर्णय गरेको छ ।

साहित्यिक प्रतिष्ठान र हिमशिखरका सन्दर्भमा केही विर्सन नहुने व्यक्तित्व र संघसंस्थाहरु छन् भनी भन्नुहुन्छ भू.पू. अध्यक्ष पौडेल । कोविदशरण उपाध्याय जसको सक्रियतामा जनसमूदाय भेला गराई हेमजामा साहित्यिक संस्था स्थापना गर्ने र दर्ता गर्नेसम्मका कार्यहरु भए । टीकाराम वास्तोला जो साहित्यनुरागीहरुलाई थप प्रेरणा र प्रोत्साहन गर्दै नवसाहित्यकारलाई साहित्य सिर्जना तर्फ थप शक्तिका लागि हौसला प्रदान गर्दै आउनुभएको छ । त्यसै गरी जन्मथलो हेमजा रहेका भाग्यको लहरले लहरिदैं काठमाडौं उपत्यका पुगेका भाषाविद मुकुन्दशरण उपाध्याय पनि प्रेरणाका स्रोत नै हुन् । त्यस्तै गरी पत्रिकाको मुखपृष्ठको आवरण कला बनाइ सहयोग गर्ने कवि तथा कलाकार रमेश श्रेष्ठको प्रेरणा र प्रोत्साहन पनि विर्सन नसकिने कुरा बताउनुहुन्छ । टेकनाथ गौतम जो साहित्यिक कार्यक्रमका लागि विदेशी संघसंस्थाबाट गत साल केही आर्थिक सहयोग जुटाउनु भएको थियो । त्यस्तै गरी माउण्टेन ट्रस नेपालका अध्यक्ष गोपाल भुषालको सक्रियतामा संस्थाले विभिन्न २२ जना विद्यार्थीहरुलाई छात्रवृत्ति समेत प्रदान गरेको छ जुन यो पहिलो प्रयास हो । गाउँ विकास समितिबाट निरन्तर रुपमा शुभकामना/विज्ञापन साथै पोखरा इन्जिनियरिङ कलेज, गाउँका विभिन्न मा.वि., उच्च मा.वि. पनि विज्ञापन दिइ सहयोग गरेको जानकारी दिनुभयो । त्यसै गरी पोखरा, हेमजा र हेमजा आसपासका साहित्यकार साहित्यनुरागीहरुले रचना प्रदान गर्ने साथै संस्था अग्रगमनका लागि बेला बेलामा दिइरहने सल्लाह र सुझाव पनि विर्सन नसकिने कुरा बताउनुहुन्छ । यसरी समग्रमा भन्नुपर्दा कार्यसमिति सल्लाहकार, आजीवन सदस्य, साधारण सदस्य लगायत पोखरा हेमजा आसपासका गा.वि.स. हरु साहित्यनुरागी शुभेच्छुक पनि प्रतिष्ठानको उत्थानका सहकर्मी हुन् भन्नुहुन्छ ।

अतः 'हेमजा साहित्य प्रतिष्ठान' र हिमशिखर साहित्यिक पत्रिका पोखरा हेमजा र यस आसपासका साहित्यनुरागी व्यक्तिहरुको प्रयासबाट स्थापित र संचालित छ त्यसले स्थापित साहित्यकारहरुलाई साहित्यमा निरन्तरता दिइरहन घचघच्याउने देखि लिएर नवप्रतिभाहरुलाई आफ्ना गुम्फित प्रतिभाहरु प्रस्फुटन गर्न उचित वातावरण तयार पारिदिएको छ । जसले हेमजालाई साहित्यको क्षेत्रमा राष्ट्रिय रुपमा चिनाउने र नव

साहित्यिक स्रष्टाहरुलाई जन्माउने कार्यमा ठूलो भूमिका खेलिरहेको छ । साथै समग्र नेपाली साहित्यको क्षेत्रमा थप एउटा इँटा थप्ने जमर्को गरेको छ ।

यसरी हेमजा भौगोलिक, प्राकृतिक, धार्मिक, भाषिक, शैक्षिक, सांस्कृतिक, सामाजिक तथा राजनीतिक दृष्टिकोणले सम्पन्न छ । यी विविध पक्षले साहित्य सृजनामा प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याएको पाइन्छ जसको फलस्वरुप साहित्यिक संस्था स्थापना भएको छ । पोखरा आसपासमा रहेका विविध साहित्यिक संस्थामध्ये यो पनि हालसम्म साहित्यिक गतिविधिलाई निरन्तर अगाडि बढाउँदै आएको र निरन्तर क्रियाशील संस्था हो ।

## १।३ हेमजा साहित्य प्रतिष्ठानका उद्देश्यहरु

हेमजा साहित्य प्रतिष्ठान स्थापनादेखि नै नेपाली भाषा साहित्य र संस्कृतिको जगेर्ना र उत्थानमा लागेको स्थानीय रुपमा संगठित पहिलो संस्था हो । यस संस्थाले आफ्नो गहन भूमिकालाई मनन गरी नेपाली साहित्यको श्रीवृद्धिमा केही गर्न कटिवद्ध रहेको छ । यसै अनुरुप नेपाली भाषा साहित्य, संस्कृतिको विकासमा विभिन्न क्रियाकलापका माध्यमबाट टेवा पुऱ्याउँदै आएको छ । साहित्यिक क्षेत्रसँग आवद्ध संस्थाहरुको इतिहासलाई सिंहावलोकन गर्दा गण्डकी अञ्चल भरीका वाङ्मयिक संस्थारु मध्ये यो संस्था पनि एक क्रियाशील संस्थाका रुपमा परिचित संस्था हो । पोखरा नगर क्षेत्र एवम् हेमजा र यस आसपासका गा.वि.स. का सिर्जनाहरुलाई विसाउने चौतारी साथै नेपाली भाषा, साहित्य र संस्कृतिको उत्थानमा एक इँटा थप्ने यस प्रतिष्ठानका केही स्थापनागत उद्देश्यहरु रहेका छन् । जुन निम्नानुसार छन् -

- नेपाली भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण र सम्वर्द्धन गरी सिर्जनाको क्षेत्रमा स्थानीय स्तरबाट साङ्गठित रुपले योगदान पुऱ्याउनु,
- स्थानीय प्रतिभाहरुलाई भाषा, कला, साहित्य र संस्कृतको क्षेत्रमा समर्पित हुन प्रोत्साहन साथै कृति प्रकाशन गर्नु र नवसाहित्यिक प्रतिभाहरुलाई साहित्य सिर्जनामा प्रेरित गर्नु ।
- गोष्ठी, सभा, सम्मेलनको आयोजना, कविता, निवन्ध, भजन, चुड्का जस्ता प्रतियोगितात्मक कार्यक्रम आयोजना साथै अन्य सिर्जनात्मक कुराहरुको प्रदर्शन गरी सर्वसाधारण जनतामा साहित्य कला संस्कृतिको महत्ववोध गराउँनु,

– साहित्यका विविध विधाहरुलाई महत्व दिदै साहित्यिक पत्रपत्रिका प्रकाशन गर्नु,
– समाज सेवासँग सम्बन्धित विभिन्न कार्य¬महरु सञ्चालन गर्नुका साथै अग्रज साहित्यकार, कलाकारहरुप्रति सम्मान गर्नु,
– साधारण सभाद्वारा निर्धारित एवम् स्वीकृत कार्य¬मलाई कार्यान्वयन गर्नु ।

यसरी हेमजा साहित्य प्रतिष्ठानको आफ्नो स्थापनाकालदेखि भाषा साहित्य कला र संस्कृतिको क्षेत्रमा विविध उद्देश्य राखेर स्थानीय रुपमा सङ्गठित एक सक्रिय साहित्यिक संस्थाको भूमिका गर्दै आएको छ । यस प्रतिष्ठानले आफ्नो गहन भूमिकालाई हृदयङ्गम गरी सम्पूर्ण कास्की जिल्ला र गण्डकी क्षेत्रकै वाङ्मयिक विकासका ¬ियाकलापहरुमा मह,वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

## ३।४ हेमजा साहित्य प्रतिष्ठानका गतिविधि

मानव मनका अनुभूतिहरु कलात्मक रुपमा अभिव्यक्त हुँदा साहित्य सिर्जन हुन्छ । सिर्जनाकर्मी साहित्यकार एवम् साहित्यनुरागीको 'साहित्यको उन्नयनका लागि केही गरौं भन्ने उद्देश्यबाट साहित्यिक संस्था स्थापित हुन्छन् । 'हेमजा साहित्य प्रतिष्ठान' त्यस्तै उद्देश्यबाट करिव ११ वर्ष अगाडिदेखि हेमजाका साहित्यकार, साहित्यनुरागी, वुद्धिजीवी, समाजसेवीहरुको सत्प्रयासबाट स्थापित स्थानीय साहित्यिक संस्था हो । यस प्रतिष्ठानले आफ्नो स्थापनाकालदेखि हालसम्म विभिन्न प्रतियोगितात्मक कार्यक्रम, गोष्ठी, सम्मेलन, अभिनन्दन तथा सम्मान, कृति प्रकाशन आदि कार्य गर्दै आएको छ । जसको विवरण निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

| क.सं. | मिति | सञ्चालन भएको कार्यक्रम |
|---|---|---|
| १. | २०५५ मार्ग पहिलो शनिवार | कवितावाचन |
| २. | २०५५ पौष पहिलो शनिवार | कवितावाचन |
| ३. | २०५५ माघ | कवितावाचन |
| ४. | २०५५ फागुन | कवितावाचन |
| ५. | २०५५ चैत्र | विविध |

| क्र.सं. | मिति | सञ्चालन भएको कार्यक्रम |
|---|---|---|
| ६. | २०५६ वैशाख | विविध |
| ७. | २०५६ जेष्ठ | विविध |
| ८. | २०५६ श्रावण | विविध |
| ९. | २०५६ भाद्र | विविध |
| १०. | २०५६ आश्विन | लघुकथा |
| ११. | २०५६ कार्तिक | मुक्तक |
| १२. | २०५६ मार्ग | कविता |
| १३. | २०५६ पौष | कविता |
| १४. | २०५६ माघ | कविता |
| १५. | २०५६ फागुन | वक्तृत्वकला |
| १६. | २०५६ चैत्र | कविता |
| १. | २०५७ पुष २७ | दोहोरी गीत प्रतियोगिता |
| २. | २०५७ माघ २० | वक्तृत्वकला प्रतियोगिता |
| ३. | २०५७ चैत्र १० | वक्तृत्वकला प्रतियोगिता |
| ४. | २०५७ चैत्र १७ | निबन्ध प्रतियोगिता |
| ५. | २०५७ चैत्र ३१ | कविता प्रतियोगिता |
| ६. | २०५८ वैशाख १४ | लोकगीत प्रतियोगिता |
| ७. | २०५८ वैशाख २४ | कविता प्रतियोगिता का.जि.क्षिकशिक्षिका वीच |
| ८. | २०५८ जेष्ठ ५ | वादविवाद प्रतियोगिता |
| ९. | २०५८ जेष्ठ ११ | कविता प्रतियोगिता |
| १०. | २०५८ आषाढ २९ | कविता प्रतियोगिता |
| ११. | २०५८ भाद्र ३ | कविता प्रतियोगिता |
| १२. | २०५८ आश्विन १२ | भजन प्रतियोगिता |

| क.सं. | मिति | सञ्चालन भएको कार्यक्रम |
|---|---|---|
| १३. | २०५८ कार्तिक ६ | हिमशिखरको दोस्रो अंक विमोचन |
| १४. | २०५८ कार्तिक २९ | कविता वाचन |
| १५. | २०५८ पौष ७ गते | निवन्ध प्रतियोगिता (विद्यालयस्तरीय) |
| १६. | २०५८ पौष १३ | कविता प्रतियोगिता (विद्यालयस्तरीय) |
| १७. | २०५८ माघ १२ गते | वादविवाद प्रतियोगिता (विद्यालयस्तरीय) |
| १८. | २०५८ माघ १७ गते | छन्दोवद्ध कविता वाचन प्रतियोगिता |
| १९. | २०५८ फागुन १० गते | वक्तृत्वकला प्रतियोगिता |
| २०. | २०५९ वैशाख १ | खुला दोहोरी गीत प्रतियोगिता |
| २१. | २०५९ वैशाख १२ | खुला कविता प्रतियोगिता |
| २२. | २०५९ भाद्र २१ | कविता वाचन कार्य¬म |
| २३. | २०५९ कार्तिक १८ | हिमशिखर पत्रिकाको तेस्रो अंक विमोचन |
| २४. | २०५९ पौष | छन्दप्रशिक्षण |
| २५. | २०५९ फागुन | प्रजातन्त्र दिवसको उपलक्ष्यमा विद्यालयस्तरीय निवन्ध प्रतियोगिता |
| २६. | २०६० वैशाख | बुद्धजयन्तीको उपलक्ष्यमा कविता प्रतियोगिता |
| २७. | २०६० आषाढ | भानु कविता वाचन |
| २८. | २०६० भाद्र | मोती कवितावाचन |
| २९. | २०६० कार्तिक | लक्ष्मी जयन्ती रचना वाचन हिमशिखर विमोचन |
| ३० | २०६० पौष २७ | निबन्ध प्रतियोगिता (विद्यालयस्तरीय) |
| ३१. | २०६० माघ १७ | खुला दोहोरी गीत प्रतियोगिता (जनकवि केशरी र धर्मराज थापाज्यूको अभिनन्दन) |
| ३२. | २०६१ वैशाख २२ | खुला कविता प्रतियोगिता (बुद्धजयन्तीको उपलक्ष्य) |
| ३३. | २०६१ असार २९ | कवि गोष्ठी भानुजयन्ती |
| ३४. | २०६० भाद्र १९ | कवि गोष्ठी (पो.यु.सा.स. र ट्रान्सपेरन्सी इ. नेपालको सह- |

| क्र.सं. | मिति | सञ्चालन भएको कार्यक्रम |
|---|---|---|
| | | आयोजनामा संचालित प्रतिष्ठानको सक्रियतामा |
| ३५. | २०६१ भाद्र २९ | कवि गोष्ठी (मोती जयन्ती) |
| ३६. | २०६१ कार्तिक २८ | हिमशिखर छैठौं अंक विमोचन |
| ३७. | २०६१ पौष २३ र २४ | छन्द प्रशिक्षण कार्यक्रम |
| ३८. | २०६१ फागुन ११ | विद्यालयस्तरीय निबन्ध प्रतियोगिता (शिक्षा दिवसका उपलक्ष्यमा) |
| ३९. | २०६१ चैत्र २० | 'भूपरिवेष्टित खुट्टाहरु' कविता संग्रह विमोचन, निस्प्रभ सजी (माघवराज पौडेल) द्वारा रचित |
| ४०. | २०६२ जेष्ठ २१ | वरिष्ट कवि एवं भाषाविद् मुकुन्दशरण उपाध्यायप्रति अभिनन्दन एवं हेमजाका कविताहरु कविता संग्रह लोकापर्ण तथा खुल्ला कविता प्रतियोगिता |
| ४१. | २०६२ असार २९ | कवि गोष्ठी (भानु जयन्तीको उपलक्ष्य) |
| ४२. | २०६२ भाद्र १८ | कवित गोष्ठी (मोती जयन्तीको उपलक्ष्य) |
| ४३. | २०६२ कार्तिक २७ | हिमशिखर सातौं अंक लोकापर्ण (महाकवि लक्ष्मी जयन्तीको उपलक्ष्यमा) |
| ४४. | २०६५ पौष | छन्दप्रशिक्षण कार्यक्रम |
| ४५. | २०६३ फागुन | माध्यमिक विद्यालयस्तरीय निबन्ध प्रतियोगिता |
| ४६. | २०६३ फागुन | लोकगायिका हरिदेवी कोइरालाको अभिनन्दन तथा खुल्ला दोहोरी गीत प्रतियोगिता |
| ४७. | २०६४ जेष्ठ | वक्तृत्वकला प्रतियोगिता (मा.वि. स्तरीय) (वुद्धजयन्तीको उपलक्ष्यमा) |
| ४८. | २०६४ भाद्र | कवि गोष्ठी (मोती जयन्तीको उपलक्ष्यमा) |
| ४९. | २०६४ भाद्र | साहित्यिक हाजिरीजवाफ प्रतियोगिता (मा.वि. स्तरीय) |
| ५०. | २०६४ आश्विन | 'मनको शब्दमाला' कविता संग्रह लोकापर्ण (नव कवियत्री देवी त्रिपाठीद्वारा रचित) |
| ५१. | २०६४ कार्तिक | नेपालश्री महाकाव्य साथै हिमशिखर पत्रिका विमोचन |
| ५२. | २०६४ फागुन | निबन्ध प्रतियोगिता |

| क्र.सं. | मिति | सञ्चालन भएको कार्यक्रम |
|---|---|---|
| ५३. | २०६५ जेष्ठ ७ | निवन्ध प्रतियोगिता<br>(विद्यालयस्तरीय) बुद्धजयन्तीको उपलक्ष्यमा |
| ५४. | २०६५ असार २९ | कवि गोष्ठी (भानु जयन्तीको उपलक्ष्यमा) |
| ५५. | २०६५ कार्तिक ११ | 'कविताञ्जलि' कविता संग्रह विमोचन लक्ष्मीशरण उपाध्ययद्वारा रचित तथा नवौं अंक सार्वजनिक |
| ५६. | २०६५ माघ १९ | माउण्टेन ट्रष्ट नेपाल र हेमजा साहित्य प्रतिष्ठानद्वारा संयुक्त रुपमा सञ्चालित छात्रवृत्ति कार्यक्रम अर्न्तगत गरिव विद्यार्थीहरुलाई छात्रवृति हस्तान्तरण कार्य¬म |
| ५७. | २०६५ माघ १६ | लोकगीत प्रतियोगिता |
| ५८. | २०६५ माघ २३ | कास्की जिल्लाव्यापी उच्च मा.वि. स्तरीय कविता प्रतियोगिता |
| ५९. | २०६६ वैशाख | खुला कविता प्रतियोगिता<br>(वुद्धजयन्तीको उपलक्ष्यमा) |
| ६०. | २०६६ जेठ २३ | माउन्टेन ट्रष्टसँगका सहकार्यमा अपाङ्ग विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण |

यस प्रतिष्ठानले साहित्य कला सङ्गीतको क्षेत्रको विकासमा सहयोग पुग्ने थुप्रै कार्यक्रम सञ्चालन गर्दै आएको छ । प्रतिष्ठानद्वारा समय समयमा मनाइएका साहित्यिक पर्वहरु विशेष दिनमा गरिएका साहित्य सम्बन्धी कार्यक्रमहरुबाट थुप्रै नवोदित स्रष्टाहरुले आफूलाई परिस्कृत र परिमार्जन गर्दै अगाडि बढ्ने अवसर पाए । साहित्य कला : सङ्गीतको उत्थानमा केही आयाम थप्ने र स्थानीय स्तरमा साहित्यप्रति अभिरुचि जगाउने स्थानीय रुपमा नवप्रतिभाहरुलाई साहित्यतर गतिविधिमा निरन्तर लाग्न प्रेरणा जगाउने आदि उद्देश्यका साथ स्थापना भएको यस प्रतिष्ठानले 'प्रतिभा संगम' मासिक (घुम्ति) कार्यक्रम केही समयसम्म मात्र सीमित हुन सक्यो भने 'शुभ प्रभात काव्यमाला' मासिक (प्रत्येक महिनाको दोस्रो शनिवार विहान) कार्यक्रम २०५६ देखि २०६६ श्रावणसम्म ७५ औं श्रृङ्खलासम्म निरन्तरता पाइरहेको छ । बुद्ध, भानु, मोती, लक्ष्मी जयन्ती जस्ता साहित्यिक पर्वले पनि निरन्तरता पाएकै छ । लोककवि अलिमिया, जनकविकेशरी धर्मराज थापा, प्राज्ञ मुकुन्दशरण उपाध्याय, लोकगायिका हरिदेवी कोइरालालाई प्रतिष्ठानले सम्मानित गरेको छ । खुला दोहोरी गीत, लोकगीत, कविता भजन प्रतियोगिता सञ्चालन गरेको छ भने विद्यालयस्तरीय वक्तृत्वकला, कविता, निबन्ध, साहित्यिक हाजिरीजवाफ जस्ता प्रतियोगिता

सञ्चालन पनि गरेको छ । हेमजाका विभिन्न कविहरुका कविताहरुको संकलन २०६२, 'हेमजाका कविताहरु' निष्प्रभ सजीको 'भूपरिवेष्ठित खुट्टाहरु', देवी त्रिपाठीको 'मनका शब्दमाला', लक्ष्मी उपाध्यायको 'कविताञ्जली' गरी जम्मा ४ वटा कविता संग्रह प्रकाशन पनि गरेको छ ।

## ३।५ हेसाप्रका स्थापना कालदेखि हालसम्मका कार्यसमिति र सल्लाहकारहरु

नेपाली भाषा, साहित्य, कला र संस्कृतिको उत्थानमा इटा थपी हेमजालाई साहित्यिक रुपले राष्ट्रिय स्तरमा अगाडि बढाउनका लागि स्थानीय जनसमुदाय, साहित्यनुरागीहरुको भेला पश्चात् २०५४ मा तदर्थ समिति गठन देखि २०६५।६७ सम्मका कार्यसमिति र सल्लाहकारका नामावली निम्नानुसार छन् ।

**तदर्थ समिति** (**२०५४ देखि २०५५।६।३ सम्म**)

अध्यक्ष : जनार्दनशरण त्रिपाठी

सचिव : कोविदशरण उपाध्याय

सदस्य : कुलप्रसाद दाहाल

सदस्य : कृष्ण उदासी

सदस्य : धर्मराज वास्तोला

सदस्य : माधवशरण वास्तोला

सदस्य : रामनाथ ओझा

सदस्य : शोभाकर तिम्सिना

सदस्य : शोभाकर तिम्सिना

**कार्यसमिति** (**२०५५।६ देखि २०५५।११।१३ सम्म**)

अध्यक्ष : कृष्ण उदासी

उपाध्यक्ष : कृष्णप्रसाद पौडेल

सचिव : ईश्वरीप्रसाद वास्तोला

कोषाध्यक्ष : कोविदशरण उपाध्याय

सदस्य : गमबहादुर कुँवर

सदस्य : दामोदर त्रिपाठी

सदस्य : रामनाथ ओझा

सदस्य : रेशमलाल पौडेल

सदस्य : लक्ष्मीशरण उपाध्याय

सदस्य : विश्वराज वास्तोला

सदस्य : शोभाकर तिम्सिना

## वि.सं. २०५५।११।१३ देखि २०५७।८।१७ सम्म

### कार्यसमिति

का.वा. अध्यक्ष : कृष्णप्रसाद पौडेल

सचिव : कोविदशरण उपाध्याय

कोषाध्यक्ष : कुलप्रसाद दाहाल

सदस्य : गमबहादुर कुँवर

सदस्य : रामनाथ ओझा

सदस्य : रेशमलाल पौडेल

सदस्य : लक्ष्मीशरण उपाध्याय

सदस्य : विश्वराज वास्तोला

सदस्य : शोभाकर तिम्सिना

### सल्लाहकार सदस्य

मुकुन्दशरण उपाध्याय

टीकाराम वास्तोला

धर्मराज त्रिपाठी

जनार्दनशरण त्रिपाठी

वासुदेव त्रिपाठी

(अध्यक्ष कृष्ण उदासीले २०५५।११।१३ मा राजिनामा दिनुभई उपाध्यक्षले कार्यभार सम्हाल्नुभएको)

## वि.सं. २०५७।८।१७ देखि २०६०।६।१७ सम्म

**कार्यसमिति**

| | | |
|---|---|---|
| अध्यक्ष | : | कृष्णप्रसाद पौडेल |
| उपाध्यक्ष | : | लक्ष्मीशरण उपाध्याय |
| सचिव | : | माधवराज पौडेल |
| कोषाध्यक्ष | : | कोविदशरण उपाध्याय |
| सदस्य | : | शोभाकर तिम्सिना |
| सदस्य | : | लीलाधर अधिकारी |
| सदस्य | : | रेशमलाल पौडेल |
| सदस्य | : | भानुभक्त शर्मा |
| सदस्य | : | ईश्वरीप्रसाद वास्तोला |
| सदस्य | : | सिद्धिबहादुर कुँवर |
| सदस्य | : | कृष्णबहादुर थापा |

**सल्लाहकार सदस्य**

मुकुन्दशरण उपाध्याय

टीकाराम वास्तोला

धर्मराज वास्तोला

जनार्दनशरण त्रिपाठी

रामचन्द्र त्रिपाठी

वासुदेव त्रिपाठी

## वि.सं. २०६० देखि २०६२ सम्म

**कार्यसमिति**

| | | |
|---|---|---|
| अध्यक्ष | : | कृष्णप्रसाद पौडेल |
| उपाध्यक्ष | : | लक्ष्मीशरण उपाध्याय |
| सचिव | : | माधवशरण पौडेल |
| सहसचिव | : | लीलाधर अधिकारी |
| कोषाध्यक्ष | : | शोभाकर तिम्सिना |
| सदस्य | : | आरती अधिकारी |

सदस्य : टेकनाथ पीडित

सदस्य : भानुभक्त शर्मा

सदस्य : मन के.सी.

सदस्य : मीनबहादुर पराजुली

सदस्य : लीलबहादुर नायक

**सल्लाहकार सदस्य**

मुकुन्दशरण उपाध्याय

जनार्दनशरण त्रिपाठी

टीकाराम वास्तोला

रामचन्द्र त्रिपाठी

धर्मराज वास्तोला

वासुदेव त्रिपाठी

## वि.सं.२०६२ देखि २०६४ सम्म

### कार्यसमिति

अध्यक्ष : कृष्णप्रसाद पौडेल

उपाध्यक्ष : लक्ष्मीशरण उपाध्याय

सचिव : कोविदशरण उपाध्याय

सहसचिव : लीलाधर अधिकारी

कोषाध्यक्ष : शोभाकर तिम्सिना

सदस्य : आरती अधिकारी

सदस्य : झवराज अधिकारी

सदस्य : टेकनाथ पीडित

सदस्य : मीनबहादुर पराजुली

सदस्य : लालबहादुर गायक

सदस्य : सूर्यराज त्रिपाठी

**सल्लाहकार सदस्य**

धर्मराज वास्तोला

माधवराज वास्तोला

मुकुन्दशरण उपाध्याय

जनार्दनशरण त्रिपाठी

टीकाराम वास्तोला

रामचन्द्र त्रिपाठी

## वि.सं. २०६५ देखि २०६७

### कार्यसमिति

| | | |
|---|---|---|
| अध्यक्ष | : | शोभाखर तिम्सिना |
| उपाध्यक्ष | : | माधवराज वास्तोला |
| सचिव | : | यज्ञराज पौडेल |
| सहसचिव | : | सरिता तिम्सिना |
| कोषाध्यक्ष | : | लीलाधर अधिकारी |
| सदस्य | : | झवराज अधिकारी |
| सदस्य | : | टेकनाथ |
| सदस्य | : | विनोद नेपाली |
| सदस्य | : | भीमराज भण्डारी |
| सदस्य | : | लालबहादुर गायक |
| सदस्य | : | अनिल थापा |
| सदस्य | : | देवी त्रिपाठी |
| सदस्य | : | प्रकाशचन्द्र सापकोटा |
| सदस्य | : | शिवकुमार सुवेदी |
| सदस्य | : | जीवन थापा |

### सल्लाहकार सदस्य

कृष्णप्रसाद पौडेल

कृष्ण उदासी

मुकुन्दशरण उपाध्याय

जनार्दनशरण त्रिपाठी

टीकाराम वास्तोला

रामचन्द्र त्रिपाठी

धर्मराज वास्तोला

वि.सं. २०५४ सालको तदर्थ समितिदेखि हेमजा साहित्य प्रतिष्ठानको वि.स. २०६५ सालसम्म ७ (सात) कार्यसमिति गठन भइसकेका छन् । हेसाप्रले कला, साहित्य, संस्कृति र सङ्गीत तथा प्राध्यापन, समाजसेवी, विविध क्षेत्रमा आवद्ध भएका व्यक्तिहरुको सामित्यता पाएको छ । जसले गर्दा परिवार (संस्था) क्रियाशील भई अगाडि बढ्ने अवसर पायो । साथै हिसाप्रले समयअनुकूल परिस्कृत र परिमार्जित हुँदै अगाडि बढ्यो । यो परिवार (प्रतिष्ठान) हाल एक क्रियाशील संस्थाका रुपमा रहेको छ ।

# १।६ निष्कर्ष

वि.सं. २००४ सालमा खुलेको “आदर्श पुस्तकालय” देखि २०६४ सालसम्म पोखरामा साहित्यिक वातावरण तयार भइरहेका छन् । नेपाली साहित्यप्रति सर्वसाधारणको रुचि जगाउने कार्यदेखि साहित्यिक सभा, सम्मेलन, गोष्ठी, प्रतियोगितात्मक कार्यक्रम, साहित्यिक पत्रपत्रिका प्रकाशन जस्ता विभिन्न कार्यहरुमा विभिन्न संघसंस्थाले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । यसै सन्दर्भमा आफैमा साहित्य, संगीत र कलाको पृष्ठ बोकेको प्राज्ञ मुकुन्दशरण उपाध्याय जस्ता स्रष्टा जन्माएर आफ्नो गरिमा बढाइसकेको हेमजामा वि.सं. २०५४ सालको हिउदमा भेला भई विचार विमर्ष पछि स्थापना भएको संस्था हो ‘हेमजा साहित्य प्रतिष्ठान’ (२०५५) ।

यो एक साहित्यिक संस्था भए पनि समाज विकासका कार्यक्रमहरुमा समर्पित बन्नु यसको गौरव हो । यस प्रतिष्ठानले आफ्नो आरम्भदेखि स्थानीय प्रतिभाहरुलाई साहित्य सिर्जनातर्फ उन्मुख गराउने तथा केही समय विश्राम लिएका साहित्यकारहरुलाई सिर्जनात्मक कार्यमा घचघच्याउने कार्य गरिरहेकै पाइन्छ । हेमजा र यस आसपासमा साहित्यिक वातावरण बनाउनका लागि यस प्रतिष्ठानले केही समय प्रतिभा संगम मासिक घुम्ती कार्यक्रम (महिनाको पहिलो शनिवार) सञ्चालन गरेको थियो । जुन कार्यक्रममा साहित्यकार जम्मा गरी रचना वाचन गरिन्थ्यो । सो ‘प्रतिभासंगम’ कार्यक्रम केही श्रृङ्खलमा मात्र सीमित रहन पुग्यो तर पछि फेरि २०५६ सालदेखि शुभप्रभात काव्यमाला (मासिक

दोस्रो शनिवार) कार्यक्रम सञ्चालन गर्न थाल्यो । जुन कार्यक्रममा स्रष्टाका कविता/गीत/गजल वाचन गर्ने गरिन्छ । उक्त कार्यक्रमहरुमा पोखराका केही साहित्यकारहरु तथा साहित्यनुरागीहरु सरुभक्त, सूर्यप्रसाद विखर्ची, रविलाल अधिकारी, कुलप्रसाद खनाल, भवानी पाण्डे, वसन्त विनोद, गोपाल भूषाल आदिको निरन्तरता रहेको छ । उक्त 'शुभप्रभात काव्यमाला' कार्यक्रम हाल २०६६ श्रावणसम्म ७५ औं श्रृङ्खलासम्म पुगकको छ । यी मासिक कार्यक्रमहरुले स्रष्टाहरुलाई एकै ठाउँमा वेलावेलामा भेटघाट हुने, साहित्यिक गतिविधि बारे छलफल गर्ने, उक्त क्षेत्रमा देखिएका कमीकमजोरीहरु हटाइ अगाडि बढेर साहित्य सिर्जना गर्ने, साथै नवसाहित्यकार तथा साहित्यप्रेमीहरुमा साहित्यप्रति रुचि जगाउन प्रेरणा प्रदान गर्न समेत यस प्रतिष्ठानले सहयोग पुऱ्याएको छ ।

यस प्रतिष्ठानले आफ्ना साहित्यिक कार्यक्रमहरु सम्पूर्ण माझ पुऱ्याउन साथै नवसाहित्यकारहरुलाई सिर्जनामा थप प्रेरणा प्रदान गर्न 'हिमशिखर' (२०५७) साहित्यिक पत्रिका प्रकाशन गऱ्यो । यो पत्रिका हिन्दूहरुको महान् चाड विजयादशमी तथा शुभ-दीपावलीको पावन अवसरमा प्रकाशित हुने गर्दछ । यस प्रतिष्ठानले पहिलो अंक (२०५७) देखि नवौं अंक (२०६५) सम्म नै पत्रिका क्रियाशील गराउन सफल बनेको छ । यस पत्रिकाले प्रकाशित विविध विधाहरु कविता, कथा, एकांकी, गीत, गजल, मुक्तक, समालोचना साथै लोकसाहित्य, वर्णविन्यास, छन्द प्रशिक्षण आदि साथसाथै शुभकामना, सम्पादकीय, अध्यक्ष लगायत सचिवका मन्तव्यहरुले यसमा उल्लेख गरिएका प्रतिष्ठानका क्रियाशील कथा आजीवन सदस्यहरु प्रकाशक, मुद्रकको नामावली आदिले प्रतिष्ठानलाई साथै पत्रिकालाई पनि उजिल्याउने काम गरेको पाइन्छ ।

यस प्रतिष्ठानले पोखरामा स्थापना भएका साहित्यिक तथा संघसंस्थाहरुलाई समेटेर साहित्यिक तथा अन्य कार्यहरु अगाडि बढाउँदै आएको छ । संघसंस्थासँग समन्वय राख्दै अगाडि बढ्दा समाज र साहित्यको विकासमा महत्वपूर्ण सहयोग पुगेको छ । प्रतिष्ठानले स्रष्टाहरुलाई बेलाबेलामा अभिनन्दन तथा सम्मान गरेको छ। जस्ले सिर्जना कार्यमा लाग्न थप बल पुग्नुका साथै यस क्षेत्रप्रति रुचि देखाउनेहरुलाई पनि लेखन कार्यमा प्रेरित गर्दै आएको छ । वुद्धजयन्ती, भानुजयन्ती, मोतीजयन्ती, लक्ष्मीजयन्ती जस्ता साहित्यिक पूर्वहरुमा गर्दै सञ्चालित कार्य¬मले साहित्यको महत्व साथै यसको संरक्षण सम्वर्द्धन तथा विकासको महत्वलाई झल्काएको छ ।

पत्रिकामा भएका विविध विधाहरु मध्ये कविता विधाले बढी लोकप्रियता पाएको देखिन्छ । प्रतिष्ठानले विभिन्न समयमा गरेका सभा, सम्मेलन, गोष्ठी, प्रतियोगितात्मक कार्यक्रम, छन्द प्रशिक्षण जस्ता कार्यक्रमहरुका माध्यमबाट कविता विधामा उल्लेखनीय योगदान पुगेको छ भने कमी कमजोरीहरुलाई निरुपण गर्दै अगाडि बढ्न महत्वपूर्ण सहयोग मिलेको छ । प्रतिष्ठानले गरेका विभिन्न साहित्यिक गतिविधिहरुको सिहावलोकन गर्दा मुख्य रुपमा कविता विधाको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । प्रतिष्ठानले कविता विधाको विकासको अनुपातमा साहित्यका अन्य विधाहरुको विकासका लागि आफूलाई क्रियाशील रुपमा उभ्याउनु यस प्रतिष्ठानको टड्कारो आवश्यकता देखिन्छ ।

प्रतिष्ठानले स्रष्टाहरुलाई साहित्य सिर्जनमा सहयोग पुगोस् स्रष्टाका भावना पुस्तकाकारका रुपमा संरचित होउन् भन्ने ध्येयका साथ 'हेमजाका कविता', 'भूपरिवेष्टित खुट्टाहरु', 'मनका शब्दमाला', 'कविताञ्जली' जस्ता कविता संग्रह प्रकाशन तथा विमोचन गर्दै आएको छ । जस्ले साहित्यको श्रीवृद्धिमा प्रेरणा र सहयोग पुऱ्याएको छ । पाठकले स्रष्टालाई पढ्ने र स्रष्टालाई नजिकबाट नियाल्ने अवसर पनि पाएका छन् । प्रतिष्ठानसँग आवद्ध रहेका व्यक्तिहरु राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा समेत चर्चित भइसकेका छन् भने रचना प्रस्तुत गर्ने अन्य व्यक्तिहरु साहित्यकार बन्ने, साथै विभिन्न विधामा स्थापित पनि भएका छन् ।

हेमजा साहित्य प्रतिष्ठान आफ्ना यिनै प्राप्ति र अप्राप्तिका वीच पनि हाल (२०६६) सम्म क्रियाशील रहेको छ । आफ्ना विभिन्न साहित्यिक गतिविधिहरुका माध्यमबाट हेसाप्र नेपाली वाङ्मयको विकासका क्षेत्रमा योगदान पुऱ्याउने संस्थाहरुका माझ सफल भएको छ । यसरी स्थानीय स्तरमा गठित भएको यस संस्थाले सिङ्गै नेपाली वाङ्मयको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको छ भन्न सकिन्छ । हेसाप्रले आगामी दिनहरुमा संख्यात्मक भन्दा गुणात्मक कार्यक्रमहरु गर्दै, भाषिक तथा व्याकरणिक समस्याहरुको समाधानका लागि विभिन्न कार्यक्रम गर्दै आफ्ना भए गरेका कमीकमजोरी हटाइ अझ सशक्त रुपमा साहित्यिक गतिविधि मार्फत क्रियाशील भई अगाडि बढेको खण्डमा नेपाली वाङ्मयकै विकासमा अविस्मरणीय र ऐतिहासिक योगदान पुग्ने देखिन्छ ।

# तेस्रो परिच्छेद

# कथा सिद्धान्त र नेपाली कथाको विकास

## ३।१ कथाको सैद्धान्तिक परिचय

आख्यान साहित्यका दुई उपभेद अन्तर्गत पर्ने ‘कथा’ वर्तमानमा गद्य साहित्यको सशक्त एवम् विशिष्ट उपलब्धि हो । मानव सभ्यताको प्रारम्भदेखि नै यसको बीज भेटिन्छ । कथाको जन्म मानवको जन्म र भाषाको आविष्कारसँगै भएको हो । मानिसले आफ्नो व्यवहार चलाउन भाषाको विकास गऱ्यो । त्यही भाषिक सीपको सहायताले आफन्तहरु माझ सुखदुःख, हाँसो, पीडा, अनुभव र अनुभूतिहरु साथै विभिन्न आवेग संवेगहरु, मानवीय संवेदनाका स्तरमा रहने विविध भावहरु साटासाट गर्न थाल्यो । यसै समयदेखि नै बसिबियाँला र रमाइलाका लागि कथा भन्ने सुन्ने काम आरम्भ भएको मानिन्छ (शर्मा, २०३५: १) ।

मौखिक कथा परम्परा लेख्य रुपमा अवतरण हुँदा पूर्वमा वैदिक साहित्यका कथासूत्र हुँदै ब्राa॓ण ग्रन्थ, उपनिषद्, रामायण, महाभारत, पञ्चतन्त्र र हितोपदेशका कथाहरु वौद्धग्रन्थमा वर्णित जातक कथाहरु, वृहत्कथा, कथा सरितसागरको बाटोबाट अघि बढ्दछ (गौतम, २०५४: १) । पश्चिममा पनि यसको इतिहास निकै पुरानो छ । वाङ्मयसँगै आरम्भ भएको पाइन्छ । क्राइस्टको जन्म पूर्व नै पश्चिममा कथा परम्परा आरम्भ भएको देखिन्छ । इजिप्ट, मिश्रको सभ्यतासँग सम्बन्धित कथाहरु, क्रिस्तानीहरुका धर्मग्रन्थहरु प्रारम्भिक आख्यानका उदाहरणहरु हुन् । त्यसपछि होमरका ‘इलियड’ र ‘ओडिसी’ लगायत प्राचीन मनिषीहरु सुकरात, प्लेटो, अरस्तु आदिका संवाद हुँदै भर्जिलको एसियड, दाँतेको “डिभाइन कमेडीया” को बाटोबाट पश्चिमी कथा साहित्यको जग मजबुत बनेको देखिन्छ (सुवेदी, २०५१: १) ।

कथाले विश्व साहित्यमा नै सवैभन्दा प्राचीनता प्राप्त गरेको छ । हाल हाम्रासामु प्राप्त ‘कथा’ प्राचीन आख्यान एवम् लोककथाको उत्तराधिकारी विधा हो । मौखिक एवम् श्रुति माध्यमबाट क्रमशः लोककथा हुँदै आएको यो गरिमा र उचाइमा पुगेको कथाले आफ्नो

विकासयात्रामा विविध रुप रङ अर्थात् काँचुली फेर्दै आएको छ । वर्तमान सन्दर्भमा कथा भन्नाले आधुनिक कथालाई बुझिन्छ । यस किसिमको कथाको प्रारम्भ ईश्वीको १९ औं शताब्दीमा अमेरिकी कथाकार एडगर एलेन पोले गरेका हुन् (सुवेदी, २०५१: १२) । प्राचीन कथा आफूमात्र स्वतन्त्र भएर बाँच्ने स्थिति थिएन । तिनले ज्ञान, विज्ञान, धर्म, दर्शन, इतिहास, नीति, राजनीति, स्वास्थ्य आदिलाई समेत समेट्नु पर्दथ्यो । आधुनिक कथाको समयमा आएर मात्र कथाले एक स्वतन्त्र विधाका रुपमा आफ्नो अस्ति,व कायम राख्न पाएको छ । त्यसै हुनाले प्राचीन समयका कथा र वर्तमान हाम्रा सामु प्राप्त कथाका बीच प्रशस्त विभेदहरु देखिनु स्वभाविकै हो । प्राचीन समयमा कथा, कथा लेख्ने उद्देश्यले लेखिएका थिएनन्, कुनै विधागत सचेतता थिएन । त्यति वेला नत सैद्धान्तिक ज्ञान थियो न त कथाका त,वका बारेमा कुनै जानकारी नै । आफ्ना जीवनयापनका क्रममा आवश्यक पर्ने सामग्री अथवा जीवन भोगाइका क्रममा भेटिएका अनुभूतिहरुलाई उनीहरुले कथाबद्ध गरेका थिए ।

आधुनिक कथाको समयमा मात्र कथाले स्वतन्त्र विधाका रुपमा आफ्नो अस्ति,व कायम राख्न पाएको छ । यस्तो आफ्ना निजी वैशिष्ट्यका सहायताले वाङ्मयका अन्य विधाभन्दा अफूलाई बेग्लै चिनाउने र आफ्नो सर्वोच्च गरिमा स्थापित गर्ने अवसर पाएको छ । उन्नाइसौं शताब्दीदेखि लेखिएका कथा पूर्ण विधा सचेतताका साथ लेखिएकाले यिनका विशेषता प्राचीन कथाभन्दा केही फरक हुनु स्वभाविकै हो  तथा जीवनजगत्सँग सन्निकट सम्बन्ध रहेको गतिशील परिवेशलाई आत्मसात् गर्दै गतिशील चरित्र प्रस्तुत गर्ने छोटो भइकन पूर्ण र छरितो एवम् लोकप्रिय विधा हो ।

## ३।२ कथाको व्युत्पत्ति

संस्कृतको 'कथ्' धातुमा 'अ' प्रत्यय लागी 'कथ' बनेपछि 'आ' प्रत्यय लागेर कथा शब्द बन्दछ (सुवेदी, २०५१: १) । यसरी कथ् + अ + आ प्रक्रियाबाट कथा शब्द निष्पन्न भएको हो । यसको अर्थ समय र परम्परा अनुसार निर्धारित हुँदै आएको पाइन्छ, तापनि यसको शाब्दिक अर्थ केही कुरा भन्नु भन्ने बुझिन्छ । यसको शाब्दिक अर्थले कथ्य रुपलाई सङ्केत गरे पनि वर्तमान समयमा कथाले लेख्य लघुगद्य आख्यानात्मक साहित्यिक रुपलाई बुझाउँछ ।

नेपाली ‘कथा’ भनिने यो शब्द संस्कृतको तत्सम रुप हो । नेपालीमा कथा भनिने यस विधालाई बङ्गालीमा ‘गल्फ’, हिन्दीमा ‘कहानी’ तथा अङ्ग्रेजीमा ‘सर्ट स्टोरी’ आदि नामले सम्बोधन गरिन्छ (न्यौपाने, २०३८: १३१) । विश्व साहित्यमा नै प्राचीनता प्राप्त गरेको विधा कथा नै हो अतः सङ्गतिपूर्ण सीमित पात्रहरु भएको कुनै एक क्षण, पक्ष, अनुभूतिको विशिष्ट चित्रण गरिएको श्रृङ्खलावद्ध लेख नै कथा हो । गल्फ, कहानी, किस्सा, सर्ट स्टोरीले सङ्केत गर्दछन् ।

## ३।३ कथाको परिभाषा

सृष्टिको जन्मसँगै कथाको पनि जन्म भएको र आधुनिक रुपसम्म आइपुग्दा कथाले विविध स्वरुप अंगाल्दै र छोड्दै आएको छ । त्यसैले कथाको निश्चित परिभाषा दिन सकिदैन । मौखिक कर्ण परम्पराबाट अघि वढेको कथा साहित्यले लेख्य रुप धारण गर्न थालेपछि यसको व्याख्या, विश्लेषण तथा समालोचना गर्ने र यिनमा रहेका विशेषताहरुका आधारमा कथालाई परिभाषित गर्ने ¬म पनि आरम्भ भएको देखिन्छ ।

विभिन्न विद्वान्हरुले आफ्नो समयावधिसम्म प्राप्त भएका कथाहरुलाई हेरेर र तिनमा रहेका वैशिष्ट्यहरुलाई आधार मानेर कथालाई चिनाउने प्रयास गरेका छन् । जसरी समय-समयमा देखापरेका कथामा वैविध्यता पाइन्छ, त्यसै गरी कथालाई चिनाउने परिभाषामा पनि वैविध्य पाइन्छ ।

परिवर्तनशील जीवन जगत्को, समाजको चित्रण गर्ने एक गतिशील विधा कथाको परिभाषा निश्चित किटानका साथ गर्न ज्यादै कठिन हुन्छ, तैपनि समयानुकूल यसका समीक्षकहरुले कथालाई आ-आफ्नै ढङ्गबाट चिनाउने काम गरेका छन् । यी समीक्षकहरुले दिएका महत्वपूर्ण परिभाषाहरु तल प्रस्तुत गरिएको छ ।

### ३।३।१ कथा सम्बन्धी पश्चिमी चिन्तकहरुको परिभाषा

**‘एडगर एलेन पो’** - आधुनिक कथाको आरम्भ गर्ने कथाकार स्रष्टा तथा समीक्षक हुन् । कथाको स्वरुप र संरचना बारे पहिलोपल्ट विवेचना गर्ने पोले ई.सं. १८४२ मा अमेरिकी कथाकार हार्थनका कथाको समीक्षा गर्दा कथाको परिभाषा दिएका छन् ।

कथा भनेको एउटा यस्तो कथात्मक कृति हो जुन छोटो हुनाले एक बसाइमै पढी सिध्याउन सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ । यसरी प्रभाव जमाउन वाधा गर्ने सबै कुराहरु यसमा रहन दिइँदैन । यो आफैमा पूर्ण हुन्छ (श्रेष्ठ, २०५७: ७) ।

यिनले कथा छोटो समयमा पढी सकिने र पाठकका मनमा असाधारण प्रभाव पार्ने कथाकार केन्द्रित रहनुपर्ने धारणा व्यक्त गरेका छन् । यिनले प्रभावान्वितिलाई जोड दिएका छन् ।

**हड्सन -** लघुकथामा एउटै मात्र मूलभाव रहन्छ र त्यस मूल भावलाई तार्किक निष्कर्ष र लक्ष्याको एकनिष्ठताद्वारा सरल स्वभाविक ढङ्गमा विकसित तुल्याउनु पर्छ अनि यसको विस्तार सजिलैसँग एक बसाइमा पढिसकिने हुनुपर्छ (शर्मा, २०५९: १५) ।

**एच.जी. वेल्स -** "यो २० मिनेटमा पढेर सिध्याउन सकिने हुनुपर्छ" (उपाध्याय, २०४९: १४२) । यिनको धारणामा कुनै नवीनता नपाई 'यो' कै परिभाषाको शब्दान्तर मात्र पाइन्छ ।

**आर.के. लघु -** "आधुनिक कथा एक चेतनशील साहित्यिक प्रयास हो । यो एउटा चलाखीपूर्वक योजना गरिएको कलात्मक उपलब्धि हो" (श्रेष्ठ, २०५७: ७) । यस परिभाषामा कथालाई एक कलाका रुपमा मान्ने आग्रह राखिएको छ ।

माथि उल्लेखित विभिन्न विद्वान्का परिभाषाका अतिरिक्त कथाका बारेमा आ-आफ्ना अवधारण व्यक्त गर्ने विद्वान्हरुमा डेविट बी गुराल्मी, प्रेण्डर भ्याथ्युज, एच. ई विट्स, जोन फास्टर फाउलेस, चेखव, आदि पर्दछन् । यिनीहरुले कथालाई आ-आफ्नै दृष्टिकोणबाट हेरेका छन् । पश्चिमी चिन्तकहरुको अवधारणालाई समग्रमा समेटी कथाको परिभाषालाई एक निश्चित आयामयुक्त संरचना भएको कथाको प्राणका रुपमा प्रभावान्वित रहने, स्वयंमा पूर्ण लघु गद्य रुप हुने, कुनै एउटा मुख्य घटना वा भावदशाको उद्घाटन गर्ने कलात्मक प्रविधि हुने करालाई सङ्केत गरेका छन् ।

## ३।३।२ हिन्दी चिन्तकहरुको परिभाषा

हिन्दी आख्यान साहित्यका विद्वान् प्रेमचन्द - "कथा यस्तो संरचना हो, जसमा जीवनको कुनै एक अंग वा कुनै एउटा मनोभावलाई प्रदर्शित गर्नु नै लेखकको उद्देश्य भएको

हुन्छ । यसका पात्र, शैली, कथाविन्यास सबैले त्यही भावको पुष्टि गर्दछन् । उपन्यासमा झैं यसमा मानव जीवनका सम्पूर्ण तथा वृहत् रुप देखाउने गरिदैन न त यसमा उपन्यासमा झैं सबै रसहरुको मिश्रण रहेको हुन्छ । यो एउटा यस्तो रमणीय बगैंचा होइन जसमा थरी थरीका फूलहरु बेल बुट्टा सजिएको हुन्छ, तर यो एउटा यस्तो गमला हो । जसमा एउटा मात्रै बोटको माधुर्य समुन्नत रुपमा देखापर्दछन्" यस परिभाषामा पनि प्रभावान्वितिलाई महत्वपूर्ण मानेको देखिन्छ । गमलाको फलसँग तुलना गरेर कथामा पाइने प्रभावकारिता र संक्षिप्ततामाथि विशेष जोड दिएका छन् ।

**डा. गोविन्द त्रिगुणायन् -** "कहानी आधुनिक साहित्यको त्यो लघुआकार गद्यात्मक विधा हो, जहाँ कलाकार जीवनजगत्को कुनै एक घटना, आकार, व्यक्ति, परिस्थिति, भाव या विचार लिएर निश्चित कलाविधिको अनुसरण गर्दै यस्तो संवेदना वा प्रभावान्वितिको सिर्जना गर्दछन् । जुन पाठकलाई भाव विभोर बनाएर रसासिक्त गर्न समर्थ हुन्छ" (न्यौपाने, २०४९: १०५) ।

**माथवरसिंह -** "कथाले हाम्रो जीवनका छोटोभन्दा छोटो घटनामा पनि अर्थको खोजी गर्दछ अथवा अर्थ प्रदान गर्दछ (शर्मा, २०५९: २५) ।

माथि उल्लेखित विभिन्न चिन्तकका परिभाषा अतिरिक्त कथाका वारेमा आ-आफ्नो अवधारण व्यक्त गर्ने अन्य चिन्तकहरुमा गुलाब राय, नगेन्द्र, कृष्णलाल आदि पर्दछन् । यिनीहरुले कथालाई आ-आफ्नो दृष्टिकोणबाट हेरेका छन् । मोटामोटी स्वरुपलाई हेर्दा कथा पात्रपात्रबीचको सक्रिय कार्यकलाप गर्न लिने मानवीय जीवनका कुनै एक पक्षलाई देखाउने, प्रभावन्वितिको प्रमुख स्थान रहने, निश्चित कलाविधिलाई अपनाएर लेखिने आफैमा पूर्ण गद्य विधा हो ।

**घाघाघ नेपाली चिन्तकहरुको परिभाषा**

**नेपाली वृहत शब्दकोशमा -** "गद्यमा लेखिएको आख्यानयुक्त प्रवन्ध काव्यको यथाशक्य छोटो रुप कथा हो" (ने.रा.प्र.प्र., २०५५: १९१) ।

**गुरुप्रसाद मैनाली -** "कुनै पात्रको जीवनको सङ्कल्पमय घटनालाई कलापूर्ण रीतले लेख्नु नै कथा रचना हो ।"

**लक्ष्मीप्रसाद देवकोटा -** "छोटो किस्सा एउटा सानो झ्याल हो, जहाँबाट एउटा सानो संसार चियाइन्छ ... थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बानी हो ... यो जत्तिको समाज सुधारक र मनुष्य उपर प्रभावकारी कुरा अरु छदै छैन कि भन्ने जस्तो लाग्छ । यसैमा सबै रस निकाल्न सकिन्छ ... यसमा कला छ ... यसको ढङ्ग नाटकीय हुन्छ । चट्ट जीवनलाई एक दृश्यमा छुन्छ" (श्रेष्ठ, २०५७: ८) ।

**डा. दयाराम श्रेष्ठ -** "कथा वास्तवमा विचार तथा भावनाको सञ्चरण गर्ने एउटा यस्तो पूर्ण कला हो जसले आफ्नो आयतनलाई एउटा सुन्दर आकारप्रकार प्रदान गरेर त्यसमा जीवन र समाजको सजीव चित्र कोर्दछ" (श्रेष्ठ, २०५७) ।

**डा. ईश्वर बराल -** "एकोन्मुख प्रभाव उत्पन्न गरेर एक उद्देश्यको प्राप्ति नै इष्टार्थ हुनाले कथा एक प्रमुख पात्रको जीवनको कुनै अङ्गको र त्यस जीवन सम्बन्धी कुनै एक मुख्य घटमा वा भावदशाको मात्र उद्घाटन गर्छ" (वराल, २०४८: ४)

**मोहनराज शर्मा -** "परिवेश उपाख्यान र प्रतिक्रियाको अन्तरनिहित योजनामा बाँधिएर प्रतिफलित हुने लघुविस्तार भएको गद्य सङ्कथनलाई साहित्यमा कथा भन्दछन्" (शर्मा, २०५५: ३८)

उपर्युक्त विभिन्न चिन्तकहरुका अतिरिक्त कथाको परिभाषा दिने अन्य चिन्तकहरुमा, केशवप्रसाद उपाध्याय, डा. मोहन हिमांशु थापा, विश्वेश्वरप्रसाद कोइराला, वासुदेव त्रिपाठी, इन्द्रबहादुर राई आदि रहेका छन् । यिनीहरुले पनि कथालाई आ-आफ्नै दृष्टिकोणले हेरेका छन् । समग्रमा के स्पष्ट हुन्छ भने कथा एक सशक्त आख्यानात्मक संक्षिप्त कला मूल्यलाई अवलम्बन गरेको भावान्विति नै मूल मेरुदण्डका रुपमा रहेको गद्य रुप हो । कथा वास्तवमा विचार भावमा सञ्चरण गर्ने एउटा यस्तो कला हो, जसले आफ्नो आयतनलाई सुन्दर आकार प्रदान गरेर त्यसमा जीवन वा समाजको चित्र कोर्दछ । विकासक्रम अनुसार मान्छेको जीवन जति परिवर्तन हुँदै जान्छ उसको सोचाइको क्षमता, अनुभवको व्यापकता र जीवन दृष्टि पनि उत्ति नै फराकिदैं गहिरिदैं जाने हुँदा कथाको संरचना र परिभाषामा पनि समय ¬मसंगै परिवर्तन र नयाँ मान्यताको स्थापना हुँदै आएको पाइन्छ ।

कथा गतिशील चरित्र बोकेका साहित्यिक विधा भएकाले यसको परिभाषा तथा स्वरुप पनि बदलिदैं गएको पाइन्छ । मौखिक दन्त्य कथाबाट सुरु भएको कथायात्रा आज आधुनिक समयमा 'अकथा' सम्म आइपुगिसकेको छ । कुनै परिभाषाको सीमाभित्र कथा

खुम्चिन सक्ने अवस्था देखिदैंन तापनि विभिन्न विद्वान्हरुका परिभाषाका आधारमा कथालाई निम्नानुसार चिनाउन सकिन्छ -

“सूक्ष्म स्वरुपमा जीवनको कुनै एक क्षणको सजीव चित्रण गरी पूर्णत्व दिने सुन्दर कलात्मक गद्य अभिव्यक्ति कथा हो ।” अर्थात् कथालाई निम्नानुसार स्वरुपमा हेर्न सकिन्छ -

– यो एक शसक्त आख्यानात्मक गद्य रुप हो ।
– यो एक निश्चित प्रकारको संक्षिप्त संरचनामा निबद्ध रहेर पनि आफैमा पूर्ण हुन्छ ।
– यसको आफ्नै स्थापत्यगत कथामूल्य हुन्छ ।
– यसमा प्रभावान्विति नै मूल मेरुदण्डका रुपमा रहेको हुन्छ ।

## ३।४ कथाको अन्य विधासंग सम्बन्ध

साहित्यमा विविध विधा र उपविधाहरु रहेका हुन्छन् । ती सबै उपविधाका अन्य विधाबाट आफूलाई अलग देखाउने आ-आफ्नै किसिमका हुन्छन् । कथा पनि नेपाली साहित्यको एक अलग र स्वतन्त्र विधा हो । कथा विधाका आफ्नै किसिमका विशेषता छन् । कथा एउटा यस्तो विधा हो जसले धेरै विधाका पक्षहरुलाई समाहित गरेको पाइन्छ । आज कथा अकथाको स्तरसम्म आइपुग्दा विधामिश्रण, विधा विघटनको संघारमा त कथाभित्र अन्य साहित्यको स्वाद पनि देखा पर्न थालेको पाइन्छ । हुनत आधुनिक कथाको जन्म नै लोककथा र एक प्रकारको निबन्ध (पात्र भएको चरित्र निबन्ध) को समन्वयबाट भएको देखिन्छ । इतिहासलाई विर्सेर स्वतन्त्र रुपमा कथाको विन्यास गर्दा पनि निश्चित रुपमा उपन्यास, कविता, नाटक, निबन्ध आदिको प्रभाव परेको देखिन्छ । त्यसैले यी विभिन्न विधाबाट कथाको आनुवंशिक रुपमा के-के प्राप्त गर्‍यो त्यसलाई यसरी देखाउन सकिन्छ ।

### ३।४।१ कथा र उपन्यास

कथाको सबभन्दा नजिकको साइनो उपन्याससँग रहेको देखिन्छ । नेपाली साहित्यमा ‘आख्यान’ शब्दले साहित्यका कथा उपन्यास दुवै विधालाई चिनाएको पाइन्छ भने पाश्चात्य साहित्यमा ‘फिक्सन’ शब्दले कथा र उपन्यास दुवै विधालाई चिनाएको पाइन्छ । यसरी एउटै शब्दबाट कथा र उपन्यासको जन्म भएको हुँदा उपन्यासमा जति त,व पाइन्छ कथामा पनि त्यति नै त,वहरु पाइन्छ । दुवैको गठन स्थूल र प्रस्तुति अप्रत्यक्ष हुन्छ । कथा उपन्यास

दुवैमा दृष्टिविन्दु आन्तरिक र बाह्य मध्ये एक हुन्छ । प्रस्तुतिकरण घटना, मनःस्त,वको उद्रेक, आख्यानीकृत सारुप्यताको आभास हुन्छ (सुवेदी, २०५१ः १९) ।

कथामा आयाम लघु हुन्छ । यसमा जीवनको कुनै एक पक्षको चित्रण हुन्छ भने उपन्यासमा आयाम वृहत हुन्छ र जीवनको वृहत्तर पक्षको चित्रण गरिएको हुन्छ (गौतम, २०५४: ३) । आकारगत दृष्टिबाट कथा छोटो हुने र सानो परिवेश अंगालेको हुने हुनाले पात्र पनि थोरै हुन्छन् भने उपन्यास ठूलो हुने र व्यापक परिवेश हुने हुनाले पात्रहरु पनि धेरै हुन्छ । उपन्यास प्राकृतिक सागर र व्यापक जङ्गल हो भने कथा सुसज्जित पुष्पवाटिका अफ्न उपन्यास व्यापक प्रदर्शन गर्ने पूर्णकदको तस्विर हो भने कथा आंशिक अङ्ग प्रदर्शन गर्ने अटो आकारको फोटो हो (सुवेदी, २०५१ः २०) ।

यति हुँदा हुँदै पनि समानताका आधारमा कथालाई लम्ब्याएर न उपन्यास बनाउन सकिन्छ न त उपन्यासलाई नै छोट्याएर कथा । यी दुवै स्वतन्त्र विधा हुन् । यी दुबै वीच जे जस्तो सम्बन्ध भए पनि आ-आफ्नै संरचना छन् आफैमा पूर्ण छन् साथै दुवै साहित्य वागका सुवासित सुन्दर पुष्पवृक्ष हुन् ।

## ३।४।२ कथा र नाटक

कथासँग नाटकको पनि नजिकको सम्बन्ध रहेको पाइन्छ । कथाकारले आफूले भन्न खोजेका कुराहरुलाई नारावादी रुपमा प्रस्तुत नगरी नाटकीकरणको प्रविधि अँगाल्नु पर्दछ । आपना कुराहरुलाई कथात्मक रुपमा प्रस्तुत गर्नु पर्दछ । जसले कथालाई नाटकीकरण गर्न सक्दैन उसले केवल कथाका माध्यमबाट आफ्ना विचार दर्शन र सिद्धान्तलाई ओकलिरहेको हुन्छ । मौलिक वैषभ्य हुँदा हुँदै पनि कथा र नाटकमा गद्यात्मक प्रस्तुति र आख्यानात्मक तन्तुको गतिशीलतालाई निरुपण गर्दा समानताका धेरै बुँदाहरु भेटिन्छन् (सुवेदी, २०५१ः २०) । कथा र नाटकमा हुने मूलभूत भिन्नता के हो भन्ने अभिनेयात्मक पक्ष र पाठ्य प्रवृत्ति नै हो (सुवेदी, २०५१ः २१) । कथा र नाटक दुवैमा कथानक र परिवेश आवश्यक पर्दछन् । कथामा पनि कथानकलाई अघि बढाउन पात्रको आवश्यकता पर्छ भने नाटक त अभिनेयात्मक विधा नै भएकाले पात्र यसको मेरुदण्ड नै हो । कथा पाठ्य श्रव्य विधा हो भने नाटक दृश्य विधा हो । कथामा प्रत्यक्ष प्रस्तुति हुन्छ भने नाटकमा अप्रत्यक्ष प्रस्तुति । कथामा कथानकको मुख्य भूमिका रहन्छ । नाटकमा कथानक भए तापनि अभिनय नै यसको प्राण हो । कथाको शैली वर्णनात्मक वा विवरणात्मक हुन्छ भने नाटकमा संवादात्मक शैली

अपनाइन्छ । कथामा प्रथम पुरुष वा तृतीय पुरुष दृष्टिविन्दु उपयोग गरिन्छ भने नाटकमा मध्यम पुरुष दृष्टिविन्दु आउँछ । कथा एक स्वतन्त्र विधा हो भने नाटक शास्त्रीय बन्धनयुक्त विधा हो ।

### ३।३।३ कथा र कविता

कथासँग कविताको सम्बन्ध पनि रहेको हुन्छ । कथा र कविता दुबै साहित्यका श्रव्य विधा हुन् दुवैको प्रस्तुति अप्रत्यक्ष रहेको हुन्छ । दुवैमा वर्णनात्मक र विवरणात्मक शैलीको प्रयोग हुन्छ । दुवैमा दृष्टिविन्दु प्रथम पुरुष वा अन्य पुरुष दुवै हुन सक्दछन् । तैपनि कवि पद्यमा संरचित हुन्छ भने कथा गद्यमा । कविताको गठन सूक्ष्म हुन्छ भने कथाको गठन स्थूल हुन्छ (शर्मा, २०५९: ९) । कविता भाव र विचारमा केन्द्रित हुन्छ भने कथा विशेष गरी कथाकथनमा केन्द्रित हुन्छ । कथामा कलात्मकता हुन्छ भने कवितामा भावाभिव्यञ्जना हुन्छ । कवितामा रसमयता र रमणियतालाई विशेष जोड दिइन्छ ।

### ३।४।४ कथा र निबन्ध

कथासँग निबन्धको सम्बन्ध वंशानुगत रहेको देखिन्छ । आधुनिक कथाको जन्म नै लोककथा र निबन्धबाट भएको मानिन्छ । दुवै गद्य साहित्यकै कलात्मक विधा हुन् (सुवेदी, २०५१: २२) । दुवै लघुकायिक स्वरुप धारण गर्ने स्थूल गठन भएका रचना हुन् । अप्रत्यक्ष प्रस्तुति रहने दुवै श्रव्य विधा हुन् । दुवैमा पात्रको प्रयोग भएतापनि निबन्ध व्यक्तिप्रधान रचना हो भने कथा वस्तुत,व प्रधान । निबन्ध आत्मपरक विधा हो भने कथा वस्तुपरक । निबन्ध भावात्मक सम्वेगको आत्मप्रतिवादन गर्ने विधा हो भने कथा चरित्र वस्तु, घटना र चरम अवस्थाका क्षणहरु प्रस्तुत गर्ने बाह्य त,व प्रतिपादनको विधा हो (सुवेदी, २०५१: २३) । कथाको प्रस्तुति क्रमहिन ढङ्गमा भए तापनि सन्दर्भ भने क्रमवद्ध नै रहन्छ । निबन्धमा निबन्धकार आफूलाई प्रस्तुत गर्छ भने, कथाकार विषयलाई प्रस्तुत गर्छ । कथामा वर्णनात्मक र विवरणात्मक शैलीको प्रयोग हुन्छ भने निबन्धमा विश्लेषणात्मक शैलीको प्रयोग गरिन्छ (शर्मा, २०५९: ४७) । निवन्ध प्रथम पुरुष दृष्टिविन्दुमा व्यक्त हुन्छ भने निबन्ध प्रथम पुरुष या तृतीय दुवै दृष्टिविन्दुका माध्यमबाट प्रस्तुत हुन्छ ।

## ३।४।५कथा र अन्य विधा/उपविधाहरु

कथासँग अन्य विधाहरुको सम्बन्ध पनि सामान्य के लाग्ने प्रयास भएको छ । अन्य विधा शब्दलाई आज एउटा प्राविधिक अंकको सम्वाहक त,वका रुपमा ग्रहण गरिन्छन् । जीवनी, आत्मजीवनी, रेखाचित्र, व्यङ्ग्य विनोद, पत्र, संस्मरण, टिप्पणी, प्रतिवेदन जस्ता आधुनिक विश्वसाहित्यमा विकसित हुँदै गएका उपविधा र प्रविधिलाई आज अन्य विधा शब्दले ग्रहण गर्ने गरिन्छ (सुवेदी : (सम्पा) २०५२, पृ. २३) । जीवनी र कथा दुवै गद्यमा लेखिने भएर दुबैमा न्यूनतम सम्बन्ध त छ । तर त्यो सम्बन्ध गौण मानिन्छ किनभने जीवनीमा सत्यतथ्य कुराहरु हुन्छन् । कल्पना र अप्रमाणिक कुरा रहदैनन् तर कथामा सत्यतथ्य भन्दा कल्पनालाई विशेष जोड दिइन्छ । बरु कुनै व्यक्तिको जीवनीले कथाकारलाई कथा लेख्न प्रेरित गर्छ ।

नियात्रा र कथा दुबैमा कथानक हुन्छ तर कथामा कल्पनाको प्राधान्य रहन्छ भने नियात्रामा ठोस कुराको प्रमुख भूमिका रहन्छ । रेखाचित्र पनि आकारगत दृष्टिले कथा जत्तिकै हुने हुनाले यी दुबैलाई समान शैल्पिक विधा मान्न थालिएको छ । एउटा जीवनलाई रेखाचित्रमा सम्पूर्ण रुपमा प्रस्तुत गरिन्छ । व्यङ्ग्यविनोदमा हास्यात्मकत र वाक्पटुतालाई जोड दिइन्छ तर कथाले वाग्वैदग्धताको प्रस्तुतिकरणको अपेक्षा राख्दैन । टिप्पणी र कथामा त गद्यात्मक वृष्टि र आकृतिगत समानता पाइए पनि यिनीहरुका आधारभूत लक्षण नै अलग हुन्छन् । टिप्पणीमा प्रस्तुत गरिने मूल विषय र मूल सन्दर्भलाई आलोचनात्मक ढङ्गले प्रस्तुत गरिन्छ भने कथा वस्तुगत यथार्थताको मौलिक र प्रथम सृजन हो (सुवेदी, २०५१: २३) । प्रतिवेदनमा कुनै वस्तुको यथार्थ विवरणको नालीबेली सम्बन्धित ठाउँमा लगेर प्रस्तुत गरिन्छ भने, कथा उक्त उद्देश्यले रचना गरिदैन । अतः यस दृष्टिले कथा र प्रतिवेदनका भाषा वाहेक अन्य कुनै स्तरमा पनि समता पाइदैन ।

यसरी साहित्यका विविध विधासँग कथाका केही साम्यता र केही वैषम्यता भए तापनि कथा एक स्वतन्त्र विधा भएको हुनाले कुनै विधासँग सम्पूर्ण चारित्रिक विशेषता नमिल्नु स्वभाविकै हो । यसले साहित्यका विविध फाँटमा आफ्नै मौलिक र स्वकीय चरित्र कै कारण आफ्नो एकल अस्ति,व बनाउन सफल भएको छ । अतः आजको युगमा सर्वाधिक लोकप्रिय विधा 'कथा' एक स्वतन्त्र साहित्यिक विधा हो भन्ने कुरा सिद्ध भएको छ ।

## ३।५ कथाको रचना विधान

साहित्य फाँटमा स्वअस्ति,व लिएर चम्किने विविध विधाहरु मध्ये कथा पनि आफैमा पूर्ण, स्वतन्त्र, एवम् सशक्त विधा हो । आफैमा पूर्ण तथा स्वतन्त्र विधा भए कोले यसमा छुट्टै विशेषता, छुट्टै उपकरण तथा आफ्नै किसिमको रचना विधान रहेका छन् । विविध त,वहरुको संयोजनबाट नै कथाले आफ्नो आकार ग्रहण गरेको हुन्छ । त्यसैले यसलाई यौगिक रचना भनिन्छ । कथामा प्रयोग हुने त,वहरु कुनै स्थूल रुपमा हुन्छन् भने कुनै सूक्ष्म रुपमा । जे जस्तो रुपमा भए पनि अध्ययन सुविधाका लागि साहित्यिक चिन्तकहरुले कथाको निम्न त,व वा उपकरण भनेर उल्लेख गरेका छन् -

ईश्वर बराल कथामा निम्न अङ्गहरुका संयोजन हुने कुरा उल्लेख गर्छन् -

क) कथानक

ख) क्रियाकलाप

ग) चरित्र

घ) संघर्ष

ङ) परिवेश

च) कौतुहल (बराल, २०५३: ४३-७०)

डा. मोहन हिमांशु थापा कथाका त,वहरुलाई निम्नानुसार उल्लेख गर्छन् -

क) कथावस्तु

ख) पात्र

ग) संवाद

घ) भाषाशैली

ङ) वातावरण

च) उद्देश्य (थापा, २०५०: १६०-१८३)

देवीप्रसाद गौतमका अनुसार कथाका उपकरणहरु यस प्रकार रहेका छन् -

क) कथानक

ख) चरित्र चित्रण

ग) कथन पद्धति

घ)　परिवेश

ङ)　भाषा

च)　शैली

छ)　उद्देश्य

ज)　दृष्टिविन्दु (गौतम, २०५४: ५-१८)

मोहनराज शर्माले कथाका त,वहरुलाई यसरी लिएका छन् -

क)　कथानक

ख)　चरित्र वा पात्र

ग)　विषय सूत्र

घ)　भाषा

ङ)　शैली

च)　उद्देश्य

छ)　दृष्टिविन्दु (शर्मा, २०५५: ३८२-४१३) ।

राजेन्द्र सुवेदीले कथाका उपकरणहरुका रुपमा निम्नलिखित उल्लेख गर्दछन् ।

क)　कथानक

ख)　पात्र

ग)　द्वन्द्व

घ)　परिवेश

ङ)　विचार

च)　कौतुहल (सुवेदी, २०५१: २४-३१)

यसका अतिरिक्त पनि कथाका उपकरणहरुलाई विभिन्न विद्वानहरुले आ-आफ्नै किसिमले देखाउने कोसिस गरेका छन् । विद्वानहरुका उपकरणगत विभाजनमा ऐक्यवद्धता पाउन भने सकिन्न । यी विभिन्न विद्वानहरुले दिएका कथाका उपकरणहरुलाई मनन गर्दा समग्र रुपमा कथाका उपकरण निम्न छन् -

### ३।५।१ कथानक

चरित्र र घटनाहरुको सङ्गठित विन्यास कथानक हो (गौतम, २०५४: १८) कथा रचनाको सवभन्दा वृहत त,व कथानक हो किनकी कथामा कथानकको अस्ति,व सबभन्दा बढी फैलिएको हुन्छ । कथाको प्रारम्भदेखि अन्त्यसम्म, पात्रदेखि लिएर हरेक कुरामा कथानकले प्रभाव पारेको हुन्छ । कथानक बन्नको लागि कथा चाहिन्छ तर कथामात्र भएर पुग्दैन त्यसमा कलात्मकता हुनुपर्दछ । पात्र हुनै पर्छ, पात्र बीच आन्तरिक र वाह्य द्वन्द्व पनि हुनै पर्छ । यदि कथानकमा द्वन्द्व भएन भने कथानक प्रभावकारी हुन सक्दैन । पात्रले नै आफ्ना विभिन्न क्रियाकलापद्वारा कथावस्तुलाई अघि बढाउँछ, पात्रलाई पनि अभिप्रेरणा जगाउनुपर्छ । यी कथावस्तु, पात्र, द्वन्द्व, क्रियाकलाप, अभिप्रेरणा भएपछि कथा कथानक बन्दछ ।

कथानकको अवस्थाका सम्बन्धमा पूर्वीय विद्वान्हरुले पाँच कार्यावस्था आरम्भ, यत्न, प्रत्यांशा, नियताप्ति र फलागम उल्लेख गरेका छन् । पाश्चात्य विद्वान् गुस्ता मा न्टागलले यी पाँच अवस्थालाई मूलतः प्रात्म्य, विकास, चरमोत्कर्ष, प्रतिचरमोत्कर्ष र परिणतिको अवस्थामा विभाजन गरेका छन् । वैज्ञानिक दृष्टिले कथावस्तुका अवस्थालाई विवृत्ति (प्रारम्भ, विकास र चरमोत्कर्ष) र संवृत्ति (प्रतिचरमोत्कर्ष र परिणति) मा पनि हेरेको पाइन्छ । वैज्ञानिक दृष्टिले कथाको कथावस्तु विवृत्तिमा फैलिदै र संवृतिमा खुम्चिदैं परिणतिको अवस्थामा पुग्नुपर्छ भनी बताएको पाइन्छ ।

यसरी यी विविध अवस्थालाई कथानकले एउटै श्रृङ्खलामा कथालाई अगाडि बढाउनुका साथै कथाभित्रका घटनालाई कार्यकारण श्रृङ्खलामा उन्ने काम गर्दछ । यसको आधारमा कथानकका मुख्य दुई प्रकारको ढाँचा हुन्छन् -

#### ३।५।१।१ रैखिक ढाचा

कथामा आउने कथावस्तु निश्चित आदिविन्दुबाट प्रारम्भ भएर अर्को अन्त्य विन्दुसम्म नपुगिञ्जेल कतै रोकावट नआय सरल रेखात्मक रुपमा अघि बढ्ने कथालाई रैखिक ढाँचा भएका कथा भनिन्छ । यस्ता कथा चरमोत्कर्षमा पुग्ने र प्रतिचरमोत्कषमा पुग्ने दुवै खालका हुन्छन् । कथामा द्वन्द्वलाई कसरी अझ सशक्त बनाइएको छ त्यहीबाट कथाको आरम्भ हुन्छ । पात्रभित्र रहेको द्वन्द्वले जब विचलित अवस्था प्राप्त गर्छ, द्वन्द्वको चरम

अवस्था नै कथाको मध्य भाग हो भने जव पात्रको द्वन्द्वको समाप्त हुन्छ त्यो कथाको अन्त्य भाग हुन्छ । यसरी पात्रभित्रको द्वन्द्वको विकासका आधारमा कथाको आदि, मध्य र अन्त्य भागको निर्धारण हुन्छ । यस्ता रैखिक ढाँचाका कथामा त्यसपछि के भयो ? भन्ने कुतूहलता रहिरहन्छ । आधुनिक कथाका प्रवर्तक मैनालीका सबै कथामा आदि, मध्य र अन्त्यको श्रृङ्खलामा रही उत्कर्षमा पुगेर टुङ्गिएका छन् ।

### ३।५।१।२ वृत्तीय ढाचा

यस ढाँचाका कथामा घटनाको सघनता नभएर कुनै एउटै अनुभूतिमा विचार वा संवेदनालाई गुम्फित गरिएको हुन्छ । यसैका आधारमा पात्रहरुको सिर्जना गरेर पात्रका मध्यमबाट त्यही एउटै विचारलाई खेलाइरहिन्छ । मनभित्रका आरोहअवरोह भावहरु एकोहोरो आइरहन्छन् । कथा ¬मिक श्रृङ्खलामा अगाडि बढ्न सक्दैन । बरु एउटै विचारको वृत्तभित्र अनुभूतिहरु खेलिरहन्छ । यस किसिमका कथामा आदि, मध्य र अन्त्यको ¬मबद्ध श्रृङ्खला पाइँदैन । कथा जहाँबाट पनि सुरु भइ जुन अवस्थाबाट पनि अन्त्य हुन सक्छ ।

हाल यस्ता कथानक भएका कथालाई ‘अकथा’ को संज्ञा दिएको पाइन्छ । नेपाली कथा साहित्यमा वि.सं. २०२० अगाडिका अर्थात् यथार्थवादी युगसम्मका प्रायः सवै कथा रैखिक ढाँचाका पाइन्छन् भने २० पछिका अर्थात् नवयुगका कथाहरु प्रायः वृतीय ढाँचामा संरचित छन् ।

### ३।५।२ पात्र वा चरित्र

कथानकलाई गति दिइ कथालाई जीवन्तता प्रदान गर्ने कथामा पात्रको अनिवार्यता रहन्छ । पात्र भन्ने वित्तिकै सामान्य रुपमा हामी मान्छे भन्ने बुझ्छौं तर कथाकारले मानवीय वा मानवेतर जुनसुकैलाई जस्तोसुकै प्रवृतिको वा व्यक्तित्व भएको पात्रलाई कथामा उतार्न सक्दछ । “कथामा पात्र भन्नाले केवल मानिसमात्र बुझिदैन मानिसभन्दा इतर (जस्तो पशुपंक्षी, जडपदार्थ, अमूर्त सत्ता) आदि पनि कथाका पात्र हुन् सक्दछन् (श्रेष्ठ, २०३९: २९) । पात्रको संख्याको वारेमा यति नै भन्ने निश्चित संख्या नभए पनि कमभन्दा कम पात्रको उपस्थिति कथामा हुनु नै राम्रो मानिन्छ । कथाको स्वरुप र प्रकृति हेरेर पात्रको संख्या रहने देखिन्छ । कथामा मानवेतर पात्र प्रायः प्रतीकात्मकता र व्यङ्ग्यात्मकता प्रस्तुत गर्न प्रयोग

गरिन्छ । कथानकलाई गति दिई कथालाई जीवन्तता प्रदान गर्न कथामा पात्रको अनिवार्यता रहन्छ ।

कथानकका लागि आवश्यक पर्ने उपकरण क्रियाव्यापार र द्वन्द्वको प्रत्यक्ष सम्बन्ध पात्रसँग हुने गर्दछ । त्यसकारण कथामा चरित्र वा पात्र भन्नाले कथानकको सङ्गठनलाई एक आधार मान्ने बुझिन्छ (श्रेष्ठ, २०३९: २२९) । कथामा प्रयोग गरिएका विभिन्न किसिमका पात्रहरुलाई तिनीहरुका कार्य, कुराकानी र व्याख्या आदिका आधारमा वर्गीकरण गर्न सकिन्छ । कार्य र कुराकानीलाई नाटकीय वा अप्रत्यक्ष चरित्रचित्रण विधि भनिन्छ भने व्याख्यालाई विश्लेषणात्मक वा प्रत्यक्ष चरित्रचित्रण भनिन्छ (बर्मा, १९८५: ३७८) ।

संक्षेपमा भन्नुपर्दा पात्र भनेको कुनै पनि आख्यानात्मक कृतिको पर्याधाराभित्र व्यवस्थित गरिएको व्यक्ति हो । यस्तो व्यक्ति वा चरित्रको वर्गीकरणका निम्ति काव्यशास्त्र र भाषाविज्ञानका समन्वयका केही आधार निर्धारित गर्न सकिन्छ (शर्मा, २०४८: १७३) । ती आधारहरु मध्य निम्न आधारहरुलाई मुख्य मानिन्छ -

क) लिङ्ग

ख) कार्य

ग) प्रवृत्ति

घ) स्वभाव

ङ) जीवनचेतना

च) आसन्नता

छ) अवद्धता ।

**क) लिङ्ग**

लिङ्गका आधारमा स्त्री र पुरुष गरी दुई वर्गमा विभाजन गयिरन्छ । लिङ्ग आधारमा मानिसका केही नैसर्सिक प्रवृत्तिहरु छुट्टिने हुँदा कथामा सोही आधारमा कथाकारले पात्रहरुको चित्रण गरेको हुन्छ (गौतम, २०५४: १०) ।

**ख) कार्य**

कथाका सबै पात्रहरुले एकै प्रकारका र उत्तिकै महत्वका कार्यहरु गर्दैनन् । उनीहरुले गरेका कार्यका आधारमा प्रमुख सहायक र गौण गरी तीन वर्गमा विभाजन गर्न सकिन्छ । कथामा मुख्य भूमिका निभाउने र सम्पूर्ण घटनासँग प्रमुख सम्बन्ध रहेका पात्र प्रमुख (मुख्य)

वर्गमा पर्दछन् भने त्यही प्रमुख पात्रलाई सहयोग पुऱ्याउनका लागि उपस्थित पात्र सहायक वर्गमा पर्दछन् । कथाका कार्यव्यापारमा उपस्थित भएर पनि खासै भूमिका नरहेका पात्र गौण वर्ग अन्तर्गत पर्दछन् ।

**ग) प्रवृत्ति**

प्रवृत्तिका आधारमा पात्रलाई 'अनुकूल' र 'प्रतिकूल' गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । लक्ष्य प्राप्तिका क्रममा सकारात्मक कार्य गर्ने पात्र अनुकूल चरित्र हुन् भने नकारात्मक कार्य गर्ने पात्रलाई प्रतिकूल चरित्र हुन् । यस्ता अनुकुल र प्रतिकूल पात्रको बीच भएको द्वन्द्व र संघर्षबाट नै कथानकले गति प्राप्त गर्ने काम गर्दछ ।

**घ) स्वभाव**

कथामा परिस्थिति अनुसार बदलिने पात्र 'गतिशील' पात्र हो । आफ्नो स्वभाव, सिद्धान्त र जीवनधारालाई परिस्थिति अनुसार परिवर्तन गर्दछ । यसको ठीक विपरीत परिस्थिति अनुसार नबदलिने पात्र 'स्थीर पात्र' हो । परिवेश र परिस्थितिमा जे जस्तो आए पनि आफूलाई सदा एकनास र एउटै अवस्थामा राख्ने पात्र हो स्थिर पात्र ।

**ङ) जीवन चेतना**

यस आधारमा पात्र वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । सांस्कृतिक परम्परा, आर्थिक अवस्था, जातिगत सन्दर्भ आदिले अत्यन्त गरेको व्यक्तिको सामाजिक सम्बन्ध र दायित्वको प्रतिनिधित्व गर्दै कार्य-व्यापार सम्पन्न गर्ने चरित्र वर्गीय चरित्र हो । कुनै वर्ग विशेषका नभएर कुनै व्यक्ति विशेषको मनोदशा, मनका विभिन्न अवस्थामा परेका प्रभाव, द्वन्द्व तनाव आदि जस्ता मानवीय वृत्तिहरुको वर्णन गर्ने वा व्यक्ति जीवनको प्रतिनिधित्व गर्ने चरित्र व्यक्तिगत चरित्र हो ।

**च) आसन्नता**

कथामा पात्रको उपस्थितिका आधारमा मञ्चीय र नेपथ्य गरी दुई किसिमले पात्रको वर्गीकरण गर्न सकिन्छ । कथामा उपस्थित भइ मञ्चीय भूमिका रहेका पात्र मञ्चीय पात्र हुन् भने कथामा प्रत्यक्ष उपस्थित नहुने नामोच्चारणबाट वा सांकेतिक रुपमा आउने पात्र नेपथ्य हुन । मञ्चीय पात्र र नेपथ्य पात्र विशेष गरी नाटकमा प्रयोग हुने गर्दछन् ।

**छ) आबद्धता**

कथावस्तुसँग पात्रको सम्बन्ध गसाइँलाई आवद्धता भनिन्छ । कथाको कथानकमा सोझै आवद्ध भएका चरित्र 'वद्ध' चरित्र हुन् भने कथानकमा सोझै आवद्ध नभएका चरित्र स्वतन्त्र पात्र मुक्त चरित्र हुन् । वद्ध चरित्रलाई कथानकबाट हटाउँदा कथानकको संरचनामा असर पर्दछ भने मुक्त चरित्रलाई हटाउँदा पनि कथानकको संरचनामा कुनै असर पर्दैन ।

## ३।५।३ परिवेश

देश, काल र वातावरणको समष्टि रुप परिवेश हो । वातावरण र परिवेश कथाको पृष्ठभूमि हो । परिवेशले मानवलाई पार्ने प्रभावका आधारमा कथाको संरचना हुनुले कथालाई बढी विश्वासयोग्य बनाउँछ । यस त,वबाट कथामा स्थान र समयको सापेक्षताको परिचय प्राप्त हुन्छ । कथालाई तीव्र र मुखर बनाउने त,व परिवेश (वातावरण) हो । एउटा पात्रको क्रियाकलापमा नवीनता देखापऱ्यो भने के कुरा अठोट गर्नुपर्ने हुन्छ भने त्यस पात्रको परिवेशमा त्यो नवीनता जन्माउन सक्ने कारण अन्तर्निहित छ । त्यस नवीनताको प्रेरणा भूमिगत रुपमै भएपनि पात्रले परिवेशबाटै प्राप्त गरिरहेको हुन्छ । त्यस प्राप्तिले पात्रको मनोरचना, चारित्रिक सम्भावना आदिलाई आफ्ना किसिमले प्रेरित गरिहेको हुन्छ (सुवेदी, २०५१: २३) ।

वातावरणले कथालाई सजीव, स्वभाविक साथै तिख्खर बनाउँछ । भौतिक जगतका प्राकृतिक वातावरण, जीवजन्तु, वन्य र ग्रामीण वस्तुहरु, शहर र गाउँका परिवेशको प्रस्तुति हो । परिवेशले कथामा पात्रको मनोदशालाई उत्कर्षतिर लम्कन अनुकूलता प्रदान गर्दछ । यसद्वारा देशकाल एवं राजनैतिक गतिविधिको पनि परिचय दिन सकिन्छ ।

## ३।५।४ भाषाशैली

'भाषा' र 'शैली' दुई शब्दको सम्मिश्रणबाट बनेको छ भाषाशैली शब्द । भाषा भनेको विचार अभिव्यक्त गर्ने माध्यम हो भने भाषालाई अभिव्यक्त गर्ने तरिका/ढङ्ग शैली हो । भाषाका एकाइहरु मिलेर बनेको हुन्छ । भाषाशैलीको उचित विन्यास भएमा मात्रै कथा उत्कृष्ट बन्दछ । भाषाका प्रयोग केही आलङ्कारिक हुन्छ भने केही पाण्डित्यपूर्ण कथामा पद्यमय भाषाको प्रयोग नगरी गद्यमय भाषाको प्रयोग गरिन्छ ।

शैली कथाको समग्र प्रस्तुतिसँग सम्बन्धित हुन्छ । कथामा प्रयोग गरिएका शब्द, पदावली, वाक्य जस्ता भाषिक एकाइहरुका समुच्च रुप शैली हो । कथालाई रोचक र आकर्षक, अरुचिकर र अनाकर्षक तुल्याउनमा शैलीको भूमिका प्रमुख रहन्छ (उपाध्याय, २०४९: १७७)

भाषा भाव सम्प्रेषणको माध्यम र शैली भाषागत शिल्प भएकाले दुवैको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । त्यसैले भाषालाई उच्चता प्रदान गर्ने शैलीको आवश्यकता पर्दछ (शर्मा, २०४८: २) । शैलीलाई वर्णनात्मक, आत्मकथात्मक, संवादात्मक, पत्रात्मक, डायरीय हास्यव्यङ्ग्यात्मक विविध अभिव्यक्तिका प्रणालीका आधारमा पनि अध्ययन गरिएको पाइन्छ ।

भाषा कुनै वस्तुको आवरण हो भने शैली त्यस आवरणको प्रकार हो । भाषा व्यक्ति हो भने शैली व्यक्तिको व्यक्तित्व हो । यसरी भाषाको विविध रुप र प्रस्तुति नै शैली हो । मूलतः शैलीको प्रयोगले कथामा कथात्मकता प्रदान गर्नुका साथै यसले लेखकको व्यक्तित्वलाई पनि उच्चता प्रदान गर्दछ ।

## ३।५।५ उद्देश्य

उद्देश्यविहीन कथाको कल्पना नै व्यर्थ छ । जीवनको सत्यानुभूतिलाई कल्पनाका सहायताले प्रस्तुत गर्नु नै कथाको उद्देश्य वा लक्ष्य हो (उपाध्याय, २०४९: १४९) । कथामा जीवनको कुनै एक पक्षको चित्रण हुन्छ । एक मनोदशाको प्रकटीकरण गरिन्छ । त्यसै आधारभूमिमा जीवन र जगतसम्बन्धी दृष्टि कथाले उद्देश्यको रुपमा प्रस्तुत गरेको हुन्छ ।

विचारवाक्य, विचारत,व, सारवस्तु जस्ता शब्दहरुद्वारा चिनिने उद्देश्य प्रत्येक साहित्यिक विधामा रहेको हुन्छ । मूलतः कथामा कथाकारले दिन खोजेको सन्देश भन्ने बुझिन्छ तर कथाको संरचनामा उद्देश्य भन्नाले मुख्य भाव भन्ने बुझिन्छ । प्राचीन र माध्यमिककालीन कथाको उद्देश्य नीति, शिक्षा, उपदेश दिने रहेको पाइन्छ भने आधुनिक कथामा समाजको सूक्ष्म निरीक्षण गरिएको हुन्छ । आधुनिक कथाले यथार्थ र वास्तविकतालाई प्रस्तुत गर्दै निम्न उद्देश्य लिएर कथा लेखेका छन् -


– कुनै एक सत्यको झलक प्रस्तुत गर्नु,
– कुनै एक क्षण विशेषको अनुभूतिलाई देखाउनु,

– कुनै व्यक्ति विशेषको चरित्र वा प्रकृतिको उद्घाटन गर्नु,

– कुनै स्थान सापेक्ष वा निरपेक्ष भएर विचार व्यक्त गर्नु आदि ।

## ३।६।६ दृष्टिविन्दु

कथामा पात्रहरुको स्थिति/अवस्थिति कस्तो छ अर्थात् कथामा त्यो पात्र कुन भूमिका कस्तो रुपमा आएर वरण गर्दछ भन्ने कुरालाई दृष्टिविन्दुले संकेत गर्दछ (शर्मा, २०५९: ७) दृष्टिविन्दु कथाको शिल्पविधानसँग सम्बद्ध एक महत्वपूर्ण पक्ष हो । यो पक्ष त्यो माध्यम हो जसको सहायताबिना कथाकारले आफ्नो सामग्रीलाई प्रष्ट रुपमा प्रस्तुत गर्न सक्दैन (नेपाल, १९८७: ५६) । एउटा विषयमा कथावस्तुको कल्पना गरिसकेपछि कथाकारसामु के प्रश्न आउँछ भने कल्पित पात्रलाई कुन स्थानमा राखेर त्यस कथावस्तुलाई एउटा ठोस आकार वा संरचना प्रदान गर्ने ? यस प्रश्नको समाधान नै दृष्टिविन्दुले गर्दछ (श्रेष्ठ, २०५७: १०) । दृष्टिविन्दु नै कथामा सम्पूर्ण हो भन्ने भनाई भाषावादी, संरचनावादीहरुले रहेको छ (बराल र घिमिरे, २०५५: ६) । कथामा वृष्टिविन्दु भनेको त्यो स्थिति वा स्थान वा सीमा हो जसका माध्यमबाट कथाकारले आफ्नो कुरा पाठक समक्ष पुऱ्याउँछ (शर्मा, २०४८: २२३) ।




## ३।५।६।१ आन्तरिक

आन्तरिक दृष्टिविन्दु प्रयोग भएको कथामा 'म' पात्रको प्रयोग गरिएको हुन्छ जसलाई प्रथम पुरुष दृष्टिविन्दु पनि भनिन्छ । आन्तरिक दृष्टिविन्दु पनि परिधीय र केन्द्रीय गरी दुई प्रकारका हुन्छन् -

**क) केन्द्रीय**

'म' पात्रको अहम् भूमिका भएको दृष्टिविन्दु केन्द्रीय दृष्टिविन्दु हो । त्यसैले कथाको सम्पूर्ण घटना नै 'म' पात्रमा निर्भर रहेका हुन्छन् । पाठसँग 'म' पात्रले आफ्नै कथा भनिरहेको हुदाँ त्यस्ता कथामा भावको प्रत्यक्षीकरण सजिलैसित हुन्छ ।

**ख) परिधीय :**

'म' पात्र भएर पन त्यसको स्थान गौण रहेको छ भने त्यहाँ परिधीय दृष्टिविन्दु प्रयोग भएको मानिन्छ । यसमा कथाको केन्द्रीय पात्र अर्कै हुन्छ । 'म' पात्रले केन्द्रीय पात्रको क्रियाकलापलाई सहयोग पुऱ्याएको हुन्छ ।

## ३।५।६।२ बाह्य

कथामा मुख्य तृतीय पुरुषका रुपमा रहँदा बाह्य दृष्टिविन्दुको प्रयोग हुन्छ । यस अन्तर्गत सर्वदर्शी, सीमित र वस्तुपरक गरी तीन किसिमका दृष्टिविन्दु पर्दछन् ।

**क) सर्वदर्शी**

सर्वदर्शी दृष्टिविन्दु प्रयोग भएको कथामा कथाकारले सबै पात्रको मानसिक विचार, भावना, चिन्तनलाई व्यक्त गर्दै तिनका सूक्ष्म र अमूर्त मानसिक विचार आदिलाई जस्ताको तस्तै प्रस्तुत गर्दछ (श्रेष्ठ, २०३९: ५९-६०) ।

**ख) सीमित**

सीमित दृष्टिविन्दुको प्रयोग गरी लेखिने कथामा मुख्य पषत्रको विचार भावना, चिन्तन, संवेगात्मक आदि प्रतिर्िया व्यक्त गरिने हुँदा कथाकार एउटै चरित्रको मानसिक संसार परिभ्रमण गर्दछ (श्रेष्ठ, २०३९: ६०) ।

**ग) वस्तुपरक**

वस्तुपकर दृष्टिविन्दु प्रयोग गरी लेखिएका कथामा कुनै पनि चरित्रको आन्तरिक अनुभूतिको अवलोकन हुँदैन । कथाकार कुनै पनि पात्रको मनभित्र नपसी निरपेक्ष भएर पात्रलाई क्रियाव्यापारमा संलग्न गराउँदछ । त्यसैले वस्तुपरक दृष्टिविन्दुमा कथा लेख्ने कथा कास्को स्थान नाटककारको जस्तै वस्तुगत हुन्छ (शर्मा, २०५९: ७५-७६) ।

यसरी समग्रमा भन्दा दृष्टिविन्दु भनेको कथा भन्ने तरिका हो । यसले कथा कसरी भनिएको छ भन्नुभन्दा कथा कसले भन्दैछ भन्ने कुरासँग सरोकार राख्दछ । त्यसैले दृष्टिविन्दु कथाकार आफू कथामा रहने एउटा ठाउँ हो ।

## ३।६ कथाको वर्गीकरण

कथाको प्राचीनतातर्फ दृष्टि दिंदा यसको आदि वीडा मानव सभ्यताको प्रारम्भमा नै भेटिन्छ । समाज सापेक्ष रुपमा विकसित हुँदै आएको कथाले प्रारम्भदेखि आजसम्म आउँदा आफ्नो स्वरुपमा आमूल परिवर्तन गरेको छ । विषय र शैलीको दृष्टिले पनि यसमा एकरुपता पाइँदैन । कथाको वर्गीकरण प्रसङ्गमा कथा यति नै प्रकारका हुन्छन् भन्ने किटान गर्न सकिँदैन । तापनि विभिन्न समीक्षकहरुले आ-आफ्नो पाराले वर्गीकरण गर्ने प्रयास गरेका छन् । डा. दयाराम श्रेष्ठका अनुसार कथालाई विषयवस्तुका आधारमा प्रवृत्तिका आधारमा, स्रोतका आधारमा र प्रभावका आधारमा वर्गीकरण गर्न सकिन्छ (श्रेष्ठ, २०३९: ३) । देवीप्रसाद गौतमका अनुसार कथालाई विषयवस्तुका आधारमा, त,वको बाहुल्यताका आधारमा, स्रोतका आधारमा, दृष्टिविन्दुका आधारमा र प्रभावका आधारमा वर्गीकरण गर्न सकिन्छ (गौतम, २०५४: ४) ।

कथाको वर्गीकरण गर्नु आफैमा जटिल प्रक्रिया हो यसलाई वर्गीकरण गर्दा शैली, उद्देश्य आदिका आधारमा मात्र पनि त्यति वैज्ञानिक ठहर्दैन । कथा वर्गीकरण गर्ने नवीन मान्यता भनेको रुचिक्षेत्र र रीतिक्षेत्रको आधारमा नै हो । यही आधारमा वर्गीकरण गर्ने प्रयास गरिएको छ ।

### ३।६।१ रुचि क्षेत्रका आधारमा कथाको वर्गीकरण

विषयले मात्र कथामा विविधता ल्याउने होइन, एउटै विषयमा पनि विभिन्न कथाहरु रचना गर्न सक्छन् । त्यसैले रुचि क्षेत्रका आधारमा कथाको वर्गीकरण गर्दा कथाकारले कुन विषयवस्तुलाई प्रस्तुत गर्नका लागि रुचि राखेको छ त्यसको आधारमा कथालाई वर्गीकरण गर्दा उपयुक्त देखिन्छ । प्रत्येक कथाकारको आ-आफ्नो रुचिक्षेत्र हुन्छ । उसले त्यसै अनुसारका कथा रचना गर्छ । कथाकारले कुनै विषयवस्तु प्राप्त गर्नासाथ आफ्नो रुचि

अनुसार त्यसलाई प्रस्तुत गर्न सक्छ । अतः कथाको वर्गीकरण गर्दा रुचिक्षेत्रको आधारमा गरिने वर्गीकरण महत्वपूर्ण देखिन्छ । यसका आधारमा वर्गीकरण निम्नानुसार गरिएको छ -

### ३।६।१।१ सामाजिक कथा

सामाजिक कथामा समाजमा व्याप्त विषयवस्तुलाई लिएरकथाको रचना गरिन्छ । यस्ता कथाले ग्रामीण समाज र शहरी समाजमध्ये कुनै एक पक्षलाई वा दुवैको परिवेशलाई समेटेका हुन्छन् । समाजमा देखा पर्ने यथार्थ घटनालाई चित्रण गरी कथाको रचना गरिएको छ भने ती कथा यथार्थवादी कथा अन्तर्गत पर्दछन् भने केही आदर्श प्रस्तुत गर्ने अभिप्रायले रचना गरिएका कथा आदर्शवादी अन्तर्गत पर्दछन् । सामाजिक कथामा समाजका प्रतिविम्बलाई उतार्ने काम गरिन्छ । यस्ता कथाले समाजका मूल्य-मान्यतालाई प्रस्तुत गर्नुका साथै सामाजिक खरावी र विकृतिहरुको समस्यागत दुष्परिणामहरुको आलोचना गर्ने काम गर्दछन् (श्रेष्ठ, २०५७: १४) भने सामाजिक रुढि र अन्धविश्वासको विरोध गरिएको हुन्छ (शर्मा, २०५९: ९२) । समाजमा खराबीहरुको प्रतिवाद् तथा विरोध गर्दै सामाजिक मूल्य र मान्यताको यथावत् चित्रण गर्ने यथार्थवादी कथाकारहरु सामाजिक यथार्थवाद प्रति प्रतिवद्ध रहेका पाइन्छन् (श्रेष्ठ, २०३९: ८) ।

समाजको प्रतिबिम्ब झल्केको कथा नै सामाजिक कथा हो । समाजको मूल्य र मान्यता प्रस्तुत गर्ने क्रममा कथाकारले सामाजिक विकृतिहरुको समस्थागत दुष्परिणामहरुको आलोचना प्रस्तुत गर्दछ । सामाजिक कथामा आर्थिक, सांस्कृतिक तथा भौगोलिक स्थितिको वस्तुपरक चित्रण साथै भावुकताको अभिव्यक्ति हुन सक्छ (शर्मा, २०५९: ३) । समाजबाट विषयवस्तु लिएर समाजकै मूल्य मान्यतालाई अगाडि बढाउँदै परम्परागत मान्यतालाई पछ्याउँदै त्यसमा रहेका खराबी र कुसंस्कारलाई हटाउँदै लेखिने कथालाई सामाजिक कथाको वर्गमा राखिन्छ । आधुनिक नेपाली कथाको प्रारम्भ वि.स. १९९१ 'शारदा' पत्रिका प्रकाशन सँगै भएको मानिन्छ । त्यसमा गुरुप्रसाद मैनालीको 'नासो' कथाले नै सामाजिक कथा लेखनको सूत्रपात गरेको हो ।

### ३।६।१।२ मनोवैज्ञानिक कथा

मानवीय मनको अध्ययन विश्लेषण गरी रचना गरिएका कथालाई मनोवैज्ञानिक कथा भनिन्छ । यस्तो कथामा कथाकारले विभिन्न अवस्थाका पात्रहरुको मनोलोकको

यथार्थको उद्घाटन गर्ने काम गर्दछन् (श्रेष्ठ, २०५७: १४) । पात्रको चेतन र अवचेतन मनवीचको द्वन्द्वलाई प्रस्तुत गर्दै यस्ता कथाहरुमा यौनको दमित रुपबाट निस्किने समस्या, विकृतिहरुलाई पनि दर्शाइएको हुन्छ । यस्ता कथाको कथानक ज्यादै क्षीण हुन्छन् । पात्रका विभिन्न पक्षको उदघाटन गरिएको हुन्छ । अर्थात मनोवैज्ञानिक कथा चरित्र प्रधान कथा हुन्छन् । सामान्यतया मनोवैज्ञानिक कथाहरुमा अचेतनले चेतन मनमा पार्ने प्रभावको उद्घाटन गर्नुका साथै मानिसका स्नायुविकृति मनोरचना तथा विभिन्न ग्रन्थिहरुको विश्लेषण गरिएको हुन्छ (श्रेष्ठ, २०५७: १४) । मानिसले मानसिक द्वन्द्व, स्नायु विकृति, मनोविकार तथा विभिन्न ग्रन्थीहरुको विश्लेषण मनोवैज्ञानिक कथामा पाइन्छ अर्थात् मानिसका मनोजगतसँग सम्बन्धित गतिविधिलाई उद्घाटन गर्ने काम, मनोवैज्ञानिक कथामा हुन्छ (शर्मा, २०५९: ४) । मुख्य मनोविज्ञानशास्त्री फ्रायडबाट प्रेरित -प्रभावित विश्वेश्वरप्रसाद कोइरालाले सर्वप्रथम आ. नेपाली मनोवैज्ञानिक यथार्थवादी कथा लेखनको प्रारम्भ गरी नेपाली कथामा आधुनिकताको सशक्त वरण गरेका हुन् (शर्मा, २०५९: ९२) ।

मानिसका अन्तरमनका कुण्ठा, आचरण, कामवासना र उत्तेजना सम्बन्धी विषयवस्तुको समावेश गरिएको हुन्छ भने त्यस्ता कथा यौनमनोबैज्ञानिक कथा हुन्छन् । बालकको अन्तरमनको विचरण गरी रचना गरिएका कथा वालमनोवैज्ञानिक कथा हुन्छन् । यसरी मानवीय मनोजगत्भित्रका विविध ि-याकलापलाई उद्घाटन गर्ने कथालाई मनोवैज्ञानिक कथा भनिन्छ । नेपाली कथाको आधुनिक काललाई सवल र सशक्त एवं प्रभावकारी तुल्याउन मनोवैज्ञानिक कथाकारहरुको मत्वपूर्ण योगदान रहेको छ । मानिसका मानसिक स्नायुहरुको सूक्ष्म अध्ययन विश्लेषण गर्दै आफ्नो कथाको विषय बनाउने यस प्रवृतिका कथाकारहरुमा विश्वेश्वरप्रसाद कोइराला नै प्रथम नेपाली मनोवैज्ञानिक कथाकारका रुपमा स्थापित छन् ।

### ३।६।१।३ प्रगतिवादी कथा

कथामा सामन्ती मनोवृत्तिको विरोध गरी सर्वहारा वर्गप्रति सहानुभूति देखाउँदै व्याप्त शोषण र अन्यायको चर्को विरोध गरी लेखिने कथालाई प्रगतिवादी कथा भनिन्छ । सामन्तवाद संस्कारको विरुल चुनौतीपूर्ण रुपले उपस्थित भई आर्थिक समानता र स्वतन्त्रताको पक्षमा वकालत गर्ने मार्क्सवादी चिन्तनले भरिएका कथाहरु प्रगतिवादी कथा

अन्तर्गत पर्दछन् । यसप्रकारका कथाकारहरुमा वर्ग संघर्ष रहित र शोषणरहित समाजको परिकल्पना हुन्छ । यस्ता कथामा सर्वहारा वर्गको पक्ष, शोषक र शोषित पात्रको प्रयोग, आर्थिक शोषणको चर्को विरोध अध्यात्मप्रति अनास्था, भौतिकबादप्रति कथा दुवैको क्षेत्र समाज/समाजका मूल्य मान्यता नै हो । कथामा पाइने विचारमा दृष्टिकोण मात्रै फरक भएकाले विद्वानहरुले यिनीहरुलाई एउटै (सामाजिक) विभाजनभित्र समेटेर पनि चर्चा गरेका छन् ।

## ३।६।१।४ अस्ति,ववादी कथा

मानवीय जीवनका विसङ्गतिपूर्ण स्थितिलाई औंल्याउँदै रचना गरिउका कथा अस्ति,ववादी कथा हुन्न जीवन विसङ्गत छ, संघर्षशील छ, पराजयको तीतो अनुभव वोकेर भए पनि जीवनलाई स्वीकार्न बाध्य भएको पराजित मानिसको कथालाई नै अस्ति,ववादी कथा मानिन्छ (श्रेष्ठ : २०५७, पृ. ४) । जीवनको निराशावादी, पक्षको पृष्ठभूमिमा मानिसका जिजीविषा, वाध्यता, संघर्षशीलता र अन्तमा पराजयको तीतो स्थितिलाई अस्ति,ववादी कथाकारहरुले मुख्य विषयका रुपमा लिएका हुन्छन् । जीवनमा स्वतन्त्रताको बारेमा आवाज उठाउने र आफ्नो निर्णयको परिणाम पनि आफै भोग्न तत्पर हुने प्रवृत्ति अस्ति,ववादीमा पाइन्छ ।

वर्तमान गद्यमय यान्त्रिक जीवनमा मानिसले कही कतै पनि सङ्गति भेट्दैन । मानवीय संवेदना गुमेको युगमा मानिसको अस्ति,व नै सङ्कटमा परेको छ । यस्तो समयमा बाँच्नुको सार्थकता नभेट्दा-नभेट्दै पनि मानिस आफ्नो अस्ति,व रक्षाका लागि वाँच्नुपर्ने विवशतालाई अस्ति,ववादी कथाकारले आफ्नो साक्ष्य बनाउँछन् ।

उपर्युक्त विभिन्न कथाका अतिरिक्त रुचिक्षेत्र अन्तर्गत भै इतिहास सम्बन्धी ऐतिहासिक, पौराणिक, धार्मिक, आञ्चलिक आदि कथा पर्दछन् । इतिहासका वीर सपूतहरु, राष्ट्रिय इतिहासलाई डोऱ्याउने युगपुरुषहरुको जीवनी, बहादुरीलाई कथानकका रुपमा प्रयोग गरिने कथा ऐतिहासिक कथा हुन्छ । यस्ता कथाले देशप्रेम प्रगाढ तुल्याउछ । त्यसैगरी धर्मसँग सम्बन्धित कुरालाई रोचक ढङ्गबाट कथाको रुपमा ढालेर पाठकलाई धर्म, संस्कृति

सम्बन्धी आदरभाव जगाउने कथाहरु धार्मिक कथा हुन् । यस्तै गरी पौराणिक र आञ्चालिक कथाहरु पनि रुचि क्षेत्र अन्तर्गत नै पर्ने कथाहरु हुन् ।

## ३।६।२ रीतिक्षेत्रका आधारमा कथाको वर्गीकरण

कथाको क्षेत्रमा रीति भन्नाले कथाकारको प्रस्तुतिको ढाँचा वा ढङ्गलाई बुझिन्छ । एउटै विषयवस्तुलाई पनि विभिन्न धारणा अनुसार व्यक्त गर्न सकिन्छ । रीतिक्षेत्रका आधारमा कथाको वर्गीकरण गर्दा निम्न प्रकारहरु निर्धारण गर्न सकिन्छ ।

### ३।६।२।१ यथार्थवादी कथा

मानवीय जीवनमा घटेका घट्ने यथार्थपूर्ण घटनालाई प्रस्तुत गरिउका कथालाई यथार्थवादी कथा भनिन्छ अर्थात् कथावस्तुलाई सामाजिक सत्यबाट नबङ्ग्याइ जस्ताको तस्तै लेखिने, भावुकता, आदर्शलाई बन्देज लगाइने कथालाई यथार्थवादी कथा भनिन्छ । यस्तो कथाहरु वास्तविक सत्यबाट टाढा जाँदैनन् । प्रत्यक्षशैलीमा लेखिने यथार्थवादी कथामा सरल र सिधा भाषा प्रयोग गरिन्छ (बराल, २०२९: ७) । यथार्थवादी कथामा कथावस्तु र पात्रलाई सामाजिक सत्य सँगसँगै राखेर वस्तु तथ्यमा जोड दिइएको हुन्छ र प्रत्यक्ष शैली, अँगालिन्छ (श्रेष्ठ, २०५७: १५) ।

### ३।६।२।२ स्वच्छन्दतावादी कथा

स्वच्छन्दतावादी कथाहरुले मानवीय जीवनमा घट्ने र घटेका यथार्थतालाई कल्पनाको लेपना गरी आत्मपरक सौन्दर्यभावलाई अधिकाधिक महत्व दिइ कथा लेख्न रुचाउँछन् । यस्ता कथाले आदर्शता भावुकता र आत्मपरकतामा जोड दिएका हुन्छन् । यस्ता कथामा कल्पनाको संसारमा पाठकलाई विचरण गराउँदै भावुकतापूर्ण अभिव्यक्तिको स्वाद चखाउने लक्ष्य कथाकारको रहने हुनाले स्वच्छन्दतावादमा शब्दलाई कुशलतापूर्वक खेलाउने, बङ्ग्याउने र पाठकलाई काल्पनिक संसारमा दौडाउने काम हुन्छ (श्रेष्ठ : २०५०, पृ. १६) ।

## ३।६।३ शैलीका आधारमा कथाको वर्गीकरण

शैली भनेको विषयवस्तु प्रस्तुत गर्ने एक तौर-तरिका हो । शैलीका आधारमा कथाहरु धेरै प्रकारका हुन्छन् । कुनै कथाकारले घटनालाई प्रधानता दिइ घटनाप्रधान कथा

लेख्छन् भने कसैले चरित्रलाई प्रधानता दिन चरित्रप्रधान, कसैले संवादलाई महत्व दिई संवादात्मक कसैले परिवेशलाई प्रधान मानेर कथा लेखेका पाइन्छ । हाल पत्रात्मक शैली, डायरी शैलीमा पनि कथालाई प्रस्तुत गर्न थालिएको छ ।

कथाको शैलीलाई यसरी देखाउन सकिन्छ -

क) अभिव्यक्तिका आधारमा

- अ) वर्णनात्मक शैली
- आ) डायरी शैली
- इ) पत्रात्मक शैली
- ई) संवादात्मक शैली

ख) रचना विधानका आधारमा

- अ) घटनाप्रधान शैली
- ख) चरित्रप्रधान शैली
- ग) परिवेशप्रधान शैली

ग) कथानकको ढाँचाका आधारमा

- अ) रैखिक ढाँचा
- आ) सामान्य ढाचा
- इ) वृत्तीय ढाँचा

घ) अर्थ तहका आधारमा

- अ) अभिधात्मक शैली
- आ) अन्योक्तिमूलक शैली
- इ) प्रतीकात्मक शैली

ङ) परम्परागत र आधुनिक शैलीका आधारमा

- अ) परम्परागत शैली
- आ) आधुनिक शैली

च) दृष्टिविन्दुका आधारमा

- अ) प्रथम पुरुष दृष्टिविन्दु

आ) तृतीय पुरुष दृष्टिविन्दु

उपर्युक्त विभिन्न आधारमा कथाहरुको वर्गीकरण गर्न सकिन्छ । कथा एक व्यापक क्षेत्र समेट्ने विशाल विधा हो । हाल कथाले विभिन्न अवस्था पार गर्दै अ कथा अधिकथा जस्तो विधा मिश्रण, विधा विघटनको सङ्भारमा उभिएका कतिपय कथाहरुमा माथिका प्रकारहरु एकल रुपमा नभर्य मिश्रित रुपमा पनि आएको पाइन्छ । विज्ञानको चमत्कारले विश्वका हरेक पक्षलाई साँघुऱ्याएका विश्वको भौगोलिक ध्रुव, मानसिकताका ध्रुव, संवेदनाका ध्रुवलाई आत्मसात् गर्दै नयाँ मान्यताहरु जन्मिरहेका छन् । यसरी उत्तर आधुनिक युगमा विश्वसाहित्यले पङ्ख फिंजाइरहेको समयमा नेपाली साहित्यले पनि त्यसको प्रभाव ग्रहण गर्नु परिवर्तनको गतिमा आफू पनि सहभागी हुनु हो । तैपनि हाम्रा पुराना लोककथाहरु हाम्रा पुरातात्विक सम्पदा हुन् तिनीहरुलाई भत्काउन हुन्न बरु तिनीहरुलाई संरक्षण गर्नुपर्दछ । कथामा नयाँ नयाँ प्रयोग गर्दै जानु राम्रो कुरो हो तर नयाँ नयाँ प्रयोग गर्ने ¬ममा यसले आफू कथा हुनुको कारण र मौलिकता नै गुमाउनु भने हुँदैन । यदि कथामा हुनैपर्ने आधारभूत त,व वा गुणहरु हराए भने कथा कथा भएर आफ्नो अस्ति,व बचाउन सक्दैन । त्यसैले यी कुराहरुलाई प्रयोगवादी कथाकारहरुले विशेष ध्यान दिनु आवश्यक हुन्छ ।

## ३।७ नेपाली कथाको विकास¬म

कथा गद्यात्मक शैलीमा रचित आख्यानात्मक साहित्यिक विधा हो । नेपाली साहित्यको लेखनसँगै आख्यान शब्दको प्रयोग भएको हो । समग्र कथाको थालनी लोकसाहित्य साहित्यबाट नै भएको हो भन्ने विभिन्न तथ्यहरु भेटिन्छन् । नेपाली कथाको विकासको इतिहास खोज्दै जाँदा वौदिक कालसम्म पुग्नुपर्ने हुन्छ । पूर्वीय दृष्टिकोणबाट कथाको स्वरुपलाई नियाल्न सबैभन्दा प्राचीन ग्रन्थ ऋग्वेदसम्म पुग्नुपर्ने हुन्छ । पूर्वीय संस्कृति वेदबाट अनुप्राणित छ । पूर्वमा कथाको प्राचीन परम्परा, इतिहास ऋग्वेद, ब्राह्मणग्रन्थ, उपनिषदबाट प्रारम्भ भएको मानिन्छ । यसैलाई आधार मानेर कथाको परम्परालाई वैदिक, उत्तरवैदिक, पौराणिक युग भनी विभाजन गरेको पनि पाइन्छ । पूर्वमा कथाको परम्परा अगाडि बढेको आधारमा पूर्वीय संस्कृतमा कथाको परम्परा अन्तर्निहित छ भनी भन्न सकिन्छ । कथाको विकासमा लोककथा, पौराणिक कथा, लोकगाथा, गाउँखाने

कथा, कर्खा, बालुन, सोरठी, घाँटु चाँचरी विभिन्न जातक कथाहरु, मठमन्दिरमा रहेका चित्रकथाहरु, आदिले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । संस्कृत परम्पराबाट कथाको परम्परा आएको हो । अझ संस्कृत वाङ्मयको धरोहर वेद्, उपनिषद्मा पाइने कथात्मक अंश त नेपाली कथाका जग नै हुन् तर यिनीहरु नै कथाका आधुनिक रुप भने होइनन् ।

कथाको प्रचलन प्राचीन समयदेखि नै मौखिक रुपमा रहदै आएको थियो । अर्थात् भाषिक अभिव्यक्तिको सुरुवातसँगै कथा भन्ने सुन्ने परिपाटीको पनि सुरु भयो । मौखिक कथा परम्पराको लेख्य रुपमा अवतरित भएपछि यसको विकासक्रम अगाडि बढ्छ । त्यसैले नेपाली कथाका लिखित रुपमा प्राप्य कथा नै प्रारम्भिक नेपाली कथा मान्नु पर्छ । हालसम्म प्राप्त नेपाली कथाहरुमा वि.सं. १८२७ मा शक्तिवल्लभ अर्यालद्वारा लेखिएको संस्कृतको अनुदित कृति 'महाभारत विराट पर्व' लाई नै सर्वप्राचिन कथात्मक रचना मानिएको छ ।

यसरी लेख्य रुप प्राप्त गरेको नेपाली कथाले दुई शताब्दीभन्दा बढी समय पार गरिसकेको छ । यो समयावधिमा विभिन्न प्रवृत्तिगत वा वैशिष्ट्यगत मोड र उपमोडहरु पार गर्दै हाम्रा सामु उत्तरआधुनिक युगसम्म नेपाली कथा निरन्तर गतिवान् छ । यिनै मोड र उपमोडलाई अध्ययनको सजिलोका लागि विद्वान्हरुले विभिन्न कालमा विभाजन गरेर हेरेका छन् । वि.सं. १८२७ देखि वि.सं. १९५७ अर्थात् 'गोरखापत्र' प्रकाशन पूर्वको युगलाई प्राथमिक काल वा प्रारम्भिक काल, वि.सं. १९५८ देखि वि.सं. १९९१ सम्म अर्थात् 'शारदा' पत्रिकाको प्रकाशनपूर्वको युगलाई माध्यमिककाल र वि.सं. १९९१ देखि हालसम्मको समयावधिलाई आधुनिककाल मानेका छन् (बराल, २०२९: ७) ।

## ३।७।१प्राथमिक काल (वि।स। १८२७-१९५७)

प्राथमिककाल भन्नाले शक्तिवल्लभ अर्यालको 'महाभारत विराटपर्व' (१८२७) को लेखनकालदेखि 'गोरखापत्र' प्रकाशन (१९५८) पूर्वसम्मको समयावधिलाई मानिन्छ । तत्कालिन समयमा नेपालमा संस्कृत भाषाको प्रचलन र प्रभाव अधिक मात्रामा परेको देखिन्छ । जसको प्रभाव नेपाली साहित्य लेखनमा पनि परेको पाइन्छ । यस समयमा संस्कृतको शास्त्रीय कथाको अनुवाद नेपाली भाषामा अधिक मात्रामा भएको पाइन्छ । यसरी प्राथमिक कालमा नेपाली भाषामा जति पनि आख्यान र कथाहरु लेखिएका पाइन्छन् ती सबै संस्कृत भाषाका कथाहरुबाट अनुदित गरिएका देखिन्छन् । त्यसैले यो समयलाई अनुवादकाल पनि भनिन्छ । जस अन्तर्गत 'महाभारत विराटपर्व' (१८२७), 'हितोपदेश मित्रलाभ' (१८३३),

'हास्यकदम्ब' (१८५५), 'लक्ष्मी धर्मसम्वाद' (१८५८, 'पच्चीस वेताल' (१८६८), 'पिनासको कथा' (१९६९), 'दशकुमार चरित्र' (१८७५), 'मुन्सीका तीन आहान' (१९७६) 'अध्यात्मक रामायण' (१८८६), 'मुद्रा राक्षस' (१८९२) आदि महत्वपूर्ण मानिन्छन् ।

यी आख्यानात्मक कृतिहरुले त्यति धेरै गति नलिए पनि प्रारम्भिक जगको काम गरेका हुनाले यिनीहरुको ऐतिहासिक महत्व छ । यो समयका कथाहरुलाई हेर्दा यस चरणमा निम्नानुसार प्रवृतिगत विशेषता भेटिन्छन् ।

- रामायण, महाभारत, हितोपदेश जस्ता धार्मिक र नैतिक उपदेशात्मक आख्यान देखा पर्नु र त्यसले नेपाली विद्वानलाई प्रभाव पार्नु,
- धर्मलाई र नीतिलाई केन्द्रविन्दु बनाई पाठकको भावना अनुरुप वीरता र भक्तिमा आधारित गद्याख्यानहरु नेपालीमा रुपान्तरण गर्नु,
- कथाको विषयवस्तु अनुश्रुति रुपमा रहेको लोककथालाई लिएको पाइन्छ ।
- लेखकमा विधागत सचेतताको अभाव,
- सिर्जनशील कथाकारको अभाव,
- घटना र पात्रको बाहुल्यता र लामा-लामा आख्यानको प्रयोग गद्यमा पद्यको प्रयोग, मनोरञ्जनात्मक उपदेशात्मक, धार्मिक प्रेरणा जगाउनु
- पाण्डुलिपीमा सीमित रहनु,
- मानवेतर प्रयोग  पात्रको प्रयोग
- अति भावुकता, मानवेतर शक्तिको, उपास्थापन, रहस्य र अलौकिक शक्तिको आग्रह ।
- भाग्यवादको सर्वोपरिता
- मौलिक नभइ अनुवाद मै सीमित रहनु आदि ।

## ३।७।२माध्यमिक काल (वि।स। १९५८-१९९१)

नेपाली कथाको माध्यमिक काल भन्नाले वि.सं. १९५८ अर्थात् गोरखापत्रको प्रकाशनपछि शारदा पत्रिकाको प्रकाशनपूर्वको समयलाई मानिन्छ । माध्यमिक काल अनुवादबाट अगाडि बढेर प्रकाशनसम्म पुगेको देखिन्छ । यो काल समयावधिका दृष्टिले

छोटो देखिए तापनि गतिशीलता र उपलब्धिका हिसावले यो समय ज्यादै महत्वपूर्ण मानिन्छ ।

गोरखापत्रको प्रकाशनदेखि शारदा पत्रिकाका प्रकाशनपूर्वको अवधिमा पत्रिकाहरुमा कथाले जे जसरी अगाडि बढ्ने अवसर प्राप्त गरे तिनले नै माध्यमिक कालीन कथाको स्वरुप निर्धारण गरेको छ । नेपालभित्र र नेपालबाहिर गरी प्रकाशन भएका साहित्यिक पत्रिकाहरुले कथा लेखनमा ज्यादै सहयोग पुऱ्याएका देखिन्छन् साथै कथा लेखनमा हौसला प्रदान गरेको पनि पाइन्छ । उक्त पत्रपत्रिकाहरुमा प्रकाशित कथाहरुको युगीन मूल्यद्वारा नै नेपाली कथा साहित्यमा आधुनिकताको जग बलियो बनेको हो । यस कालमा प्रकाशन भएको पत्रपत्रिकाहरुमा गोरखापत्रको अतिरिक्त गोर्खे खबर 'कागज' (१९५८ दार्जलिङ्ग), सुन्दरी (१९६३, काशी), माधवी (१९६५, काशी), चन्द्र (१९७१, काशी), गोर्खाली (१९७३, काशी), चन्द्रिका (१९७४ खरसाङ), जन्मभूमि (१९७९, काशी) आदिलाई प्रमुख उपलब्धिका रुपमा लिएको पाइन्छ ।

माध्यमिककालमा आएर कथाको स्वरुपमा विस्तारै परिवर्तन हुँदै आएका सन्दर्भहरु भेटिन्छन् । कथा र उपन्यासले छुट्टाछुट्टै स्वरुप लिन सक्षम भएका देखिन्छन् । गोरखापत्रमा आख्यानात्मक कृतिहरु मात्र प्रकाशन नभई कथाको आकारमा खिस्सा - कहानीहरु पनि प्रकाशित भएका भेटिन्छन् । यस कालमा अनुदित प्रवृत्ति ओझेलमा परेको र मौलिकताले स्थान लिएको देखिन्छ । यस समयमा प्रकाशित कथाहरुमा 'प्राचीन प्रपञ्च' (१९६२), 'सुकुल गुण्डाको कहानी' (१९६१), 'मोला' (१९६८), 'हीराको औठी' (१९७०), 'स्वर्गको साँचो' (१९७१), 'अशिक्षिता जानकी' (१९७२), 'बूढाको विवाह' (१९७४), 'कर्मको फल' (१९७०), 'महागढको कथा' (१९७०), 'अबोला मैयाको कथा' (१९७०), 'अचम्मको बच्चाको कथा' (१९७०), 'आदि पाइन्छन्' यी कथाहरुका साथासाथै माध्यमिककालमा चर्चित कथाकारहरु सदाशिव मल्ल, (वीरवल कौतुक (१९८२), सूर्यविक्रम ज्ञवाली 'देवीका वली' (१९८३), 'अन्नपूर्णा' (१९८४), 'प्रेमसिंह आले र करनीको फल' (१९८६) आदि ।

माध्यमिक कालका कथाकारहरुले आदर्श नीति उपदेशलाई पूर्णतः छाड्न नसके पनि स्रोतका रुपमा कथाका विषयवस्तु, सामाजिक, मनोरञ्जनात्मक, धार्मिक, पौराणिक, नीतिमूलक जासुसी आदि क्षेत्रबाट चयन गरेको देखिन्छ । प्राथमिककाल कथामा गद्यको स्थान कतैकतै पद्यले लिएको थियो भने माध्यमिक कालमा आएर उक्त मोह बढ्दै जान थाल्यो । अतिभावुक विषयवस्तुमा प्रयोग हुने अमानवीय तथा अति मानवीय पात्रको स्थान

मानवीय पात्रले लिन थाले । यस कालमा आएर कथाको विकासका लागि अनुकूल वातावरणको निर्माण भयो । समय र परिस्थितिको कठोर अनुशासनमा बाँधिएका पाठकहरुलाई भावुक तथा काल्पनिक संसारबाट आफ्नै समाजका वास्तविक कथामा आकर्षित गर्ने यो काल चिन्तन नेपाली कथाको विकासका लागि कोशेढुङ्गे साबित भएको छ ।

यस कालका कथामा पाइने प्रवृत्तिगत विशेषतालाई यसरी केलाउन सकिन्छ -

- कथामा सामाजिक चिन्तनका साथै विविध विषयको प्रवेश चेतनाको अभिवृद्धिले गर्दालेखककहरुमा विधागत सचेतता आउनु तर पनि स्पष्ट स्वरुपको अनिश्चितता,
- राजनैतिक परिवर्तनले समाज र मानिसको सोचाइमा पार्ने प्रभावले गर्दा समसामयिकतालाई समेट्ने प्रयास गर्नु,
- मौलिक सिर्जनात्मक प्रेरित हुनु,
- कथाको आकारप्रकार निश्चित भए पनि यसप्रति कथाकारको सचेतताको कमी,
- अनुवादबाट मुक्त हुने प्रयास, घटनाको बाहुल्यता, कथा योजनामा असफल, मानवीय र मानवेतर दुबै पात्रको प्रयोग तर मानवीय पात्रलाई बढी जोड वा प्राथमिकता दिनु, पद्यप्रति मोह घट्दै जानु, विविध विषय थालनी, आदर्श, कीर्तिवाद् सच्चरित्रवान् बन्ने आग्रह, मनोरञ्जन प्रदान गर्नु, प्रकाशनको थालनी, कथालाई मानवीय धरातलमा अवतरण गरे पनि सामाजिक वास्तविकतालाई प्रतीकात्मक रुपमा प्रस्तुत गर्नु आदि ।

## ३।८।३ आधुनिक काल (वि।सं। १९९१ देखि हालसम्म)

नेपाली कथाको आधुनिक काल वि.सं. १९९१ 'शारदा' साहित्यिक पत्रिको प्रकाशनसँगै सुरु भएको मानिन्छ । आधुनिक काल विक्रमको वीसौं शताब्दीको अन्तिम दशकदेखि सुरु भएको हो (श्रेष्ठ, २०५७: २३) । नेपाली कथामा आधुनिक कालको प्रारम्भ यथार्थवादको समानान्तरमा भएको छ, जसको सम्पूर्ण श्रेय वि.सं. १९९१ देखि काठमाडौबाट प्रकाशित हुन थालेको 'शारदा' पत्रिकालाई छ (बराल, २०२९: ५) । यसरी 'शारदा' पत्रिकाले नेपाली साहित्यमा कथा लेखनलाई माध्यमिक कालीन कथालेखनको प्रवृत्तिभन्दा भिन्न प्रवृत्ति अंगालेर कथालाई प्रस्तुत गर्न सफल भएको देखिन्छ ।

नेपालको राजनैतिक इतिहासतर्फ नियाल्दा राणशासनको दमन गर्ने चरम उत्कर्षतिर उनीहरुका बीच आपसी कलह बढ्न थाल्यो भने अर्को तर्फ जनता पनि विस्तारै चेतनशील बन्न जागरुक देखिए । त्यसै समयमा 'लाइब्रेरी पर्व', 'शहीद काण्ड' घटे । जुन जनताको चेतना स्वरुप घटेका थिए । जनताको लामो संघर्षपछि निरङ्कुश व्यवस्थाले तत्कालीन कथाकारहरुलाई यथार्थतर्फ प्रेरित गरे । त्यसपछि माध्यमिककालीन नीतिपरक, सस्तो भावुकतामा रमेर मनोरञ्जन दिने जस्ता प्रवृत्तिलाई पन्छाएर नयाँ संद्धान्तिक मूल्य, मान्यता स्थापना गर्दै आधुनिक कथाकारहरु कथा लेखनमा संलग्न रहे ।

वि.सं. १९९२ मा 'शारदा' पत्रिकामा प्रकाशित 'नासो' (गुरुप्रसाद मैनाली) सामाजिक यथार्थवादी कथाबाट आधुनिक काल थालनी भएको मानिन्छ । त्यसको केही समयमा नै 'चन्द्रवदन' (विश्वेश्वरप्रसाद कोइराला) बाट मनोवैज्ञानिक यथार्थको स्थापना गरी आधुनिक काललाई सबल बनाउने कार्य भयो । त्यसै गरी वि.सं. २००७ को जनक्रान्तिको पृष्ठभूमिमा २००६ मा 'गरीब' (रमेश विकल) बाट प्रगतिवादी कथागत प्रवृत्तिले समाजवादी यथार्थवादी कथा र कथाकारहरु जन्म दिन्छ ।

वि.सं. १९९२ मा आधुनिक कालको प्रारम्भ भएदेखि हालसम्म प्राप्त कथाको प्रवाहमा देखिएका प्रवृत्तिलाई आधार मानेर यसरी युग विभाजन गर्न सकिन्छ -

क) यथार्थवादी युग (वि.स. १९९२-२०१९)

ख) नवयुव (वि.सं. २०६० देखि हालसम्म)

यथार्थवादी युग पनि तीन चरणमा वाडेर हेर्न सकिन्छ -

१) सामाजिक यथार्थवादी परम्परा

२) मनोवैज्ञानिक यथार्थवादी परम्परा

३) समाजवादी यथार्थवादी परम्परा (बराल, २०२९: ९)

नेपाली कथामा आधुनिकतामा प्रथम तीन धाराहरु (क) सामाजिक यथार्थ (ख) मनोविज्ञानवाद (ग) प्रगतिवाद । त्यसपछि अर्को धारा हो नवचेतनावाद । यो पछिल्लो धाराले वि.सं. २०६० को दशकदेखिको परम्परालाई संवहन गर्दछ (श्रेष्ठ, २०५०: २६) ।

आधुनिक नेपाली कथाको अध्ययन गर्ने क्रममा विभिन्न साहित्यिक चिन्तकहरुले विभिन्न कालखण्डहरुलाई विभिन्न चरणमा विभाजन गरी अध्ययन विश्लेषण गरेको पाइन्छ । समयानुसार कथाले विभिन्न मोड र प्रवृत्तिहरुलाई अगाल्दै अगाडि बढेको देखिन्छ ।

त्यस्ता मोड तथा प्रवृत्तिका आधारमा आधुनिक कथाको विकासक्रमलाई विभिन्न धारा तथा युगकालका रुपमा विभाजन गरेर हेर्नु उपयुक्त देखिन्छ -

१) यथार्थवादी युग (वि.स. १९९२-२०१९ सम्म)

   क) सामाजिक यथार्थवादी धारा

   ख) मनोवैज्ञानिक यथार्थवादी धारा

   ग) समाजवादी यथार्थवादी धारा

२) नवचेतनावादी युग (वि.सं. २०२० हालसम्म)

   क) प्रयोगवादी धारा

   ख) समसामयिक धारा

## ३।८।३।१ यथार्थवादी युग (वि।सं। १९९२-२०१९ सम्म)

नेपाली साहित्यको कथा परम्परामा विभिन्न चरण बिभाजन गरिएअनुसार आधुनिककाललाई पनि विभिन्न उपचरण/उपधारामा विभाजन गरेको भेटिन्छ । यसै आधारमा यथार्थवादी धारालाई आधुनिक नेपाली कथाको विकासक्रमको पूर्वार्द्धमा देखिएको एउटा प्रमुख धारा मानिन्छ । यथार्थवाद भन्नाले कुनै पनि वस्तु, स्थानविशेष, घटनाहरु आदिलाई जस्ताको तस्तै रुपमा प्रस्तुत गर्नुलाई बुझिन्छ । यो समयमा विभिन्न राजनीतिक घटनाक्रमहरु उथलपुथल भएको र जसको प्रत्यक्ष प्रभाव साहित्यकारहरुमा पर्नु स्वभाविक नै हो । आधुनिक नेपाली कथामा १९९२ सालमा गुरुप्रसाद मैनालीको 'नासो' कथा 'शारदा' पत्रिकामा प्रकाशित भएपछिको समयावधिबाट यथार्थवादी धाराको थालनी भएको मानिन्छ । मैनालीबाट शुरु भएको यथार्थ विशुद्ध यथार्थवाद नभइ आदर्शोन्मुख यथार्थवाद भएको मानिन्छ । वि.सं. २००७ सालको राजनैतिक क्रान्ति र परिवर्तनपछि साहित्यको क्षेत्रमा पनि परिवर्तन आर्य समाजवादी यथार्थवादी प्रवृत्तिले स्थान पाएको देखिन्छ । त्यसैगरी यथार्थवादी प्रवृत्तिसँगै पाश्चात्य चिन्तन प्रणालीको प्रभाव स्वरुप मनोवैज्ञानिक यथार्थवादी प्रवृति पनि नेपाली साहित्यमा प्रयोग हुँदै आएको देखिन्छ । यसरी यथार्थवादी धारा अन्तर्गत विभिन्न उपधाराहरु भेटिन्छन् जुन यस प्रकार छन् -

**क) सामाजिक यथार्थवादी धारा**

नेपाली कथाले वि.सं. १९९२ शारदा पत्रिकाबाट गुरुप्रसाद मैनालीको सामाजिक यथार्थवादी कथा 'नासो' पाएर नै आधुनिककालको संवरण गरेको हो । यस युगका अधिष्ठाता गुरुप्रसाद मैनाली नै हुन् । त्यसैले उनलाई प्रथम आधुनिक कथाकार भनिएको हो (श्रेष्ठ, २०५७: २६) । मैनालीको यथार्थवादी दृष्टिकोण विस्तारै आदर्शवादसम्म भएको हुँदा आदर्शोन्मुख सामाजिक यथार्थवादी कथाकारका रुपमा चिनिन्छन् । नेपाली समाज मूलतः हिन्दू संस्कृतिबाट प्रभावित भएकाले नेपाली कथामा त्यसको प्रभाव पर्नु स्वभाविकै हो । हिन्दू संस्कार साँस्कृतिक मूल्यका दृष्टिबाट पनि सहिष्णुता, धैर्य, क्षमा, दान, परोपकार औदार्य आदिमा अत्यधिक विश्वास रहने हुनाले पनि नेपाली कथा आर्दशबाट सिञ्चित रहनु स्वभाविकै मानियो ।

यसरी सामाजिक यथार्थवादी कथामा समाजमा व्याप्त विकृति विसङ्गतिलाई यथार्थरुपमा उतार्ने र विषयवस्तु पनि सामाजिक सन्दर्भका हुन्छन् । यस्ता कथाकारले समाजका निम्नवर्गीय समस्या, पारिवारिक तनाउ र विघटन, ग्रामणि जीवनका सामाजिक, सांस्कृतिक, आर्थिक पक्षको उल्लेख गर्दै तत्जन्य समस्यालाई लिएका हुन्छन् । यस्ता कथामा विग्रिएको भन्दा राम्रो बनेको समाजको चित्रण गरिने हुनाले मूलतः कथा सन्देशमूलक र सुधारात्मक हुनसक्छन् ।

सामाजिक यथार्थवादी कथाकारहरुले सचेत लेखनका माध्यमबाट समाजको यथार्थ विम्ब उतार्ने काम गर्छन् । उनीहरु विकृति, खराबीहरुका रहस्य खोली मानिसको स्वार्थपूर्ण व्यवहार, आडम्बरयुक्त रीति, गरीब वर्गको दुनियतिलाई विषयवस्तु बनाइ सामाजिक मूल्य र मान्यताको आलोचना गर्नुका साथै कुरीति एवम् परम्परावादी रुढीग्रस्त विचारधाराको प्रतिवाद गर्छन् । नारी वर्गको समस्यालाई विशेष महत्वका साथ हेरिएको पाइन्छ । मैनालीका साथै यस धारालाई सबल तुल्याउने अन्य स्रष्टाहरुमा वालकृष्ण सम, रुपनारायण सिंह, पुस्कर शमशेर, शङ्कर कोइराला, लीलबहादुर क्षेत्री, केशवराज पींडाली, हृदयचन्द्रसिंह प्रधान, आदि रहेका छन् । नेपाली कथाको आधुनिक कालमा अन्य परम्पराको सापेक्षतामा यही परम्परा बढी सबल एवम् लोकप्रिय रहेको मानिन्छ ।

## ख) मनोवैज्ञानिक यथार्थवादी धारा

वि.सं. १९९२ देखि नेपाली कथा साहित्यमा मनोवैज्ञानिक धाराको शुरुवात भयो अर्थात् सामाजिक यथार्थवादी धाराको शुरुवात भएको लगत्तै मनोवैज्ञानिक यथार्थवादी

धाराको शुरुवात भएको हो । नेपाली कथाको ऐतिहासिक विकासक्रममा आधुनिक कालको स्थापना सामाजिक यथार्थवादबाट भयो भने यसलाई सघन रुप दिने र भित्रैदेखि शक्तिशाली बनाउने वा सशक्तिकरण गर्ने काम मनोविज्ञानबादबाट भयो (श्रेष्ठ, २०५७: २७) ।

बीसौं शताब्दीमा विश्वसाहित्यमै ठूलो हलचल मच्चाउने मनोविज्ञानवादका प्रणेता सिग्मण्ड फ्रायड थिए । फ्रायड र युङ्गको सामूहिक प्रयासबाट सशक्त बनेको यसवादलाई नेपाली सात्यिमा भित्र्याउने काम विश्वेश्वरप्रसाद कोइरालाले गरे । उनको 'चन्द्रवदन' कथा नै पहिलो नेपाली मनोवैज्ञानिक कथा हो । कोइरालाले मानिसको जीवनलाई हेर्ने मनोवैज्ञानिक कथा हो । कोइरालाले मानिसको जीवनलाई हेर्ने मनोवैज्ञानिक पक्षको उद्घाटन गरे । नेपाली मनोवैज्ञानिक कथाकारहरुले मनोयथार्थिक पक्षको उद्घाटन गर्ने क्रममा विशेष गरी यौनलाई जोड दिइएका छन् । मनोःस्नायुविकृतिको सिकार भएका पात्रहरु अथवा असामान्य मनस्थिति भएका पात्रहरुको संवेदना र अनुभूतिलाई कथाकारले व्यक्त गरेका छन् (श्रेष्ठ, २०५७: २७) । यसरी कथाकारहरुले यौनगत अनेक समस्या र मनोस्नायुविकृत पात्रहरुको कही यौनजन्य संवेग केही यौनप्रेरणा, त कही यौन कुण्ठालाई राम्रोसँग केलाएका छन् । त्यस्तै यौनविकृति र यौनलाई सतही रुपमा नहेरी त्यसलाई समाज र संस्कृतिसँग सम्वद्ध गरी सापेक्षित दृष्टिबाट हेर्ने काम गरेका छन् ।

मनोविज्ञान अन्तर्गत पनि विभिन्न मनोविज्ञान रहेका देखिन्छन् जस्तै बालमनोविज्ञान, यौनमनोविज्ञान, अपराध विज्ञान आदि । मनोवैज्ञानिक कथाकारहरुले नारी-पुरुष, बालकका सामान्य र असामान्य मानसिकताको विश्लेषण गर्दछन् । व्यक्ति मनका गुढ रहस्यहरु कलाउन होस् अथवा बालक मनका गहिराइलाई खोतल्न नै किन नहोस् यस धाराका कथाकारहरुले वैज्ञानिक धरातललाई आड बनाएर मार्मिक कथाहरु लेखेका देखिन्छ । नेपाली कथा साहित्यमा मनोविज्ञान वादलाई सबल र सशक्त बनाउने अन्य स्रष्टाहरुमा भवानी भिक्ष, गोविन्द गोठाले, विजय मल्ल, प्रेमा शाह, पोषण पाण्डे, पुष्कर लोहनी, मदनमणि दीक्षित, कुमार नेपाल, मोहनराज शर्मा, देवी कुमारी थापा आदि हुन् । हाल पनि यस धाराका स्रष्टाहरुले सशक्त रुपमा मनोवैज्ञानिक कथा नेपाली साहित्यिक फाँटमा पस्किरहेका छन् ।

**ग) समाजवादी यथार्थवादी धारा**

आधुनिक नेपाली कथामा समाजवादी यथार्थवादी धाराको प्रारम्भ वि.सं. २००६ सालमा रमेश विकलको 'गरिव' कथाबाट भएको मानिन्छ । तत्कालीन शासन व्यवस्थाका कारण यस धाराले सर्वव्याप्ति पाउन सकेन तर २००७ सालमा राणा शासनको अन्त्यपछि मात्र यो धारा औपचारिक प्रारम्भ भई सक्रिय रुपमा अगाडि बढेको देखिन्छ । यो धारा कालमार्क्सको द्वन्द्वात्मक भौतिकवादबाट प्रभावित भएको पाइन्छ । यस क्षेत्रका कथाकारको मूल रुचिको विषयवस्तु जनपक्ष नै देखिन्छ । नेपाली साहित्यमा यो धारा २००७ देखि २०१७ सालसम्म निकै सक्रिय रुपमा रहेको पाइन्छ ।

यस धाराका कथाकारहरुमा गरिबीका कारण देखा परेका जटिल समस्या शोषकवर्गको अन्याय, अत्याचारबाट पीडित निम्नवर्गीय मानिसहरुको दयनीय स्थिति, सामन्ती संस्कारका सिकार बनेर पीडामय जीवन बिताउने बाक्य निम्नमध्यम वर्गको दुःखलाई चिरफार गर्दै वर्ग संघर्षको माध्यमबाट भौतिक र आर्थिक समानता समाजमा कायम गर्नुपर्छ भन्ने मान्यता यस्ता कथामा उल्लेख भएको पाइन्छ । उनीहरु समाजलाई आध्यात्मिक कोणबाट नहेरी भौतिकवादी भावको चित्रण गर्दछन् । उनीहरुको मूल उद्देश्य धनी र सम्भ्रान्त वर्गले गरिव तथा विभिन्न वर्गमाथि गर्ने अन्याय, अत्याचार, दमन, शोषण, अनैतिक व्यवहार आदिलाई सशक्त रुपमा चित्रण गर्दै क्रान्तिकारी स्वर प्रस्तुत गर्नु रहेको देखिन्छ । वर्गद्वन्द्वको उल्लेख, समानताका आकाङ्क्षा, शिल्पपक्षप्रति उदासिनता आदि पक्षहरु पनि पाइन्छ । मार्क्सवादी चिन्तन अनुरुपको समतावादी समाजको स्थापनामा जोड दिन्छन् कथाकारहरुले ।

यस धारालाई प्रगतिवादी धारा भनेको पनि पाइन्छ, यस धारामा आफ्नो सशक्त उपस्थिति जनाउने अन्य स्रष्टाहरुमा हृदयचन्द्रसिंह प्रधान, घनश्याम ढकाल, राजव इस्लामी, कृष्णप्रसाद सर्वहारा, पुण्यप्रसाद कार्की, चुडामणि रेग्मी, खगेन्द्र सङ्गौला, नवीन 'विभास', डि.वी. अधिकारी, भवानी घिमिरे आदि छन् । यसको स्थापना र विकासमा विभिन्न सङ्घसंस्था र पत्रपत्रिकाहरुको पनि ठूलो योगदान रहेको देखिन्छ । नेपाली कथा साहित्यमा देखा परेका यी समाजवादी यथार्थवादी कथाकारहरु हाल पनि उत्तिकै रुपमा सामाजिक असमानताको विरोध गर्दै गरिव, निमुखाको पक्षमा आफ्नो कलम चलाइरहेका छन् ।

### ३।७।३।२ नवचेतनावादी युग (२०२० देखि हालसम्म)

आधुनिक नेपाली कथाको क्षेत्रमा वि.सं. २०६० देखि हालसम्मको समयलाई नवचेतनावादी धाराको नामले चिनिन्छ । वि.स. २००७ सालको राजनैतिक परिवर्तन पछि नै नेपाली कथामा परम्परित लेखन प्रवृत्तिमा परिवर्तन भइरहेको पाइन्छ । परम्पराभन्दा भिन्न राजनैतिक खिचातानीको प्रभाव परेको यस समयमा अन्तरराष्ट्रिय प्रभाव, अप्रत्यक्ष रुपमा कथामा विषयवस्तु समावेश गर्नुपर्ने अवस्था व्यक्तिगत स्वतन्त्रताको सीमितताका कारणले गर्दा यस समयावधिलाई नेवचेतनावादी धारा भनेर चिनाइएको पाइन्छ । यस समयमा स्रष्टाहरुले विविध प्रयोगमा रुचि देखाउन थाले । उनीहरु विभिन्न परिवेशसँग आफ्नो सहमति विमति जनाउँदै प्रतीकात्मक नाम दिदै विभिन्न आन्दोलनसँग सम्वद्ध रहे यस धारालाई दुई उपधारामा विभाजन गरी हेर्न सकिन्छ -

प्रयोगवादी धारा (२०२०-२०४० सम्म)

समसामयिक धारा (वि.सं. २०४० देखि हालसम्म)

## क) प्रयोगवादी धारा

आधुनिक नेपाली कथामा प्रयोगवादी कथाको औपचारिक समय वि.सं. २०२० देखि मानिन्छ । तापनि यस धाराको प्रवर्तन भने इन्द्रबहादुर राईको 'खीर' (२०१९) कथाबाटै भएको हो । प्रयोगवादी कथा परम्परालाई परिवारीमुक्त कथा पनि भनिएको छ । किनभने यस कालका कथामा आधुनिक नेपाली कथाका पुराना परम्परालाई सर्वथा परित्याग गरेका छन् (शर्मा : २०५९, २२३) । यो धारा २०२० देखि २०४० सालसम्म निकै सक्रिय रहेको पाइन्छ । यो धारामा परम्परित मूल्य मान्यताको विघटन गर्दै विधा मिश्रण विधा मञ्चन गरी कथा लेखिन थाले । साथै स्रष्टाले कथानकको प्रस्तुति पनि विशृङ्खल रुपमा प्रस्तुत गर्ने, स्थान विशेषलाई भन्दा विश्वजनीन स्वभावलाई कथामा समावेश गर्ने गरे । प्रस्तुतिमा पनि यथार्थ सन्दर्भभन्दा फरक सन्दर्भ देखिए, कथाहरु बौद्धिक बन्न पुगे, विषयवस्तु सामान्य भए तापनि औपचारिक र सघन देखिए, अस्ति,ववादी विसङ्गतिवादी दर्शनजस्ता सन्दर्भहरु यस कालका कथाहरुमा देखिए । विचलनयुक्त भाषाको प्रयोग गर्ने, आन्तरिक व्यक्तित्वलाई सिंगार्ने प्रयास प्रशस्त मात्रामा भएको पाइन्छ । आयामेली, स्वैरकल्पनात्मक लेखनको प्रयोग गर्नु, अकथात्मकता, संरचनामा नयाँपन, आदि प्रवृतिहरु यस धारामा देखिन्छन् । प्रयोगवाद विद्रोहको अभिव्यक्ति हो, विद्रोह स्थापित सामाजिक, नैतिक मूल्यसँग, विद्रोह स्वयं आफूभित्रको कमजोरी र ग्रन्थिसँग र विद्रोह व्यवस्थासँग जसले मानिसलाई बाँच्नुको

व्यर्थतामा बाँच्ने इच्छा बाडिरहेछ । त्यसैले यो धारा विसङ्गतिवाद्, निस्सारदावाद, र अस्ति,ववादको खुला सीमाभित्र बाँधिएको छ (श्रेष्ठ, २०५७: ३०) । कथाको संरचनालाई भिन्न तुल्याइदिए पाठकवर्गको चेतना, संवेग, बौद्धिकता आदिलाई प्रदर्शन गर्ने प्रयास यस कालमा गरिएको पाइन्छ ।

यस धारामा संलग्न कथाकारहरुमा इन्द्रबहादुर राई, शङ्कर लामिछाने, मनु ब्राजाकी, मोहनराज शर्मा, ध्रुव सापकोटा, परशु प्रधान, पारिजात, भाउपन्थी, ध्रुवचन्द्र गौतम, अनिता तुलाधर, अशेष मल्ल, सरुभक्त आदि । त्यसै गरी यस कथाको विकासमा उल्लेखनीय भूमिका खेल्ने विभिन्न साहित्यिक आन्दोलनहरुमा तेस्रो आयाम, अस्वीकृत जमात, अमलेख, बुटपालिस, राल्फा आदि हुन् । यस धाराका कथाले यौनजन्य जीवनको आन्तरिक रुपलाई चिनाएका, वैज्ञानिक चिन्तन स्वीकार्दै मूल्य द्वन्द्वमा विशेष ध्यान पुऱ्याउनाका साथै तथाकथित खोक्रो सभ्यताको मुकुण्डो उतारिएको छ । यस धाराका कथाकारहरुले बेमलिक, पारिवारिक र सामाजिक जीवनका समस्यापूर्ण स्थिति, जटिलताको खोज आफ्नो कथाहरुमा गरेका छन् ।

## ख) समसामयिक धारा (२०४० देखि हालसम्म)

नेपाली कथाको विकासक्रमको पछिल्लो चरणलाई समसामायिक धाराको नामले चिनाइएको पाइन्छ । समसामयिकको अर्थ वर्तमानमा प्रचलित भन्नु नै उपयुक्त देखिन्छ । वर्तमानमा सिर्जित साहित्य प्रस्तुत मान्यता समकालीन हुन सक्छन् । त्यस्तै अवस्थामा घटित घटना, सृजित समस्यालाई समसामयिक भनिन्छ (शर्मा, २०५९: २७३) । यस समसामयिक धारालाई छुट्याउन ऐतिहासिक तथा प्रवृतिगत आधारहरु नभए पनि वि.सं. २०४० को दशकपछिको कथामा देखिएका सूक्ष्म प्रवृत्ति समयको अन्तराललाई मनन गरी वि.सं. २०४० सालपछिका कथालाई समकालीन कथा धाराको रुपमा मानिएको पाइन्छ ( श्रेष्ठ र शर्मा, २०५६: ८७-९१) ।

यस समयमा राजनीतिक परिवेश विस्तारै खुकुलो हुँदै गएपछि पाठकलाई नजिकै राखी कथाको रचना गर्न थालिएको देखिन्छ । संरचनागत जटिलताबाट सरलतातर्फको अभिमुखीकरणले कथा वौद्धिक जटिलताबाट विस्तारै मुक्त हुन थालिएका सन्दर्भहरु पनि देखिन्छन् । कथा सिर्जना गर्दा विषयवस्तु सामान्य भए पनि त्यसलाई विभिन्न प्रतीक र विम्ब, प्राक-सन्दर्भद्वारा व्यक्त गर्ने परिपाटी यस अवधिमा भेटिन्छ । कथाकारले परम्परित र

प्रयोगशील दुवै कथ्यको अभिव्यक्ति कथामा गरेको पाइन्छ । कथाकारहरु नयाँ-नयाँ विषय र क्षेत्रको उत्खनन गर्नतर्फ अभिप्रेरित रहेका देखिन्छन् । कुनै एउटा शैलीमा मात्र आबद्ध नभई आ-आफ्नो धारणाबमोजिम कथा रचना गरेका पाइन्छन् । अलग-अलग भाषा भाषिका, भेषभूषा रीतिरिवाज, खानपित, रहन-सहन, वैचारिक तह आदिलाई एएटा निश्चित कलात्मक मूल्यभित्र राखेर परिवेक्षण गर्ने जस्तो काम यस अवधिका कथाकारहरुले सम्पन्न गरेका छन् (श्रेष्ठ, २०५७, ३१) । नेपाली समाजमा व्याप्त विकृति, विसङ्गति, आर्थिक असमानता, शोषण, दमन, वर्गीय भेद आदि विभिन्न कारणहरुबाट देखापर्ने विकराल रुपलाई कथाकारले कथामा व्यक्त गरेका पाइन्छन् । कुनै एक निश्चित प्रवृत्तिमा निहित नभएको र यस धारामा यही प्रवृत्ति नै बढी प्रयोग भएको छ भन्ने कुनै सन्दर्भ देखिंदैन । त्यसैले प्रवृत्तिगत विविधता पाइन्छ ।

वि.सं. २०४६ सालपछि नेपाली राजनीतिमा आएको परिवर्तनको छाप नेपाली कथा साहित्यमा परेको देखिन्छ । वि.सं. २०४६ सालमा भएको राजनीतिक आन्दोलनले राजालाई सत्ताच्युत पानृ नसके पनि केही राजनीतिक वातावरणमा भने खुकुलोपन आयो । वि.सं. २०५२ सालमा नेकपा माओवादीले तत्कालीन राज्यव्यवस्थाप्रति असन्तुष्टि जनाउँदै भूमिगत रुपमा सशस्त्र जनयुद्ध थाल्यो । १० वर्षसम्म चलेको यस आन्दोलनमा धेरै धनजनको क्षति भयो । २०५८ सालमा तत्कालीन राजा वीरेन्द्र शाहको वंशै नाश हुने गरी नारायणहिटी दरबार हत्याकाण्ड भयो र वीरेन्द्रका माहिला भाइ ज्ञानेन्द्र सत्तामा आउने वित्तिकै निरङ्कुश बन्ने प्रयास गरे । उनले जननिर्वाचित प्रधानमन्त्रीलाई वर्खास्त गरी २०६१ माघ २१ गते सम्पूर्ण शासनभार आफ्नै हातमा लिएको घोषणा गरे । यस कदमको विरुद्धमा जनताले पनि २०६१ फागुन ७ गतेदेखि देशव्यापी विरोधका कार्यक्रमहरु सार्वजनिक गरे । साहित्यकारहरु पनि संगठित रुपमा लागि राजनीतिक दलहरुलाई सघाउन थाले । २०६१ फागुन २ गते हरिगोविन्द लुईटेल, आनन्ददेव भट्ट, डा. तुलसी भट्टराई, निनु चापागाइँ, नवीन सुब्बा आदि मिलेर 'लोकतान्त्रिक स्रष्टाहरुको संयुक्त मञ्च' को स्थापनाले नै साहित्यकारहरुलाई एकत्रित गरायो ।

तत्कालीन राजा ज्ञानेन्द्रको निरङ्कुशताको विरुद्धमा सवै राजनीतिक पार्टी, नागरिक समाज साथै सम्पूर्ण जनताहरु एकजुट भएर वि.सं. २०६२ चैत्र २४ देखि २०६३ वैशाख ११ गतेसम्म दोस्रो जनआन्दोलन भयो । जनताको चर्को आन्दोलनलाई थाम्न नसकेर राजा ज्ञानेन्द्र शाहले २०६३ वैशाख १२ गते जन्ताको नासो जनतालाई नै फर्काएको घोषणा गरे ।

दोस्रो जनआन्दोलन पश्चात् पूर्ण प्रजातन्त्रको पुनर्वाहाली भएको छ । यसरी विकसित राजनीतिक घटनाक्रमसँगै नेपाली कथा लेखन कार्य निरन्तर रुपमा अगाडि बढिरहेको देखिन्छ । कथाकारहरु पनि समय अनुकूल नयाँ प्रवृति, मूल्य र मान्यताका साथ निरन्तर रुपमा कथा लेख्ने प्रयासमा लागेका देखिन्छन् । यस कालमा देखिएका कथाकारहरुमा चूडामणि रेग्मी, खगेन्द्र संग्रौला, संजय थापा, नवीन विभास, हरिगोविन्द लुईटेल, प्रदीप नेपाल, ध्रुव सापकोटा, नारायण ढकाल, हरिहर खनाल, भागीरथी श्रेष्ठ, माया ठकुरी, मोहनराज शर्मा, राजव, माया ठकुरी, पद्मावती, विनय कसजू आदि कथाकारहरु सक्रिय रुपमा लागेका छन् ।

यसरी समसामयिक धाराको पछिल्लो समयमा माओवादी जनयुद्धले निकै उग्र रुप लियो । फलस्वरुप नेपाली साहित्यमा प्रत्यक्ष रुपमा प्रभाव पर्‍यो । नेपाली कथाकारहरु बन्द, हडताल, द्वन्द्व, कुटाई, म्यानपावर कम्पनीको ठगी, सुरक्षाकर्मी र आतङ्ककारिको दोहोरो मार, हमला, विस्फोट, फाइरिङ, भ्रष्टाचार, शैक्षिक अराजकता, उजाड गाउँ, कर्फ्यु, प्रतिगमनविरुद्धको आन्दोलन, आतङ्क, लास पुर्ने खाडहरु, सरकारी दमनको विरोध आदि विविध विषयहरुलाई समेटेर कथाहरु लेखिएका देखिन्छन् ।

त्यसै गरी नारीवादी लेखनको थालनी, विनिर्माणवादी लेखन, विषयकेन्द्रको विघटन गरिनु जस्ता प्रवृत्ति अधिक भात्रामा देख्न सकिन्छ । परम्परित कथा लेखन ढाँचामा रहेर नवीन विषयवस्तु व्यक्त गर्न नसकिने हुँदा समसामयिक धाराका कथाकारहरु नयाँ कलेवरका कथाहरुको रचना गरेका छन् । यस धाराका मूल विशेषता भन्नु लेखनमा वौद्धिकता अर्थात् संरचनागत कठिनताबाट सरलता अर्थात् सम्प्रेषणीयतातर्फ अभिमुखिकरण भउको देखिन्छ । साहित्यमा सर्वत्र निराशा, दिशाहीनताको स्वर, विसङ्गति, निस्सारताको उग्र विरोधी भावना जागृत भएको अवस्था, अन्तर्राष्ट्रिय परिवेशलाई अगाल्दै कथा लेख्ने परिपाटी रहेको देखिन्छन् । परिवर्तित मानवीय स्रोत-साधन र सामाजिक चिन्तन प्रणालीले तिमीहरुलाई समाजभित्रका असामाजिक प्राणीहरुको गतिविधिको चियोचर्चा गर्न समूहबीचको असामान्य मान्छेको चरित्रको शल्यक्रिया गर्न वा एक्लोपनको नियति भोग्दा भोग्दा जीवनदेखि वितृष्णा पैदा भएको मानिसको आँखा एकपल्ट जीवनलाई शिरदेखि पाइतालासम्म निरीक्षण गरेको पाइन्छ (श्रेष्ठ र शर्मा, २०६१: ९०) ।

अतः नेपाली कथाको समसामयिक धाराको प्रमुख प्रवृतिका रुपमा सामाजिक विकृति र विसङ्गतिको आलोचना, सामन्ती शोषणको उद्घाटन, प्रशासनिक अकर्मण्यताको

आलोचना, महिला बालबालिका, अपाङ्ग तथा प्रकृति प्रकोपको चित्रण, वर्गीय चेतनाको विकास, शौर्य र साहसको प्रतिबिम्ब, राजनैतिक विकृतिको आलोचना र वौद्धिक विकृतिको विरोध प्रजातन्त्रको मूल्याङ्कन, विस्तारवादी तथा साम्राज्यवादी अतिक्रमणको विरोध, धार्मिकअन्धताको प्रदर्शन, माओवादी गतिविधीको प्रतिबिम्ब आदि देखिन्छन् । अन्य प्रवृतिहरुमा व्यङ्ग्यात्मकता, यथार्थता, प्रगतिवादी लेखन, विनिर्माणवादी लेखन, प्रतीकात्मकता, केन्द्रगत विघटन, शैलीपरकता, पात्र र परिवेशको सुक्ष्म चित्रण, आलोचनात्मक यथार्थवादी, विसङ्गति र अस्ति,वको चित्रण, आदि देखिन्छन् । झर्रा शब्दको प्रयोग साथै स्थानीय शब्दहरुको प्रयोग अधिक पात्रगत विषयगत, भावगत, शब्दहहरुको चयनले शैलीमा मीठास आदि यस समयका कथाहरुका भाषिक उपलब्धिहरु हुन् । भावपूर्ण र सुहाउँदिला शब्द, उपमा, उखानटुक्का, पारगत संवाद आदिले कथाहरु जीवन्त, मार्मिक, कोमल सघन र लक्ष्यपूर्ण बनेका पाइन्छन् । तार्किकता, कुशल वाक्यगठन नियमितता, गतिशील, कसिलो, स्पष्ट, अकृत्रिमता आदि यस समयमा लेखिएका कथाहरुका शैलीगत वैशिष्ट्यहरु मानिन्छन् । थोरै शव्दमा धेरै भाव प्रदर्शन गर्न सक्नु यस समयका कथाको शैलीगत प्राप्ति नै हो भन्न सकिन्छ ।

यसरी हेर्दा नेपाली कथाले विभिन्न चरण र उपचरणहरु पार गर्दै हालसम्म आइपुग्दा एक सशक्त लोकप्रिय विधाका रुपमा आफूलाई उभ्याउन सफल भएको छ । यसको विकासयात्रामा भेटिएका विविध मोडमा रहेका सर्जकहरुको यसलाई अझ अरु सबल बनाउने प्रयास सफल हुने विश्वास गरौं ।

# चौथो परिच्छेद

## हिमशिखर पत्रिकामा प्रकाशित कथाहरुको अध्ययन

'हिमशिखर' साहित्यिक पत्रिका हेमजा साहित्य प्रतिष्ठानले २०५७ सालको दशैं र तिहारको समयदेखि प्रकाशन सुरु गरेको हो र त्यस समयदेखि वार्षिक रुपमा सोही अवस्थामा हरेक साल प्रकाशित हुँदै आइरहेको छ । प्रति वर्ष एक अङ्क मात्र निस्के पनि यो पत्रिका निरन्तर प्रकाशित भइरहेको देखिन्छ । २०६५ सालसम्मका नौ वर्षमा यस पत्रिकाका नौवटा अङ्कहरु प्रकाशित छन् र ती प्रत्येक अङ्कहरुमा साहित्यका विभिन्न विधाका रचना तथा समालोचनाहरु प्रकाशित भएका छन् । त्यस हिसावले यस पत्रिकामा विभिन्न कथाकारहरुका कथाहरु पनि प्रकाशित छन् । यस अध्ययनमा प्रस्तुत पत्रिकामा प्रकाशित सम्पूर्ण कथाहरुको सर्वेक्षण एवं वर्गीकरण गरी केही प्रतिनीधि कथाहरुको कथात,वका आधारमा विश्लेषण गरिएको छ ।

## ४।१ हिमशिखरमा प्रकाशित कथाहरुको सर्वेक्षण

हिमशिखर साहित्यिक पत्रिकाका हालसम्म प्रकाशित जम्मा नौ वटा अङ्कहरु छन् । ती सबै अङ्कहरुमा प्रकाशित कथाहरुको जम्मा संख्या ४९ रहेको छ । तिनिहरुको संग्रहित विवरण निम्नअनुसार प्रस्तुत गरिएको छ ।

| ¬.सं. | अङ्क | कथा शीर्षक | कथाकार | पृष्ठ |
|---|---|---|---|---|
| १. | १ | आमा | भाष्कर | १५-१६ |
| २. | १ | कुकुर र मान्छे | विश्व शाक्य | २४-२६ |
| ३. | १ | अपूरो प्रेम | रमेश अधिकारी | ६०-६१ |
| ४. | १ | देवता | विष्णुप्रसाद सुवेदी | ७७-८० |
| ५. | २ | कमण्डलुमा रक्सी खानेहरु | भाष्कर | १०-१३ |
| ६. | २ | ब्रãण्डको मृत्युपछि | सरुमक्त | ३०-३३ |

| ¬.सं. | अङ्क | कथा शीर्षक | कथाकार | पृष्ठ |
|---|---|---|---|---|
| ७. | २ | दिगन्त प्रजातन्त्र | टेकनाथ पोखेल | ६७-६९ |
| ८. | २ | अस्मिता | धर्मराज बाँस्तोला | ८३-८४ |
| ९. | २ | भोक | विष्णुप्रसाद सापकोटा | ९७ |
| १०. | २ | अस्मिताको अन्त्य | रमेशलाल पौडेल | १३४-१३५ |
| ११. | ३ | होमोस्यामिन्सको सम्बोधन त्यस संघटना प्रति जसलाई प्रकृति भनिन्छ | सरुभक्त | १२-१५ |
| १२. | ३ | दिउसोको सपना | इन्द्रकुमार विकल्प | ४० |
| १३. | ३ | सोमे काका | कृष्णप्रसाद पौडेल | ४६-४७ |
| १४ | ३ | चिठ्ठी | धर्मराज बाँस्तोला | ६२-६५ |
| १५. | ३ | विवाह | सरित तिम्सिना | ७९ |
| १६. | ३ | रक्सी | गंगा अधिकारी | १०४-१०५ |
| १७. | ४ | दौलथी | टेकनाथ पीडित | २०-२३ |
| १८. | ४ | आत्महत्या कसले गर्ने | कृष्णप्रसाद पौडेल | ३४-३५ |
| १९. | ४ | भाग्यको खेलसँग | शंकरराज सापकोटा | ६२-६५ |
| २०. | ४ | तारुण्य वायु | तिलकप्रसाद तिम्सिना | ६९-७० |
| २१. | ४ | सहिद | निरायणी ढुङ्गाना | ८९-९० |
| २२. | ४ | अझै मानवता मरेको छैन | विष्णुप्रसाद सापकोटा | ७५ |
| २३. | ५ | समय सीमा | सरुभक्त | ६ |
| २४. | ५ | शुभारम्भ | लक्ष्मण थापा | ३०-३५ |
| २५. | ५ | उनी फर्केनन् | धर्मराज बाँस्तोला | ३७-४० |
| २६. | ५ | यी त हाम्रै पार्टीका हुन् | कृष्णप्रसाद पौडेल | ४२-४५ |

| क्र.सं. | अङ्क | कथा शीर्षक | कथाकार | पृष्ठ |
|---|---|---|---|---|
| २७. | ५ | फरक | सूर्यचन्द्र बस्नेत | ५५ |
| २८. | ५ | कुकुर | टेकनाथ पीडित | ५७-५८ |
| २९. | ५ | त्यो दिन कहिले आउला | विवेक बाबु | ६०-६४ |
| ३०. | ५ | चाहना र भावना | शंकरराज सापकोटा | ६६-६८ |
| ३१. | ५ | दोषीलाई दण्ड देऊ न | विष्णुप्रसाद सापकोटा | ७७-७८ |
| ३२. | ६ | आगामी | रोशन थापा 'निरव' | १६-२१ |
| ३३. | ६ | विस्थापित | टेकनाथ पीडित | ४२-४७ |
| ३४. | ६ | सुन्तली | धर्मराज बाँस्तोला | ५०-५४ |
| ३५. | ७ | जिन्दगी चलिहाल्छ नि | इन्द्रकुमार विकल्प | २३-२७ |
| ३६. | ७ | नातिको लब्धाङ्क र उत्साहप्रद निर्वाचन | विश्व शाक्य | २९-३० |
| ३७. | ७ | टुल्की र सहर | धर्मराज बाँस्तोला | ४६-४९ |
| ३८. | ७ | सहर | टेकनाथ पीडित | ५१-५४ |
| ३९. | ७ | सन्ते | लक्ष्मण थापा | ५७-६० |
| ४०. | ८ | खिस्रिक्क | टेकनाथ पीडित | |
| ४१. | ८ | स्खलन | लक्ष्मण थापा | |
| ४२. | ८ | अनुभवी | रामबहादुर बानियाँ | |
| ४३. | ८ | राक्षसहरुको उदयसँगै यो अन्धो समाज | एस्.टी. राज | |
| ४४. | ९ | सहानुभूति र मनस्थिति | टेकनाथ पीडित | ९-१० |
| ४५. | ९ | प्रतिबद्धता | कृष्णप्रसाद पौडेल | ६९-७० |
| ४६. | ९ | नर्मदाको पछुतो | जनार्दन शरण त्रिपाठी | ८७-८९ |

| ¬.सं. | अङ्क | कथा शीर्षक | कथाकार | पृष्ठ |
|---|---|---|---|---|
| ४७. | ९ | जिन्दगीको वाध्यता | सन्दिपा लम्साल | १०९-११० |
| ४८. | ९ | महिला मुक्ति | सरिता तिमिल्सिना 'अश्मी' | १३०-१३१ |
| ४९. | ९ | राहत र आहात | भीम रानाभाट | १४३-१४४ |

# ४।२ हिमशिखरमा प्रकाशित कथाहरुको वर्गीकरण

राष्ट्रियका अन्य विधाहरु जस्तो कथा विधामा विषयगत सीमा हुदैन । यस्ले जे सुकै घटना एवं पात्र तथा परिवेशलाई आफ्नो विषयवस्तु बनाउन सक्छ । यो विषयगत सीमा नभएको स्वतन्त्र विधा हो । लक्षणशास्त्रअनुसार महाकाव्य वा नाटकका लागि रस तथा नायकका प्रकार तथा अन्य कतिपय कुराहरु तोकिएको पाउँदछौं, तर कथा त्यस्तो शास्त्रीय विधा होइन (श्रेष्ठ, २०५७: १४) । यो विधा स्वच्छन्द र उत्मुक्त हुने भएकाले नै यस्का प्रकारहरु अनेक विधा हुन्छन् । यसैका आधारमा कथालाई प्रकारगत रुपमा वर्गीकरण गर्न सकिन्छ । यसरी कथालाई वर्गीकरण गर्ने आधारहरु धेरै हुन सक्छन् । यहाँ 'हिमशिखर' पत्रिकाका ९ वटा अंकहरुमा प्रकाशित जम्मा ४९ वटा कथाहरुलाई त्यहाँ प्रस्तुत विषयवस्तुका आधारमा वर्गीकरण गरिएको छ । विषयवस्तुका आधारमा ती कथाहरुको वर्गीकरण गर्नु भन्दा अगाडि कथामा प्रयुक्त विषयवस्तुलाई चार मुख्य बुँदाहरुमा वर्गीकरण गरिन्छ -

१) सामाजिक यथार्थको चित्रणमा केन्द्रित कथाहरु,

२) वर्गीय समाजको चित्रणमा केन्द्रित कथाहरु,

३) विसङ्गतिबोध भएका कथाहरु र

३) अन्य विषयवस्तु वा प्रवृत्तिका कथाहरु

### ४।२।१ सामाजिक यथार्थको चित्रणमा केन्द्रित कथाहरु

'हिमशिखर' पत्रिकामा प्रकाशित विभिन्न कथाका कथाकारहरुले बहुविध विषयवस्तुलाई टिपेर कथा लेखेका छन् । समाजमा भए, हुने गरेका घटनाहरुलाई यथार्थ ढंगले चित्रण गर्दै जस्ताको तस्तै प्रस्तुत गरिएका कथाहरु सामाजिक यथार्थको चित्रणमा

केन्द्रित कथाहरु हुन् । यस्तो विषयवस्तुमा लेखिएका कथाहरुले यथास्थितिजन्य ढंगले समाजका यथार्थतालाई प्रस्तुत गरेका हुन्छन् । समाजमा हुने गरेका विकृति, विसङ्गति, अन्याय, अत्याचारका अलवा समाजका सवलपक्षहरुको पनि प्रस्तुति यी कथाहरुमा गरिएको हुन्छ । तर कुन सही र कुन गलत भनेर कथाकारले स्पष्ट रुपमा छुट्टयाउने तथा असल पक्षलाई पुरस्कृत र गलत पक्षलाई दण्डित एवं त्यसका विरुद्ध संघर्षको चुइक्क आवाजसम्म निकालेको पाइदैन । हिमशिखर पत्रिकामा प्रकाशित केही कथाहरुले सामाजिक यथार्थ घटनाहरुलाई आफ्नो मुख्य विषयवस्तु बनाएका छन् । यी कथाहरु निम्न रहेका छन् ।

जिन्दगी चलिहाल्छ नि - इन्द्रकुमार विकल्प

नर्मदाको पछुतो - जनार्दन शरण त्रिपाठी

खिस्रिक्क - लक्षण थापा

प्रतिबद्धता - कृष्णप्रसाद पौडेल

अपूरो प्रेम - रमेश अधिकारी

देवता - विष्णुप्रसाद सुवेदी

भाग्यको खेलसँगै - शंकरराज सापकोटा

शहर - टेकनाथ पीडित

यी त हाम्रै पार्टीका हुन् - कृष्णप्रसाद पौडेल

सुन्तली - धर्मराज बाँस्तोला

विस्थापित - टेकनाथ पीडित

शहर र टुल्की - धर्मराज बाँस्तोला

भोक - विष्णुप्रसाद सापकोटा

दौलथी - टेकनाथ पीडित

सन्ते - लक्ष्मण थापा

यसरी हिमशिखर पत्रिकामा प्रकाशित जम्मा ४९ वटा कथाहरु मध्ये धेरै जस्तो कथाले नेपाली ग्रामिण तथा सहरी परिवेशका यथार्थ घटना एवं परिघटनाहरुलाई मुख्य विषयवस्तु बनाउका छन् ।

### ४।२।२ वर्गीय समाजको चित्रणमा केन्द्रित कथाहरु

समाजमा हुने खाने र हुँदा खाने, उच्च जाति र तल्लो जाति, महिला र पुरुष, साना र ठूला, मालिक र नोकर, जमिनदार र किसान आदि विभिन्न प्रकारका मानिसहरु रहेका हुन्छन् । यिनीहरुको जीवनस्तर र शैली पनि फरक-फरक हुन्छ जसले गर्दा तिनीहरु वर्गमा विभाजित हुन्छन् । यसरी विभिन्न वर्गमा विभाजित समाजमा वर्ग विभाजनको मुख्य कारण आर्थिक कारण नै हो । आर्थिक रुपले सम्पन्नता र विपन्नताका कारण नै समाजमा मुख्य रुपले वर्ग विभाजन हुने गर्दछ । यसका अतिरिक्त माथि उल्लेख गरीएका जातीय लिङ्गिय आदि आधारमा पनि वर्ग विभाजन गरिएको पाइन्छ । हिमशिखर पत्रिकाका कथाहरुमा समाजमा रहेका यी नै वर्गीय यथार्थहरुलाई चित्रण गरी निम्न वर्गप्रति सहानुभूति राखिएको पनि पाइन्छ । यस्ता कथाहरुमा राजनीतिक विषयवस्तु पनि आएको हुन्छ । आखिर जे भए पनि वर्ग समाजको यथार्थ हो । प्रस्तुत पत्रिकाका विभिन्न अंकमा प्रकाशित वर्गीय समाजको चित्रणमा केन्द्रित रहेका कथाहरु निम्न रहेका छन् ।

| कथा | कथाकार |
|---|---|
| आमा | भाष्कर |
| कमण्डलुमा रक्सी खानेहरु | भाष्कर |
| दिगन्त प्रजातन्त्र | टेकनाथ पोखेल |
| अस्मिता | धर्मराज बाँस्तोला |
| सोमे काका | कृष्णप्रसाद पौडेल |
| चिठ्ठी | धर्मराज बाँस्तोला |
| शहिद | नारायणी ढुङ्गाना |
| उनी फर्केनन् | धर्मराज बाँस्तोला |
| चाहना र भावना | शंकरराज सापकोटा |
| स्खलन | टेकनाथ पीडित |
| राक्षसहरुको उदयसँगै यो अन्धो समाज | रामबहादुर थापा |
| जिन्दगीको बाध्यता | सन्दिपा लम्साल |
| महिला मुक्ति | सरिता तिम्सिना 'अश्मी' |

यसरी हिमशिखरका प्रकाशित जम्मा नौवटा अंकहरु मध्ये सबै जस्तो अंकहरुमा समाजको यथार्थलाई प्रस्तुत गर्ने कथाहरुको संकलन तथा प्रकाशन भएको देखिन्छ । यी कथाहरुमध्ये कतिपय कथाले वर्गीय समाजको यथार्थलाई प्रस्तुत गर्दै त्यसतर्फ आलोचना मात्रै गर्ने काम गरेका छन् भने कतिपय कथाहरुले वर्गविहीन समाजको निर्माण तर्फ आफूलाई अग्रसर गराउदै समाजवादी यथार्थवादसम्म पुग्ने कोसिस पनि गरेका छन् ।

### द्धाद्दाघ विसङ्गतिबोध भएका कथाहरु

समाज वा जीवनका संगत पक्षहरुको उपेक्षा गर्दै विसङ्गत पक्षको उजागर गर्न तर्फ अभिवृत्त हुने शैली विसङ्गति वादी शैली हो । यसले जीवन तथा मानवलाई सारहीन देख्दै पलायन एवं शून्यतर्फको बाटो समातेको हुन्छ । हिमशिखर पत्रिकामा प्रकाशित केही कथाहरुले यस्तो प्रवृत्तिलाई पनि अंगीकार गरेका छन् । यहाँ प्रस्तुत पत्रिकामा समाविष्ट रहेका विज्ञान कथा, प्रयोग कथा जस्ता शैलीगत र भावगत प्रवृत्ति प्रयोग भएका कथाहरुलाई यस वर्गमा समेटिएको छ । ती कथाहरु निम्न रहेका छन् ।

ब्रह्माण्डको मृत्युपछि - सरुभक्त

होमोस्यामिन्सको सम्बोधन .... जसलाई प्रकृति भनिन्छ - सरुभक्त

समय सीमा - सरुभक्त

आगामी - रोशन थापा ‘निरव’

## ४।२।४ अन्य विषयवस्तुका कथाहरु

यस पत्रिकामा प्रकाशित ४९ वटा कथाहरु मध्ये माथि उल्लेख गरिएका मुख्य तीन ( सामाजिक यथार्थको चित्रण, वर्गीय समाजको चित्रण र विसंगतिबोध) भन्दा पृथक विषयवस्तुमा लेखिएका कथाहरुलाई यहाँ अन्य विषयवस्तुका कथा अन्तरगत राखिएको छ । यस्ता कथाहरुमा व्यङ्ग्य कथा, बाल कथा, लघु कथा आदि कथाहरु समावेश भएका छन् भने विषयवस्तु प्रयोगका हिसाबले सामाजिक यथार्थ, वर्ग विश्लेषण एवं विसङ्गतिबोध भन्दा इतरका विषयवस्तुमा आधारित रहेका छन् । यस पत्रिकामा प्रकाशित अन्य विषयवस्तुका कथाहरुको विवरण यस्तो रहेको छ ।

कुकुर र मान्छे - विश्व शाक्य

अस्मिताको अन्त्य - रेशमलाल पौडेल

दिउँसोको सपना - इन्द्रमान विकल्प

रक्सी - गंगा अधिकारी

आत्महत्या कसले गर्ने - कृष्णप्रसाद पौडेल

तारुण्य वायु - तिलकप्रसाद तिम्सिना

शुभारम्भ - लक्ष्मण थापा

फरक - सूर्यचन्द्र बस्नेत

विवाह - सरिता तिम्सिना 'अश्मी'

अझै मानवता मरेको छैन - विष्णुप्रसाद सापकोटा

त्यो दिन कहिले आउला ? - विवेक बाबु

दोषीलाई दण्ड देऊ न - विष्णुप्रसाद सापकोटा

नातिको लब्धाङ्क र उत्साहप्रद निर्वाचन - विश्व शाक्य

अनुभवी - रामबहादुर थापा

सहानुभूति र मनस्थिति - टेकनाथ पीडित

राहत र आहत - भीम रानाभाट

यसरी हिमशिखर पत्रिकाका जम्मा ९ वटा अंकमा प्रकाशित विभिन्न कथाकारहरुका कथाहरुलाई विषयवस्तुका आधारमा जम्मा चार वर्गमा वर्गीकरण गर्न सकिने देखिन्छ । ती वर्गमा पर्ने कथाहरुको निर्धारणबाट यस पत्रिकामा विभिन्न विषयवस्तुमा आधारित कथाहरुको संकलन तथा प्रकाशन भएको निष्कर्ष निकाल्न सकिन्छ । अब यस अध्यायमा प्रस्तुत पत्रिकामा प्रकाशित कथाहरु मध्येबाट प्रतिनिधि कथाहरु छनोट गरी कथात,वका आधारमा तिनीहरुको विश्लेषण गर्ने काम भएको छ । यसका साथै प्रस्तुत पत्रिकामा प्रकाशित सबै कथाहरुको एकमुष्ठ रुपमा सोलोडोलो ढंगले सामान्य परिचयात्मक टिप्पणी पनि गरिएको छ । यस पत्रिकाबाट छनौट गरिएका प्रतिनिधि कथाहरु निम्न रहेका छन् ।

१) आमा - भाष्कर

२) कमण्डलुमा रक्सी खानेहरु - भाष्कर

३) होमोस्यामिन्सको सम्बोधन यस संघटनाप्रति जसलाई प्रकृति भनिन्छ - सरुभक्त

४) आत्महत्या कसले गर्ने - कृष्णप्रसाद पौडेल

५) उनी फर्केनन् - धर्मराज बाँस्तोला

६) आगामी - रोशन थापा 'निरव'

७)	शहर - टेकनाथ पीडित

८)	स्खलन - लक्ष्मण थापा

९)	महिला मुक्ति - सरिता तिमिल्सिना 'अश्मी'

यी प्रतिनिधि कथाहरुलाई कथा त,वका आधारमा विश्लेषण गर्ने कार्य यसै अध्यायको उपशीर्षकमा भएको छ ।

## द्धाघ  हिमशिखर पत्रिकामा प्रकाशित प्रतिनिधि कथाहरुको अध्ययन

### द्धाघाज्ञ 'आमा' कथाको विश्लेषꬰ

भाष्कर नेपाली कथासाहित्यका क्षेत्रमा समाजवादी यथार्थवादी लेखकका रुपमा स्थापित स्रष्टा हुन् । कथाकारको भनाइ अनुसार उनको पहिलो कथा 'दृढ सङ्कल्प' हो जुन २०२३ साल तिर मुक्तिज्वाला पत्रिकामा प्रकाशित भएको थियो । मार्क्सवादी साहित्यकार एवं चिन्तक भाष्करले मार्क्सवादी दर्शनको वर्णन गर्दै असलमा मार्क्सवादी दर्शन कस्तो हो र यहाँ मार्क्सवादको प्रयोग कसरी भइरहेको छ भन्ने कुरा बुझाउन निकै कसरत गरेका छन् ( अधिकारी, २०६१) । उनले आफ्ना कथाहरुमा वर्ग विभाजित समाजको चित्रण गर्नुको साथै मार्क्सवादी जीवन दृष्टिका आधारमा निम्नवर्गीय जनता र उच्चर्गीय सामन्तहरुका बीचको वर्गीय द्वन्द्वलाई निम्नवर्गीय पक्षधरताका साथ प्रस्तुत गरेका हुन्छन् । भाष्करद्वारा लिखित 'आमा' कथा 'हिमशिखर' पहिलो अंकमा प्रकाशित वर्गीय समाजको चित्रणमा केन्द्रित कथा हो । यहाँ विवेचना गरिएको 'आमा' शीर्षक कथामा पनि निम्नवर्गीय जनताको मुक्तिका लागि अभिजात राज्यसत्ताका विरुद्धको सशस्त्र युद्धको चित्रण प्रस्तुत गर्दै जनयुद्धमा होमिएका निम्नवर्गीय पात्रहरुमाथि सहानुभूति देखाइएको छ । यस कथालाई कथात,वका आधारमा निम्नानुसार विवेचना गर्न सकिन्छ -

#### द्धाघाज्ञाज्ञ कथानक

यस कथामा कुनै एउटा घरमा एउटी बूढी र अर्को एक युवा बसेका छन् । उनीहरु बीच कुनै पारिवारिक अर्थात् वंशको नाता छैन । देशमा चलेको जनयुद्धका ¬ममा बूढीको कान्छो छोराले सहादत प्राप्त गरिसकेको छ र जेठो छोरा जेलमा छ । बूढी एक्लै भएकाले उनलाई पार्टीले नै एउटा सेल्टरमा राखिदिएको छ र त्यहाँ कमरेड यज्ञ पनि बस्तछन् ।

जनयुद्ध वा संगठनसँग सम्बन्धित केही कुरा लेखिरहेका कमरेड यज्ञ लेख्दालेख्दै रात निकै छिप्पिएपछि खुट्टा दुखेर उठ्दा बूढी आमै पनि नसुतेको देखेर उक्त कोठामा प्रवेश गर्छन् । पार्टीका लागि सहयोग स्वरुप जनतासित उठाएर ल्याएका पुराना कपडा सिलाएर र टालेर बसेकी बूढी आमा र यज्ञ बीचको वार्तालापबाट कथानक तयार भएको छ ।

मञ्चमा आमा र यज्ञका वीचको वार्तालाप मात्र भए पनि त्यस वार्तालापबाट नेपथ्यमा रहेका युद्धजन्य घटना, बलिदान, शोषण, गिरफ्तारी, उत्पीडन आदिका रुपमा कथानकीय ढाँचा तयार भएको छ । कथानक बर्तुलित छ, सूक्ष्म छ र त्यति पुष्ट छैन ।

## ४।३।१।२ चरित्रचित्रण

यस कथामा बूढी आमा र यज्ञ मुख्य पात्रका रुपमा आएका छन् । यज्ञ चिन्तनशील र शिक्षित पात्र हुन् । उनी एक क्रान्तिकारी सचेत युवा हुन् र जनयुद्धप्रति समर्पित भएका छन् । यस कथाका नायक, स्थिर चरित्रका प्रगतिप्रेमी उदात्त पात्रका रुपमा उनको चरित्रको उच्चतर चित्रण कथामा भएको छ । आमा क्रान्तिका सहिद तथा क्रान्तिकारी योद्धाकी जन्मदिने आमा हुन् । उनले क्रान्तिमा लागेका सबैलाई आफ्ना सन्तान सम्झेर माया दिएकी छन् । लोग्नेको मृत्यु पछि दुखजिलो गरी हुर्काएका दुबै छोरा क्रान्तिमा लागेर एउटाले सहादत प्राप्त गरेका र अर्को जेलमा परेको अवस्थामा पनि नगल्ने क्रान्ति सचेत ग्रामीण नेपाली आमाको प्रतिनिधि पात्रका रुपमा बूढी आमाको चित्रण आएको छ । मञ्चीय पात्रहरुको संख्या दुईमा सीमित यस कथामा बूढी प्रमुख नारी पात्र हुन् । उनी निम्न वर्गीय किसान परिवारकी आमा हुन् । क्रान्तिप्रति प्रतिबद्ध, कथाको उद्देश्यका अनुकुल, स्थिर र सक्रिय पात्रका रुपमा उनको चरित्रको आयोजना गरिएको छ । यज्ञ आफ्नो घर, गाउँ र व्यक्तिगत संसारभन्दा माथि क्रान्ति र जनविद्रोहका पक्षमा सर्वहाराकृत पात्र हुन् । उनी निकै परिश्रमी र लगनशील छन् । युद्धरत समयमा क्रान्तिका लागि आवश्यक बौद्धिक जनशक्तिका रुपमा उनको भूमिका छ । पार्टीका दस्तावेज र वौद्धिक निर्णय गर्ने काममा उनी सक्रिय छन् । यस हिसाबले स्थिर, अनुकूल, प्रमुख पुरुषपात्रका रुपमा उनको उदात्त चरित्रको आयोजना गरिएको छ ।

## ४।३।१।३ परिवेश

यस कथाको परिवेशका सन्दर्भमा कुरा गर्दा स्थानिक, कालिक र राजनीतिक परिवेश मुख्य गरी आएका छन् । नेपालको कुनै ग्रामीण बस्तीको स्थानिय परिवेश यस कथामा आएको छ । दुर्गम कुनै गाउँमा विद्रोही क्रान्तिकारी पार्टीको प्रभाव प्रयाप्त छ र गाउँ पार्टीकै नियन्त्रणमा भएको देखिन्छ । दुश्मन सेनाको कमै प्रभाव रहेको उक्त गाउँको एउटा घरलाई जनयुद्धमा सहादत प्राप्त गरेका र क्रान्तिमा होमिएका कामरेडहरुकी एक्ली आमा र एकजना युवा बुद्धिजीवी कामरेड यज्ञको सेल्टरका रुपमा प्रयोग गरिएको छ । उक्त घरको सुनसान तर क्रान्तिमय वातावरण यस कथाको स्थानगत परिवेश हो । नेपालमा विद्यमान सामन्ती व्यवस्थाका विरुद्ध सर्वहारा जनताको मुक्तिका लागि नेकपा माओवादी पार्टीद्वारा सञ्चालित जनयुद्ध र त्यसले प्रतिपादन गरेको राजनीतिक चेतनालाई राजनीतिक परिवेशका रुपमा लिइएको छ भने समयका हिसाबले पनि यस कथाले जनयुद्धकालीन परिवेश लिएको छ ।

### ४।३।१।४ उद्देश्य

यस कथाको उद्देश्य जनयुद्धले प्रतिपादन गरेको नेपाली समाजको नवीनतम् यथार्थको प्रस्तुति गर्नु हो । पात्र, घटना र परिवेशका माध्यमबाट निम्नवर्गीय पक्षधरता सहित समाजवादी विचारको पक्षपोषण गर्नु यस कथाको उद्देश्य रहेको छ । यस कथामा कथाकारले सर्वहारा वर्गीय पक्षधरता सहित क्रान्तिप्रति प्रतिवद्ध विचारको प्रतिपादन गर्न खोजेका छन् । ग्रामीण समाजमा रहेको सामन्ति शोषण, उत्पीडन, अन्याय, असमानताका विरुद्ध संविद्रोहका क्रममा जनताले देखाएको समर्पण, त्याग, बलिदान, साहस, सौर्य र उदात्त चेतनाको सुन्दर प्रस्तुति भएको छ । समाजवादी यथार्थवादी साहित्यको समानतामूलक समाज निर्माणको अभियानमा लागेकाहरुलाई उर्जा प्रदान गर्ने उद्देश्य राखेको हुन्छ जसको सफल चेष्टा यस कथामा भएको छ ।

### ४।३।१।५ दृष्टिबिन्दु

यस कथामा कथाकार स्वयम् समाख्याताका रुपमा छन् । कथाको पात्र भन्दा भिन्न समाख्याताले कथा भनेको छ । अर्को शब्दमा भन्नु पर्दा समाख्याताले कथाभन्दा बाहिर बसेर कथा भनेको हुनाले यसमा बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ । उनी अर्थात् यज्ञ कामरेड र उनी अर्थात् बूढी आमैको कथा भन्ने समाख्याता स्वयम्ले वर्णनात्मक शैलीमा

कथा भनेको छ । यस हिसाबले तृतीय पुरुषीय सर्वव्यापी दृष्टिबिन्दु यस कथामा प्रयोग गरिएको छ ।

## ४।३।१।६ भाषाशैली

यस कथाको शैली वर्णनात्मक छ । संवादको प्रयोग नगन्य छ र त्यो पनि अप्रत्यक्ष मात्र छ । सरल वाक्यहरुको प्रचुर प्रयोग भए पनि मिश्रवाक्य र संयुक्त वाक्यहरु पनि प्रयोग भएका छन् । तत्भव शब्दहरुको बाहुल्य रहेको यस कथामा कामरेड, सेल्टर जस्ता क्रान्तिजन्य अङ्ग्रेजी शब्दहरुको पनि प्रयोग गरिएको छ । केही तत्सम शब्दहरु पनि छन् । सरल भाषाको प्रयोग गरिएका कारण अभिधात्मक शैलीको प्रयोग भएको छ । उद्देश्यका आधारमा पनि समाजवादी साहित्यका लागि भाषा साध्य नभई साधनका रुपमा मात्र लिइन्छ । यस कथामा पनि कथाकारले भाषिक कलामा कमै जोड दिएको देखिन्छ । समग्रमा सरल र वर्णनात्मक शैली यस कथाको भाषिक शैली बनेको छ ।

## ४।३।२ ...कमण्डलुमा रक्सी खानेहरू कथाको विश्लेषण

नेपाली साहित्यका कथा, उपन्यास एवं समीक्षामा कलम चलाउने भाष्कर (खास नाम भवानीप्रसाद पाण्डे) को 'कमण्डलुमा रक्सी खानेहरु हेमजा साहित्य प्रतिष्ठान - ०५५ द्वारा वार्षिक रुपमा प्रकाशित हुन थालेको 'हिमशिखर' साहित्यिक पत्रिकाको दोस्रो अंक (अंक उल्लेख नभए पनि दोस्रो पटक प्रकाशित) मा प्रकाशित पहिलो कथा हो । उनको प्रस्तुत कथामा समाजमा देखिएको देखावटीपनप्रति कडा व्यङ्ग्य गरिएको छ । यस कथामा समाजमा हुने गरेका यथार्थ घटनाहरुको साँचो प्रस्तुति गरिएको छ । यहाँ यस कथालाई कथा त,वका आधारमा विश्लेषण गरिएको छ ।

## ४।३।२।१ कथानक

प्रस्तुत कथामा नेपाली समाजमा देखिएको रक्सी सेवनको विकृत रुपलाई यथार्थ ढंगले चित्रण गरिएको छ । समाजमा मानिसहरुले रमाइलोका रुपमा रक्सी सेवनलाई एक उपयुक्त माध्यम बनाएर सवै वर्ग र पेशाका मान्छेहरु त्यसैमा रमाइ रहेको यथार्थ विषयवस्तुलाई जस्ताको त्यस्तै रुपमा प्रस्तुत गरिएको छ । समाजमा भक्त र त्यागी नामले चिनिने कमण्डलु धारीले समेत रक्सीमा नै लिप्न भइ रहेको अवस्थालाई स्पष्ट रुपमा यहाँ

प्रस्तुत गरिएको छ । पहिलो सम्प्रदायका भोगवादी र दोस्रो सम्प्रदायका सदाचारी, देश जनता र समाजप्रति उत्तरदायी अनि सिद्धान्तप्रति कर्तव्यनिष्ठ भन्न रुचाउने तथा अत्यन्त कट्टर पन्थी तेस्रो सम्प्रदायका कमण्डलुधारीहरुले समेत भोगमा लिप्त हुँदै गइरहेको अवस्थालाई प्रस्तुत कथाले आफ्नो कथानक बनाएको छ । यस कथाको कथानक सिधा रुपले अगाडि बढेको छ ।

## ४।३।२।२ पात्र/चरित्र

कथाको कथानकलाई बोकेर सुरुदेखि अन्त्यसम्म सक्रिय रहने व्यक्तिलाई पात्र/चरित्र भनिन्छ । यो मानवीय - मानवेतर तथा व्यक्ति एवं समूह जो सुकै हुन सक्छ । यस कथामा व्यक्ति पात्र नभएर मानवीय समूह पात्रको प्रयोग गरिएको छ । प्रस्तुत कथामा मुख्य रुपमा पहिलो सम्प्रदाय, दोस्रो सम्प्रदाय र तेस्रो सम्प्रदाय गरी समाजमा विभाजन गरेर कथामा पात्रका रुपमा प्रयोग गरिएको छ । पहिलो सम्प्रदाय भोगवादी प्रकृतिको छ । जसले जीवनमा आनन्द प्राप्ति बाहेकका सदाचार नैतिकता आदि कुराहरु भ्रम मात्र हुन् भन्ने मान्यता राख्दछ । भने दोस्रो सम्प्रदाय पहिलो सम्प्रदायको विकृति र विसङ्गतिको विरोध गर्न संगठित भएको सम्प्रदाय हो जो अन्त्यमा रक्सी सेवनमा नै लागेको छ अलिक फरक ढङ्गले । त्यसै गरी तेस्रो सम्प्रदाय अति कट्टर पन्थी छ जसले रक्सीको नामसम्म लिदैनथ्यो । तर पछि यो पनि त्यसमा लिप्न भयो । यसरी प्रस्तुत कथामा वाहिरी रुपमा जे-जस्ता भए पनि अन्तत ती सबै मानिसहरु भोगमा नै लिप्न भएको देखाएर समाजमा भएका खराव पात्रहरुको नै यहाँ चित्रण गरिएको छ ।

## ३।३।२।३ परिवेश

परिवेश कथाको कथानकमा भएका घटनाहरु घटित हुने स्थान र समय हो । यसलाई देश, काल, वातावरण वा पर्यावरण पनि भनिन्छ । भाष्करकृत प्रस्तुत 'कमण्डलुमा रक्सी खानेहरु' कथामा स्पष्ट रुपमा समय एवं स्थानको संकेत भएको छैन । यस कथाले आरम्भमा नैं 'एका देशमा .....' मा भनेर कुनै एक अज्ञात स्थानलाई संकेत भने गरेको छ ।

प्रस्तुत कथामा उ परिवेशका साथै अप्रत्यक्ष रुपमा राजनीतिक र समसामयिक समाजमा विद्यमान विकृति र वसङ्गतिहरुलाई परिवेशका रुपमा प्रस्तुत गरिएको छ ।

## ३।३।२।४ भाषा शैली

भाषा कुनै पनि अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको तौर तरिका हो । यस कथाको भाषा सरल, सरस र सुबोध्य छ भने शैली अभिधात्मक छ । तत्सम, तद्भव र आगन्तुक तीनै स्रोतका शब्दहरुको प्रयोग गरिएको भए पनि तद्भव शब्दहरुको नै बाहुल्यता रहेको छ । यस कथामा 'थ्री-इन-वान', 'हेड, ड्रम, लेवल' जस्ता अंग्रेजी शब्दहरुको प्रयोग भएको छ । यस कथामा कथाकारले सरल भाषामा दार्शनिक कुराहरुको अभिव्यक्ति पनि गरेका छन् जुन कथाकारको शैली बनेको छ । यस्तो दार्शनिक अभिव्यक्तिको उदाहरण यस्तो छ - 'सुरुमा हरेक शक्तिहरु वीच कुनै संघर्ष सैद्धान्तिक नैतिक, आदि पक्षलाई लिएर हुन्छ र त्यसैमा अडिएको हुन्छ  पछि क्रमश यसमा नीचताको व्यक्तिगत संकीर्णता, समुहगत निहीत स्वार्थ आदि थपिदै गएपछि पाशविक र अनैतिक शक्तिका बलमा मात्र टिकाउन सकिन्छ (भाष्कर, २०५८ : १०) ।

## ३।३।२।५ उद्देश्य

कुनै पनि कार्य विना उद्देश्य गरिदैन । यस कथामा कथाकारले नेपाली समाजको यथार्थ प्रस्तुति गर्नु नै मुख्य विषयवस्तु बनेर आएको छ । त्यसो त सामाजिक यथार्थको जस्ताको त्यस्तै चित्रण गर्नु पनि विवेच्य कथाको अभीष्ट होइन । यस कथाले तीन सम्प्रदायका रुपमा भोगवादी अर्थात् नेपाली समाजका पाश्चात्य विकृति सभ्यताबाट प्रभावित पुँजीवादी तथा उपभोक्तावादी चरित्रको धनाढ्य र नवधनाढ्य वर्गलाई संकेत गरेको छ । दोस्रो सम्प्रदाय नेपालका समाजवादी भनिने तर क्रमशः उपभोक्ता संस्कृतिको चुंगुलमा फस्दै गरेका वामपंथी राजनीतिक शक्तिहरुलाई संकेत गरेको छ भने तेस्रो सम्प्रदायका रुपमा आध्यात्मिक पूर्वीय परम्परा प्रभावित सन्तहरुको जोगी सम्प्रदायलाई संकेत गरेको छ । पश्चिमी नग्न विकृत परम्परा र सभ्यताको नाङ्गो प्रभाव यी सबै सम्प्रदायमा द्रुततर गतिमा बढीरहेको यथार्थ प्रस्तुत गर्दै त्यसमाथि लेखकीय आलोचनात्मक दृष्टि प्रक्षेपण गर्नु यस कथाको उद्देश्य हो । सारतः यो कथा आलोचनात्मक यथार्थवादी वैचारिक कोटीमा पर्दछ ।

### ३।३।२।६ दृष्टिबिन्दु

कथाकारले आफ्नो धारणा वा विचारलाई पाठक समक्ष पुऱ्याउने माध्यमलाई दृष्टिबिन्दु भनिन्छ । कथाकार भाष्करले यस 'कमण्डलुमा रक्सी खानेहरु' कथामा तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरेका छन् । प्रस्तुत कथामा कथाकार कथाभन्दा बाहिर नै बसेर कथाका सम्पूर्ण पात्र एवं चरित्र (पहिलो सम्प्रदाय, दोस्रो सम्प्रदाय र तेस्रो सम्प्रदाय) सबैको बारेमा आफू नै जानकार भएर प्रस्तुत गरेका छन् ।

सामाजिक विषयवस्तुमा लेखिएको प्रस्तुत कथाले नेपाली समाजमा विद्यमान विकृति र विसङ्गतिलाई आलोचनात्मक ढङ्गले प्रस्तुत गरिएको छ । कथावस्तु सरल रेखामा अगाडि बढेको छ । समूह पात्रको प्रयोग गरिएको छ । नेपाली समाजको शहरी ग्रामिण परिवेशको प्रस्तुति यथार्थ ढङ्गले गरिएको छ । यस कथाको भाषा सरल र सरस छ बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको प्रस्तुत कथाले आलोचनात्मक यथार्थवादी वैचारिक अभिव्यक्ति गरेको छ ।

## ४।३।३ ...होमोस्यामिन्सको सम्बोधन यस संघटनाप्रति जसलाई प्रकृति भनिन्छ्र शीर्षक कथाको विश्लेषण

कथाकार सरुभक्त समसामयिक आधुनिक नेपाली कथाका क्षेत्रमा प्रयोगशील कथाकारका रुपमा स्थापित र सक्रिय कथाकार हुन् । विज्ञान कथा, गम्भीर दार्शनिक विषयवस्तु, विश्वव्यापी तथा सार्वभौम मथ्को प्रयोग, यन्त्रउपकरणको प्रयोग आदि दृष्टिले उनको प्रयोगशीलता पुष्टि हुन्छ । प्रकृति, ब्रãाण्ड, वैज्ञानिक आविष्कारको उच्चतम् प्रयोगले सिर्जना गर्ने र गर्न सक्ने संभावित भविष्य आदिको चित्रण सरुभक्तका कथाहरुका विशेषता हुन् । विज्ञान कथालेखनधाराको नेपाली आख्यान साहित्यमै नेतृत्वदायी भूमिका निर्वाह गर्ने साहित्यकार सरुभक्त हुन् (अधिकारी, २०६१) । सरुभक्तद्वारा लिखित 'होमोस्यामिन्सको सम्बोधन यस संघटनाप्रति जसलाई प्रकृति भनिन्छ' कथा 'हिमशिखर' तेस्रो अंकमा प्रकाशित विसंगतिवोध भएको कथा हो । यहाँ 'होमोस्यामिन्सको सम्बोधन त्यस संघटनाप्रति जसलाई प्रकृति भनिन्छ' शीर्षक कथाको कथात,वका आधारमा विश्लेषण गरिएको छ ।

### ४।३।३।१ कथानक

प्रयोगशील कथाकारहरुले परम्परित कथाका त,वहरुकै आधारमा कथा लेखेका हुँदैनन् तर प्रयोग-कथामा पनि भिनो कथानक भने रहेकै हुन्छ । प्रस्तुत कथामा स्थुल घटनाहरुको श्रृङ्खलित आयोजना छैन । कथा एकालापीय बनेको छ । 'होमोस्यामिन्स' मानव पुर्खाका तर्फबाट 'म' पात्रले प्रकृतिसँग गरेको एकालापपूर्ण गुनासो यस कथामा आएको छ । मानव पुर्खाहरु र कतिपय जनावरहरुको लोप प्रकृतिकै पर्यावरणीय परिवर्तनका कारण भएकोमा 'म' पात्रले गुनासो गरेको छ । यही गुनासोबाट नै कथानक आरम्भ भएको छ र विभिन्न उतारचढावबाट विकसित वर्तमान सभ्यता र विश्व ब्रãाण्डको अवस्थाप्रति विमतिपूर्ण टिप्पणी गर्दै त्यस्तै प्रकारका गुनासाहरुमा नै कथा सकिएको छ । मञ्चीय कथानक सूक्ष्म भए पनि यसले सिङ्गो पृथ्वीको इतिहास र चराचर जगतको इतिहासमाथि टिप्पणी गरेको छ ।

## ४।३।३।२ पात्र/चरित्र

प्रस्तुत कथा विषयवस्तु र शैली दुवै दृष्टिले प्रयोगको प्रधानता रहेको कथा हो । यसमा परम्परित कथामा जस्तो पात्रहरुको आयोजना छैन । समग्र प्रकृतिलाई मानवीकरण गरिएको छ र प्रकृतिकै कथा भनिएको छ । 'म' पात्र आदि मानव होमोस्यामिन्स हो । कथाको अर्को पात्रका रुपमा यही म पात्र आएको छ । यो कथा चरित्रप्रधान वा घटनाप्रधान नभएर विषयवस्तु वा उद्देश्य प्रधान हो, यद्यपि यस कथामा पात्रहरुको भूमिका पनि महत्वपूर्ण छ । प्रकृति यस कथामा सम्बोधित पात्र हो । डार्विनको बलियाले मात्र प्रकृतिमा बाँच्न पाउँने सिद्धान्तअनुसार प्रकृतिको व्याख्या यस कथाले गरेको छ । किन बलियाका पक्षमा मात्र प्रकृतिले जीवनको फैसला गर्छ ? किन पर्यावरणीय सन्तुलनका नाममा निर्बलहरुमाथि अन्यायपूर्ण मृत्युको फैसला गरेर मृत्युको सजाय दिन्छ भनेर प्रकृतिलाई सर्जक र संहारकारी द्वैध प्रवृत्ति भएको बर्बर असभ्य रहस्यमय प्रणालीका रुपमा गुनासो तथा व्याख्या गरिएको छ । म पात्र 'होमोस्यामिन्स' आदि मानव हो । उसले आफूलाई प्रकृतिको अन्याय सहन विवश र प्रकृतिले आफ्नो पर्यावरणीय सन्तुलन र वातावरणीय अनुकुलनका लागि जुनसुकै बेला अस्ति,व मेटिएर डाइनोसर वा अन्य पूर्ववर्ती मानवहरु जस्तै लोप हुनु पर्ने बाध्यता भएको अशिषप्त तथा निरिह प्राणीका रुपमा प्रस्तुत गरेको छ ।

## ४।३।३।३ परिवेश

प्रस्तुत कथामा कुनै विशेष स्थान, समय र भूगोलको सीमित परिवेश रहेको छैन । विज्ञान कथाका रुपमा रहेको यस कथामा लेखकको वैचारिक र दार्शनिक मन्थनले नै पर्यावरणको निर्माण गरेको छ। कुनै विशेष स्थान नभई विश्वव्यापी र सार्वभौम स्थानिक तथा कालिक हिसावले प्रकृतिको उत्पत्ति पछि जैविक (समग्र) चराचर जगतको विकासक्रमको कुनै एक कालखण्डको परिवेश यस कथाले लिएको छ ।

यसरी हेर्दा यस कथाको परिवेश सार्वभौम प्रकृतिको समय, स्थान र स्थितिबाट निर्मित भएको देखिन्छ ।

## ४।३।३।४ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली जटिलतर प्रकृतिको छ । सरल शब्दहरुको प्रयोग भए पनि दार्शनिक र बौद्धिक विषयका कारण भाषा जटिलतर बन्न पुगेको छ । सामान्य जीवनका दैनन्दिन र लोकजीवनभन्दा पर बौद्धिक समुदायलाई लक्षित भाषा भएका कारण पनि ठाउँ ठाउँमा शब्दहरु जटिल बनेका छन् । संघटना, पर्याप्रणाली, पुरुषत्व, नारित्व, अधीनस्थ, अनुकुलन जस्ता शब्दहरु सामान्य जनजीवनमा चल्तीका शब्दहरु होइनन् । शब्दका स्तरमा मात्र नभई वाक्यस्तरमा पनि यस्ता जटिलताहरु कायम छन् । जस्तै - "जमिनमा, पानीमा, आकाशमा सबभन्दा प्रभुत्वपूर्ण हत्याको गणित किन ?" "संघर्षहरु वाइयात् छन् किनभने ती नसच्चिने पारामा प्राकृत छन् ।" यी र यस्ता वाक्यहरुले भाषा जटिल बनेको छ ।

बोलचालको भाषामा प्रयोग हुने तद्भव शब्दहरुको प्राचुर्यले भाषालाई सरलीकृत गर्दछ तर कथाको गम्भीर विषयवस्तुलाई प्रस्तुत गर्न प्रयाप्त मात्रामा तत्सम शब्दहरुको प्रयोग गरिएको छ ।

दोहोरो संवादको शून्यता रहेको यो कथा एकालापीय शैलीमा लेखिएको छ । गुनासाले भरिएको कुण्ठापूर्ण एकालाप नै यस कथाको शैली हो । बिम्वात्मक प्रयोगले भाषा झन कलात्मक र जटिल दुबै बनेको छ । शीर्षक नै प्रतिकात्मक भएका कारण यस कथालाई विम्बात्मक प्रयोगात्मक भाषा प्रयोग भएको कथाका रुपमा लिन सकिन्छ ।

## ४।३।३।५ उद्देश्य

सरुभक्तको यस कथाको विषयवस्तु भनेको जीवनको अस्ति,व वा मानवको अस्ति,व हो । स्वैरकल्पनाको छनक भए पनि यस कथामा स्वैरकल्पनाको ठम्याइलो स्वरुप भेटिदैन बरु निरिहता बोध र विसंगत बोधका साथै शून्य बोध यस कथाको अर्न्तदृष्टि हो । प्रकृति सर्वशक्तिमान छ र यसले बलियालाई छनौट गर्छ र निर्धालाई अन्यायपूर्ण तरिकाले मृत्युको उपहार दिन्छ । प्रकृतिको अनुकुलन र पर्यावरणीय सन्तुलनमा संघर्ष गर्न नसक्ने निरिहहरुलाई प्रकृतिले अस्ति,व समाप्त गरिदिने पर्याप्रणालीबाट निराश कथाकारले विद्रोहको भाषा बोले पनि केवल कुण्ठाको अभिव्यक्ति नै सारतः प्रस्तुत भएको छ । प्रकृति न्यायपूर्ण नभएको र जसरी पूर्व मानवहरु र डाइनोसर जस्ता प्राणीहरु लोप भएका छन् त्यसरी नै आजको मानव अर्थात होमोस्यामिन्सको वंश पनि समाप्त हुन सक्ने आशंका व्यक्त गर्दै अस्ति,वका पक्षमा मोह देखाएका छन् । यस हिसाबले यस कथाले मानव जीवनको निरिहता र शून्यताबोधका साथै अस्ति,ववादी दृष्टिको समेत दार्शनिक प्रक्षेपण गरेको छ । यो नै प्रस्तुत कथाको उद्देश्य हो ।

## ४।३।३।८ दृष्टिबिन्दु

यस कथामा समाख्याताले कथा भन्नका लागि रोजेको ठाउँ कथा भित्र नै छ । समाख्याता 'म' पात्रका रुपमा आएर समग्र जैविक जगत् र प्रकृतिको सम्बन्धका बारेमा दार्शनिक दृष्टि प्रक्षेपण गरेका छन् । यस हिसाबले यस कथामा प्रथम पुरुषीय दृष्टिबिन्दुको परिधीय प्रयोग गरिएको छ ।

## ४।३।४ आत्महत्या कसले गर्ने ? कथाको विश्लेषण

'आत्म हत्या कसले गर्ने ? शीर्षकको कथा हेमजा साहित्य प्रतिष्ठानद्वारा वार्षिक रुपमा प्रकाशित हुँदै आइरहेको 'हिमशिखर' नामक साहित्यिक पत्रिकाको चौथो अंकमा प्रकाशित कथा हो । यो कथाका लेखक यस संस्थाका तत्कालीन अध्यक्ष तथा हिमशिखरका प्रधान सम्पादक कृष्णप्रसाद पौडेल हुन् । लघु आकारमा संरचित यस कथाको कथात,वको आधारमा विश्लेषण यहाँ गरिएको छ ।

### ४।३।४।१ कथानक

'आत्महत्या कसले गर्ने ?' कथामा अत्यन्त भिनो कथावस्तु रहेको छ । यस कथामा कथाको पुरुष पात्र सुरेश आफ्नी दिदी मंगलीकोमा गएर जीवनमा अत्यन्तै दुःख परेको । छोरा बुहारीले आफूलाई वास्ता नगरेकोले आत्महत्या गर्नु पर्ने अवस्थामा पुगेको कुरा गरेको छ । तर अवस्था त्यसको विपरीत मंगलीको घर व्यवहार, छोरा, छोरी सबैको अवस्था पुरै दुखद वनेको छ । उसको एक मात्र छोरो जाँड रक्सी र जुवा तासको कुलतमा फसेर सारा सम्पत्ति चौपट पारिसकेको छ भने छोरीहरु जवानीलाई संहाल्न नसक्दाको दुखद अवस्था भोग्न बाध्य भइरहेका छन् । यस्तो अवस्थामा रहेकी मंगलीका सामू भाइ सुरेश पुरै निराशावादी कुरा गर्दै रुदै आएको छ । मंगलीले भाइलाई सम्भाई बुभाई गरेर आफ्नो दुखद कहानी सुनाए पछि सुरेश केही हल्का भएको महसुस गर्दछ कथावस्तुले विश्राम लिन्छ ।

## ४।३।४।२ चरित्र

कथामा घटने सम्पूर्ण घटनाहरुलाई घटित गराउने मानवीय/मानवेतर व्यक्ति वा वस्तुलाई चरित्र तथा पात्र भनिन्छ । प्रस्तुत 'आत्महत्या कसले गर्ने ?' कथामा थोरै चरित्रको प्रयोग गरिएको छ । ती सम्पूर्ण पात्रहरु मानविय छन् । यस कथाकी मुख्य पात्र मंगली हो । उ नेपाली समाजकी सामान्य महिलाहरुको प्रतिनिधीत्व गर्ने वर्गीय चरित्र भएकी नारी पात्र हो । आफ्नो घर, छोरा, बुहारी, छोरी, ज्वाई, धन सम्पत्ति सबैको राम्रो व्यवस्था हुँदा हुँदै पनि जीवनदेखि निरास भएर आत्महत्या गर्ने सोचमा पुगेको आफ्नो भाइलाई सम्भाइ बुभाई गरी बाँच्नको लागि अभिप्रेरित गर्ने एक जीवनवादी चरित्र हो । यस कथाको मुख्य पुरुष पात्रको रुपमा सुरेश आएको छ । उ उच्च मध्यम वर्गको वृद्धावस्थामा प्रवेश गरीसकेको पात्र हो । डिङ्गो (पशु/घरपालुवा) बूढो भए भीर खोज्छ मान्छे बूढो भए निहूँ खोज्छ भन्ने नेपाली उखान ऊ मार्फत पूरै चरितार्थ भएको छ । छोरा-बुहारी, श्रीमति सबैले राम्रो वास्ता, हेर विचार र सेवा सत्कार गर्दा पनि अनाहकमा निहूँ खोजेर जीवनदेखि नै पलायन हुन चाहने पात्र हो ।

यस कथाका अन्य पात्रहरुमा मंगलीको छोरो छ । जुवा तासमा लागेर आफ्नो सम्पत्ति सक्ने तथा सम्पत्ति र पैसाको लागि आफ्नै आमालाई मार्ने धम्की दिने यो पात्र प्रतिकूल चरित्रको पात्र हो । मंगलीका छोरीहरु जवानी संहाल्न नसक्ने छिल्लिएका र त्यसेको

प्रतिफल स्वरुप अत्यन्तै दु:ख भोगीरहेका पात्रहरु हुन् भने अन्य पात्रहरुमा सुरेशका छोरा वुहारी, छोरी-ज्वाई, श्रीमती लगाएका पात्रहरु गौण चरित्र हुन ।

### ४।३।४।३ परिवेश

यस कथाको परिवेशको कुरा गर्दा स्थानिक र कालीक परिवेश गरी मुख्यतया दुई थरि परिवेश आएका छन । नेपाली समाजमा देखिएको शैक्षिक व्यापरिकरण पनि प्रस्तुत कथामा परिवेश बनेर आएको छ । यस कथामा नेपाली ग्रामिण शहरी समाज स्थानिय परिवेशका रुपमा चित्रित भएको छ । त्यस्तै गरी कालीक परिवेशका रुपमा प्रस्तुत कथा नेपाली समाजमा जाँड रक्सी जुवा तास आदिमा लागेर सम्पत्ति सक्ने, आफ्नो अस्ति,वको समेत ख्याल नगरी किशोरावस्थामा जवानीको जतन गर्न नसक्ने निम्न मध्यमवर्गीय नेपाली समाजका नारीहरु आफ्नो जीवन आफ्नै कारण दुखाउनु पर्ने वैध्यव्यताको पीडा बोकेर सामान्यत बाच्नुपर्ने सामन्तवादी/पुँजीवादी नेपाली समाज परिवेश बनेर आएको छ ।

### ४।३।४।४ उद्देश्य

प्रस्तुत कथाको उद्देश्य जीवनदेखि पलायन हुन खोज्ने जीवनविरोधी त,वको सामना गर्दै जीवन बाँच्नका लागि संघर्ष गर्नु पर्ने सन्देश संप्रेषण गर्नु हो । समाजमा हुने खाने सम्पन्न वर्ग र कम आय आर्जन भएका विपन्न वर्ग दुबै हुन्छन् तिनीहरुमध्ये निम्नवर्गले बाँच्नका लागि जति संघर्ष र परिश्रम गर्न सक्दछ त्यो रुपमा धनी वर्गले सक्दैनन् भन्ने मान्यता प्रस्तुत गर्नु पनि यस कथाको उद्देश्य नै हो । यस कथाको सुरशेले प्रस्तुत गरेको पलयानवादी चिन्तन र मंगलीले अभिव्यक्त गरेको जीवनवादी स्वर यसैको प्रमाण हो ।

### ४।३।४।५ भाषाशैली

यस कथामा कथाको मुख्य पात्र सुरेश र मंगलीका बीचमा आफ्नो जीवन, घरपरिवार, छोराछोरी आदि विविध विषयमा सरल भाषा शैलीमा सम्वाद भएको छ । नेपाली भाषाका तद्भव, तत्सम शब्दहरुको बाहुल्य रहेको यस कथामा ट्यूसन, ड्राइभर आदि अंग्रेजी शब्दहरुको प्रयोग पनि गरिएको छ । समग्रमा सरल र वर्णनात्मकता सम्वादमा यस कथाको भाषिक शैली बनेको छ ।

### ४।३।४।६ दृष्टिविन्दु

यस कथामा समाख्यताका रुपमा कथाकार स्वयम् आएका छन् । उनी कथा भन्दा बाहिरै बसेर सम्पूर्ण पात्र तथा घटनाहरुका बारेमा पाठकलाई जानकारी गराएका छन् । यस कारण यस कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ । सुरेश र मंगली दिदिलाई मुख्य पात्र बनाएर तिनीहरुलाई आपसमा संबाद गर्न लगाएका छन् कथाकारले । कथाका मुख्य पात्रहरुले आफ्नो कथालाई सम्वादको रुपमा अभिव्यक्त गरेकाले यस कथाको दृष्टिबिन्दु तृतीय पुरुष सीमित हो ।

## ४।३।५ उनी फर्कनन् कथाको विश्लेषण

धर्मराज बाँस्तोला समाजवादी यथार्थवादी कथाकारका रुपमा परिचित छन् । उनले नेपाली समाजमा भए गरेका शोषण उत्पीडन र दमनको घोर विरोध गर्दै त्यसबाट मुक्तिको लागि क्रान्तिको आव्हान आफ्ना कथा मार्फत गरेका छन् । समाजमा रहेका वर्गको यर्थाथ चित्रण गर्दै सर्वहारा वर्गहरुप्रति गहिरो सहानुभूति प्रकट गर्नु उनका कथाहरुको मूल अभिष्ट हो । उनले आफ्नो कथामा यो वर्गीय चेतना प्रकट गर्दा मार्क्सवादी जीवन दृष्टिका आधारमा गरेका छन् । धर्मराज वाँस्तोलाद्वारा लिखित 'उनी फर्केनन्' कथा 'हिमशिखर' पाँचौ अंकमा प्रकाशित कथा वर्गीय समाजको चित्रणमा केन्द्रीत कथा हो । यहाँ विवेच्य कथा 'उनी फर्केनन्' कथामा पनि नेपाली समाजमा रहेका हुने खाने र हुँदा खाने वर्ग बीचको भेद स्पष्ट देखाउँदै गरिब एवं निमुखाहरुले आफूसंग प्रतिभा एवं क्षमता भएर पनि अबसर प्राप्त नगर्ने तर पहुँचवालाहरुले सधैं अवसर र सफलता हात पारिरहने अवस्थालाई यथार्थ ढङ्गले प्रस्तुत गर्दै त्यस्तो खराब प्रवृत्तिको अन्त्यका लागि क्रान्तिको संकेत गरिएको छ। प्रस्तुत कथालाई कथा त,वका आधारमा यसरी विश्लेषण गर्न सकिन्छ ।

### ४।३।५।१ कथानक

यस कथाको कथानक एउटा निम्नमध्यम वर्गीय नेपाली परिवार तथा समाजको यथार्थ घटनावस्तु हो । परम्परागत रुपमा कृषि पेशा अंगालेर बसेका कुलदीप शर्माले आफ्ना लगातारका चारवटा छोरी पछि पाएको एउटा छोरालाई पढाएर ठूलो मान्छे बनाउनको लागि आफूसँग भएको एउटा सानो खेत पनि बेचे तर त्यसले पुगेन । जिल्लाकै रेकर्ड तोडेर प्रथम श्रेणीमा एस.एल.सी. उत्तीर्ण गरेको कुलदीपको छोरो रमेश आफूसँग प्रतिभा र क्षमता हुँदाहुँदै पनि पैसा अभावका कारण आफ्नो पढाइलाई अगाडि बढाउन असमर्थ जस्तै हुन्छ तर

पनि अभावमा नै जीवनको अर्थ खोज्न सिक्दै आफ्नै साथीको सहाराले उ एउटा होटेलमा काम गर्दै गणितमा स्नातक हुन्छ । त्यसपछि जागिरका लागि सारा शहर चाहार्दा पनि उसले एउटा सामान्य जागिर पनि पाउँदैन । अनि समाजमा देखिएको नातावाद, कृपावाद र फरियावाददेखि अवाक् भएर त्यसबाट मुक्तिको बाटो सोच्न थाल्दछ । सामान्य वा निम्नवर्ग तथा निम्नमध्यम वर्गलाई शोषण गरेर खान पल्केका समाजका शोषकहरुको विरुद्ध सशक्त प्रतिकार आवश्यक भएको महशुस गर्दै रमेश त्यसैको खोजीमा निस्कने निर्णय गऱ्यो । यस कथाको कथानक यही हो । यो कथाको कथानक सरल रेखामा अगाडि बढेको छ र कथानक स्थूल छ ।

## ४।३।५।२ चरित्र चित्रण

यस कथामा मुख्य पात्रका रुपमा रमेश शर्मा आएको छ । सहायक पात्रहरु रमेशका बाबु कुलदीप शर्मा र उसकी आमा हुन् । रमेश नेपाली ग्रामिण समाजको निम्नमध्यम वर्गीय कृषक परिवारमा जन्मेको व्यक्ति हो । उ सानै उमेरदेखि पढाइलेखाइमा मेघावी देखिएको छ । समस्या र अभावका बीचमा पनि आफ्नो दायित्व र कर्तव्यबाट बिचलित नहुने रमेश मुक्ति र परिवर्तनकामी व्यक्तिका रुपमा चित्रित भएको छ । आफूसँग दक्षता र क्षमता हुँदाहुँदै पनि समाजमा विद्यमान राजनीतिक विकृति र विसङ्गति तथा नातावाद र कृपावादका कारण वेरोजगार बन्न पुगेको रमेश त्यसरी बाँच्न बाध्य तुल्याउने राज्यव्यवस्था तथा सामाजिक परिपाटीका विरुद्ध सशक्त प्रतिकार गर्ने निर्ष्कषका साथ क्रान्तिको बाटो समातेको एक जीवन तथा वर्गवादी पात्र हो । यस कथाका सहायक पात्रका रुपमा रहेको रमेशका बाबु कुलदीप शर्मा नेपाली ग्रामिण समाजका निम्न मध्यम वर्गीय अनपढ किसानहरुका प्रतिनिधि पात्र हुन् । उनी आफ्नो अशिक्षाका कारण पाएको दुःखलाई सम्झेर छोरालाई पढाइ लेखाइमा लगाउने र त्यसका लागि घरबारी समेत बेच्न पछि नपर्ने एक असल बाबु हुन् । प्रस्तुत कथामा अन्य गौण पात्रहरु पनि आएका छन् । त्यस्ता पात्रहरुमा रमेशकी आमा, होटेलको मेनेजर रमेशको साथी आदि रहेका छन् ।

## ४।३।५।३ उद्देश्य

प्रस्तुत कथाले ०४७ सालपछिको राजनीतिक परिवर्तनपछि नेपाली समाज तथा राजनीतिमा हावी भएको नातावाद, कृपावाद र फरियावादको कारण सिर्जना भएको विकराल

अवस्थाबाट मुक्तिका निम्ति सशक्त प्रतिकार तथा क्रान्तिको आव्हानलाई उद्देश्य बनाएको छ । सामन्तवादबाट पुँजीवादतर्फ संक्रमित हुँदै गरेको नेपाली समाजको यथार्थलाई प्रस्तुत गर्नु नै यस कथाको मुख्य उद्देश्य हो । राजनीतिक दल तथा पार्टीहरुले योग्यता र दक्षता नभएका मान्छेहरुलाई आफ्नो हनुमान भएकै आधारमा अवसर दिने तर प्रतिभा सम्पन्न व्यक्तिलाई अवसरको त के कुरा न्यूनतम बाँच्ने आधारको समेत ग्यारेन्टी नहुने पक्षपाती नेपाली समाजको यथार्थलाई सपाद प्रस्तुत गर्दै त्यसबाट मुक्तिको लागि निम्न वर्गले क्रान्तिको बाटो अङ्गिकार गर्नु पर्ने समाजवादी विचार प्रस्तुत गर्नु नै यस कथाको मुख्य उद्देश्य बनेर आएको छ ।

## ४।३।५।४ परिवेश

यस कथाको परिवेशका सन्दर्भमा कुरा गर्दा स्थानिक, कालिक र राजनीतिक परिवेश मुख्य गरी आएका छन् । नेपाली समाजको सहरी तथा ग्रामिण परिवेश स्थानिक परिवेशका रुपमा आउको छ भने २०४७ सालका परिवर्तन पछिको नेपाली समाज कालिक परिवेशमा आएको छ । यसै गरी प्रस्तुत कथामा त्यही २०४७ सालपछिको राजनीतिक परिवर्तन र त्यसले ल्याएको विकृति तथा विसङ्गति अनि नातावाद र कृपावाद तथा हनुमानवादको अन्त्य गर्दै शोषणरहित र वर्गरहित समाज निर्माणका निम्ति रोजिएको क्रान्तिको बाटो राजनीतिक परिवेशका रुपमा आएको छ । समग्रमा भन्दा यस कथाको परिवेश नेपाली समाज, नेपाली समय र नेपाली राजनीति हो ।

## ४।३।५।५ भाषाशैली

यस कथाको शैली वर्णनात्मक छ । संवादको प्रयोग छैन बरु एकालपीय मनोवादात्मक शैलीपछि आएको छ । सरल वाक्यहरुको प्रचुर मात्रामा प्रयोग गरिएको छ । तद्भव शब्दहरुको अधिक्यता भए पनि तत्सम र स्कूल, फाइनल, एस.एल.सी., क्याम्पस आदि अंग्रेजी शब्दहरुको प्रयोग पनि कथामा प्रयोग गरिएको छ । सरल भाषिक प्रयोगका कारण कथाको शैली अभिधात्मक बनेको छ । भाषालाई साध्य नमानी साधन मान्य समाजवादी यथार्थवादी साहित्यिक मान्यता हो । यस कथामा पनि कथाकारले भाषिक कला तर्फ भने खासै ध्यान दिएका छैनन् ।

### ४।३।५।६ दृष्टिबिन्दु

समाख्याताले कथा भन्नका लागि रोजेको स्थानलाई दृष्टिबिन्दु मान्दा यस कथालाई कथाकारले कथा भन्दा बाहिर नै बसेर आफैले बाचन गरेका छन् । यस हिसाबले भन्दा प्रस्तुत कथाको दृष्टिविन्दु बाह्य हुन आउछ । उनी अर्थात् कुलदीप शर्मा, अर्का उनी पात्र रमेश शर्मा लगायतका पात्रहरुलाई घटनाक्रममा सहभागी गराएर कथाकार आफू बाहिर नै बसेर कथा भनेका छन् । रमेशले आफ्नो मन भित्र खेलेका विविध कुराहरु र परिवर्तनका निम्ति रोजेको बाटो आदिका आधारमा त्यस कथाको दृष्टिबिन्दु तृतीय पुरुष सीमित छ ।

## ४।३।६...आगामूी कथाको विश्लेषण

रोशन थापा 'निरव' शैलीमा प्रयोग गर्ने कथाकार हुन् । उनको यो 'आगामी' शीर्षक कथा हिमशिखर - ६ मा प्रकाशित छ । यो कथा विसंगतिवोध भएको कथा हो । यसमा उनले जीवनको बहुआयामलाई असङ्गत र छरप्रष्ट रुपमा देखाउने चेष्टा गरेका छन् । प्रयोगशील कथाको प्रतिनिधि कथाका रुपमा यहाँ यस कथाको विश्लेषण गरिएको छ ।

### ४।३।६।१ कथानक

यस कथाको कथानकमा मूर्त आख्यानीकरण भएको देखिदैन । कुनै घटनाको शिलशिला पनि मिलेको छैन । समाख्याताले कथाकारका बारेमा भनेका छन् । कथाकार यस कथाको एक मात्र प्रमुख पात्र हो । उसको आज विहे भएको सूचना पाठकलाई दिएर समाख्याताले कथा भन्न सुरु गरेको छ । त्यही बिन्दुबाट सुरु भएको कथा त्यही बिन्दुमै समाप्त भएको छ । कथाकार एउटा संस्थाको प्रुफरिडर हो । त्यतिमात्र होइन आज उसको बिहेको दिन हो तर उसमा त्यसको कुनै तयारी देखिदैन, ऊ जिम्मेवारीबाट भाग्न पनि चाहन्न र त्यसप्रति कुनै अस्वभाविक उत्साह र जिज्ञासा पनि उसमा देखिदैन । उसले कुनामा बारुलाका भालेपोथी गोलामा टाँसिएर रतिक्रियामा लागेको देख्छ भने अर्को कुनामा माकुराले आफ्नै जालोमा अल्झेर शिकारको अन्त्यहीन प्रतीक्षा गरेको पनि देख्छ । जीवन सुख र दुःख दुवै भएको समयको नियमितता बाहेक केही होइन भन्ने निस्सारता उसले बोध गरेको छ । आफूभन्दा कम पढेका र केही नजान्ने अर्थात् आफ्नै नाम पनि शुद्ध लेख्न नजान्नेहरु उसका हाकिम भएर उसलाई कज्याएर आत्मरति गर्छन् । उसलाई जीवनका यी सबै विसङ्गति देखेर दिक्क लागेको कुरा 'म' पात्रबाट पाठकले थाहा पाउँछ । म पात्रले

पाठकलाई सम्बोधन गर्दै कथाकारको बिहे भएको घोषणा गर्दै कथाकारको जीवनको एक च्याप्टर खुशीसाथ बितेको जानकारी दिएपछि कथानक समाप्त भएको छ । आदि, मध्य र अन्त्यको परिपुष्ट योजना नभएको यस कथामा कथानक झिनो र विशृङ्खलित छ ।

## ४।३।६।२ चरित्र

यो चरित्रप्रधान कथा हो । यसमा मुख्य पात्रका रुपमा कथाकार अर्थात् प्रुफरिडर आएको छ । 'म' पात्र समाख्याता हो । ऊ सहायक पात्र हो । उसले 'कथाकारको' मनस्थिति र बाह्य स्थिति पनि बताएको छ । कथाकार एउटा अफिसको प्रुफरिडर पदमा कार्यरत शिक्षित र श्रमजिवि युवा हो । उसले आफूभन्दा कम योग्यता भएका मानिसहरुको अधिनमा रहेर काम गरिरहेको छ । जीवनमा केही कुरा नमिलेको देख्ने 'कथाकार' पात्र विहेकै दिनमा पनि कार्यालयको उत्तरदायित्व र कर्तव्यको थिचाइले निरसतापूर्वक दैनिक कर्तव्य गरिरहेको छ । उसले जीवनलाई सुख र दुःखको दोसाँधको रुपमा लिएको छ । विहेको दिनमा पनि कुनै थप उत्साह र जिज्ञासा उसमा देखिएको छैन । यस हिसाबले 'कथाकार' पात्र अन्तर्मुखी र गोलो चरित्रका रुपमा रहेको छ ।

'म' पात्र पनि मानसिक रुपले विसङ्गत छ । 'कथाकार'पात्रको मानसिक चित्रण गरेर पाठकलाई बताउने क्रममा उसको विसङ्गत मानसिक जगत पनि पाठकसामू आउँछ । नारीलाई हेयदृष्टिले मात्र हेर्ने 'म' पात्र जीवनलाई विसङ्गत देख्छ । उसले प्रुफरिडर 'कथाकार' पात्रको कथा सुनाएर विसङ्गत जीवनदृष्टि पाठकसामू प्रस्तुत गरेको छ । यस कथाका लेखकको मुखपात्रका रुपमा पनि 'म' पात्र रहेको छ ।

## ४।३।६।३ परिवेश

यस कथाको मुख्य परिवेश शहरी बढ्दो यान्त्रिकतामा बाँचेका मानिसको मनोजगत हो । सार्वभौम परिवेशका रुपमा जीवनको विसङ्गतिलाई कथाले परिवेशका रुपमा लिएको छ । प्रयोगशील कथाकार भएकाले शिक्षित तर निम्न वैतनिक कर्मचारीहरुले निजी संस्थाहरुमा काम गरेर श्रममा जीविका चलाउनु पर्ने आम अवस्था पनि यस कथाको परिवेश बनेको छ । शैक्षिक बेरोजगारी, पैसाको दादागिरी पनि यस कथाले चित्रण गरेका सामयिक सन्दर्भ हुन् ।

### ४।३।६।४ उद्देश्य

यस कथाको उद्देश्य समाज र जीवनमा रहेका अमिल्दा पक्षको उजागर गरेर जीवनको निरर्थकता बोध गराउनु हो । कलात्मक भाषाको प्रतिपादनद्वारा क्षयीकृत विचार यस कथाले प्रस्तुत गरेको छ । यस कथामा विचारका रुपमा कुण्ठा, विसङ्गत जीवनदृष्टि प्रस्तुत गरिएको छ । कुनै पनि कुरा नमिलेको चिज मानिसको जीवन हो भन्ने कथाकारको दृष्टिकोण 'म' पात्रद्वारा बोलिएको छ । यस हिसाबले विसङ्गतिवादी चिन्तनको पुष्टि गर्न सफल यस कथाको उद्देश्य पनि त्यही हो ।

### ४।३।६।५ भाषाशैली

प्रयोगशील कथाकारहरु भाषिक कला र प्रयोगमा रमाउँछन् । यस कथामा पनि कथाकारले आर्थिक र शाब्दिक प्रयोगका सन्दर्भमा भाषिक विचलन गरेका छन् । "यो साला अफिसलाई पनि आइस्लिप गरेजस्तै मिस्टेक गरिदिउँ" जस्ता विचलित वाक्यहरु अमिल्दा पनि लाग्दछन् । अङ्ग्रेजी आगन्तुक, झर्रा, तत्सम सबै किसिमका शब्दको प्रचुर प्रयोग गरिएको यस कथामा बहुलता भने तत्भव शब्दको हुनु स्वभाविक देखिन्छ । विदेशी, लेखक तिनका कृतिहरु र ती कृतिका पात्रहरुको तादात्म्य आफ्ना पात्रसंग देखाउँदा भाषाप्रयोगमा बौद्धिकता देखाउने चेष्टा गरेको स्पष्ट हुन्छ । भाषा-शैली सरल भन्दा बौद्धिक नै भएको स्पष्ट हुन्छ । उच्च मर्यादित भाषाभन्दा निम्नकोटीका साला, थुतुनो जस्ता शब्दहरु पनि उनले प्रयोग गरेका छन् । विभत्सता र नग्नताकै स्तरमा नपुगे पनि भाषाले मानवीकृत रुप र सामाजिक मर्यादाको प्राथमिकता तोडेको छ ।

### ४।३।६।६ दृष्टिविन्दु

यस कथामा 'म' पात्रले कथाकार पात्रको मानसिक चित्रण गरेको छ । कथा कथ्ने समाख्याता अर्थात् 'म' पात्र कथाको केन्द्रमा नभई परिधिमा रहेकाले यस कथामा आन्तरिक परिधीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ । अर्को शब्दमा भन्नुपर्दा प्रथम पुरुषीय दृष्टिबिन्दुमा यो कथा संरचित छ ।

## ४।३।८...शहर कथाको विश्लेषण

टेकनाथ पीडित घाचोक-१, कास्कीका कथाकार हुन् । उनको 'शहर' शीर्षकको कथा 'हिमशिखर' सातौं अङ्कमा प्रकाशित छ । यस कथाले बढ्दो शहरी यान्त्रिकता र उपभोक्तावादी मानवीय प्रवृत्तिलाई संकेत गरेको छ । हिमशिखर साहित्यिक पत्रिकामा प्रकाशित प्रतिनिधि कथाहरुको विश्लेषणका ¬ममा सामाजिक यथार्थको यथास्थितिजन्य चित्रण गर्ने कथाहरुको प्रतिनिधि कथाका रुपमा यस कथाको छनौट गर्नु उपयुक्त हुने देखिन्छ । तसर्थ यस कथाको कथातात्विक विश्लेषण निम्नानुसार गरिन्छ ।

### ४।३।८।१ कथानक

यस कथामा गाउँबाट शहरमा पढ्न आई शहरमै डेरा गरेर जीवन व्यतित गरिरहेको एक जना व्यक्तिको निरस जीवनकथा र उसका उत्साहहीन अनुभूतिहरुको चित्रण गरिएको छ । सरल रेखीय ढाँचामा रचिएको यस कथामा 'ऊ' पात्र पढ्न भनेर परीक्षार्थीका रुपमा गाउँबाट शहर आएको छ । उसले सहरमा बसेर आइ.ए. देखि एम.ए. सम्मको अध्ययन गर्छ । सानोतिनो जागिर थाल्छ र उसलाई गाउँ फर्कन मन लाग्दैन । शहरी सुविधा छाडेर गाउँ जान पनि ऊ सक्तैन र सहरमा कुनै प्रगति गर्न नसकेकोमा पनि ऊ सन्तुष्ट छैन । सबै साथीहरु कोही व्यापार, कोही राजनीति, कोही ठेक्कापट्टामा लागेर घर घडेरी किनेर ठूला भएका तर आफूले केही गर्न नसकेकोमा ऊ कुण्ठा पालेर बस्न बाध्य भएको छ । नकमाउनेहरुको समाजमा कुनै गन्ती नहुने र कमाउनेहरुले नकमाउनेहरुलाई तुच्छ ठान्ने र आफूलाई श्रेष्ठ ठान्ने प्रवृत्तिको चित्रण यस कथामा भएको छ । उक्त प्रवृत्तिबाट पीडित निम्नवैतनिक कर्मचारीको शहरी जीवनशैलीबाट प्राप्त कुण्ठा र हीनताबोध यस कथाले प्रस्तुत गरेको छ ।

### ४।३।८।२ चरित्र

यस कथामा सीमित पात्रहरुको प्रयोग गरिएको छ । मुख्य पात्रका रुपमा 'ऊ' अर्थात् अविनाश आएको छ भने सहायक पात्रका रुपमा 'म' पात्र अर्थात साथी आएको छ । 'म' पात्र सामाजिक परिवर्तनका लागि व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर सोच्नुपर्छ भन्ने

सल्लाह अविनाशलाई दिन्छ तर अविनाश आफ्नो वैयक्तिक परिधिभन्दा बाहिर आउन सक्तैन । आफ्ना साथीहरुले धेरै उन्नति गरेका तर आफूले कुनै उल्लेख्य काम गर्न नसकेकोमा ऊ कुण्ठित बनेको छ । अरुले घरघडेरी जोडेका, छोराछोरीलाई विदेश पढ्न पठाएका, घरबङ्गला र गाडी किनेका तर आफूले शहरको रिक्ततालाई स्वीकारेर जीवन सहरी सुविधामा बेकारमा गुमाउनु परेको पीडा उसमा छ । यसरी हेर्दा यस कथाको मुख्य पात्र व्यक्तिवादी, स्थिर चरित्रका रुपमा रहेको मञ्चीय, व्यक्तिगत, पुरुष पात्रका रुपमा रहेको छ । 'म' पात्र सहायक पात्र हो । मञ्चीय पात्र भए पनि उसको भूमिका अविनाशसंग कुराकानी गर्ने सहायकका रुपमा मात्र आएको छ । ऊ आदर्शका कुरा गर्छ तर व्यवहारतः कस्तो छ भन्ने स्पष्ट हुने गरी चरित्र विकास कथामा भएको छैन । नेपथ्य पात्रका रुपमा 'म' पात्रका पैसावाला साथीहरुको चर्चा छ ।

## ४।३।७।३ परिवेश

यस कथामा शहरीकरण भइरहेका इलाकाको स्थानगत परिवेश रहेको छ । सहरको सुविधाभोग गर्ने मोहले गाउँ फर्कन मन नगर्ने पात्रको जीवनको चित्रण गर्ने क्रममा बढ्दो सहरमुखी जीवनशैली र संस्कृतिको सांस्कृतिक, सामाजिक परिवेश रहेको छ । त्यसका साथसाथै बढ्दो शहरी यान्त्रिकता, सुविधाभोगी प्रवृत्ति, नयाँ-नयाँ नगर विकास र त्यहाँको पट्यारलाग्दो कृत्रिम जीवनले ल्याएको निरसता शहरी परिवेशका रुपमा आएको छ । कालोबजारी, राजनीति, ठेक्कापट्टा आदि जस्ता कुराहरु अवैधानिक रुपले पैसा कमाउने उपाय बन्न पुगेकाले परिश्रमी, श्रमजीवीहरु र हुने खानेहरु बीचको खाडल बढिरहेको समसामयिक आर्थिक परिवेश पनि यसमा आएको छ ।

## ४।३।७।४ उद्देश्य

यस कथाको उद्देश्य समाजका अध्यारा पक्षको चित्रण प्रस्तुत गर्नु हो । ग्रामीण इलाकाहरुमा बढ्दो शहरी प्रभाव र सहरीकरणको तीब्र गतिको यान्त्रिकीकरण पनि यसमा आएको छ । हुनत अन्तमा 'म' पात्रले 'ऊ' पात्रलाई समतामूलक समाज निर्माणका लागि व्यक्ति परिधिभन्दा माथि उठेर नयाँ सोच र मान्यता अँगाल्न आग्रह गरेबाट कथालाई आलोचनामूलक बनाउने कोशिस गरेको देखिए पनि कथाकार त्यसमा सफल भएका छैनन् । मूलत सहरी सुविधामा हराएका गाउँ फर्कन नचाहने तर सहरले किचेर व्यक्तिवादी र

उपभोक्तावादी चरित्रभन्दा माथि उठ्न नसक्नेहरुका कुण्ठित जीवनको चित्रण गर्नुमा यस कथाको उद्देश्य सीमित देखिन्छ ।

## ४।३।७।५ भाषा शैली

यस कथाको भाषाशैली संवादात्मक छ । संवाद लामालामा र वर्णनात्मक किसिमका छन् । भाषा प्रयोग अभिधात्मक छ । स्तरीय मानक भाषाको नै प्रयोग भए पनि व्यवहारिक पक्षको चित्रणमा बोलचालकै भाषा देखिन्छ । तत्सम, तत्भव र आगन्तुक तीनै समूहका शब्दहरु प्रयोग गरिएका भए पनि तत्भव शब्दको नै प्रचुर मात्रामा प्रयोग भएको छ ।

## ४।३।७।६ दृष्टिबिन्दु

यस कथामा कथावाचक 'म' पात्रले उसंग कुरा गर्ने साथी 'ऊ' पात्रले कुराका शिलशिलामा भनेको प्रसङ्गमा कथा प्रस्तुत गरेको छ । अर्थात् कथयिता कथाभित्रै छ तर उसले आफ्नो नभएर दोस्रो मान्छेको कथा भनेको छ । यस हिसाबले यो कथा प्रथम पुरुष परिधीय अर्थात् आन्तरिक परिधीय दृष्टिबिन्दु रहेको छ ।

## ४।३।८...स्खलनू कथाको विश्लेषण

हिमशिखर साहित्यिक पत्रिकाको आठौं अङ्कमा प्रकाशित कथाहरुको संख्या उल्लेख्य छैन । एउटा लघुकथा र एउटा कथा बाहेक कथात्मक संरचनाका एक दुईवटा पत्रात्मक, संस्मरणात्मक लेखहरुमा पनि आख्यान त,व समाविष्ट पाइन्छ । यति भएर पनि विधा नै किटेर कथा नै भनेर छापिएको रचना भने देखिदैन । पाठकले पढेर रचनाहरुको विधा छुट्याउँदा 'कथा' का आधारभूत त,वहरुको परिपुष्टतर प्रयोग भएको रचना भने लक्ष्मण थापाद्वारा लिखित 'स्खलन' शीर्षक आख्यान नै हो । यो कथा 'हिमशिखर' आठौं अंकमा प्रकाशित वर्गीय समाजको चित्रणमा केन्द्रीत कथा हो । नेपालका राजनैतिक आन्दोलनहरुको परिवेशमा ऐतिहासिक घटनाहरुलाई आख्यानीकरण गरिएको यो कथा आलोचनात्मक यथार्थवादी दृष्टि बोकेको कथा हो । कथात,वका आधारमा यस कथाको विश्लेषण तल गरिएको छ -

## ४।३।८।१ कथानक

यस कथाको कथानक नेपथ्यमा रहेको छ । मञ्चमा भवसागर नाम गरेको निम्नवर्गीय चियापसलले मात्र रहेको छ । उसको जीवनमा उसले भोगेका देखेका राजनीतिक घटनाहरु, जनआन्दोलन, युद्ध र परिवर्तनको आख्यानीकरणबाट कथानक तयार भएको छ । इतिहासकै जस्तो स्पष्ट वर्णन नभएर पनि ठूलठूला राजनीतिक प्रसङ्गहरुलाई जोडिएको छ । जति आन्दोलन र राजनीतिक व्यवस्थाहरुका नाम परिवर्तन भए पनि सारमा नेताका सुविधाभोगी र व्यक्तिवादी चरित्र परिवर्तन नभएको कुरा यस कथाले प्रस्तुत गरेको छ । नेपाली समाजको राजनीतिक सामाजिक यथार्थलाई उनले यस कथामा प्रस्तुत गरेका छन् । हिजोआज भवसागर चियापसलमा बसेर नेताहरुलाई सराप्छ र राजनीतिक निराशा व्यक्त गर्छ भन्ने सन्दर्भबाट सुरु भएको कथा उसको विगतका राजनीतिक संलग्नता र परिवर्तनकामी युवा जोसको चित्रणतिर वर्तुलित भई पुन वर्तमानमा फर्किएर समाप्त भएको छ । २०३५ सालको विद्यार्थी आन्दोलन र २०३६ सालको जनमत सङ्ग्रह, २०४६ सालको जनआन्दोलन तथा २०६२ को जनआन्दोलनमा समेत सक्रिय सहयोग र सहभागिता जनाएको भवसागर २०३६ सालको जनमतसंग्रहमा सरकारले पैसा, पद, सेना, पुलिसको दुरुपयोग गरेर भिनो मतले बहुदल पराजित भएको घोषणा गर्न सफल भएको खबर पाएपछि यो हुनै सक्तैन भनेर रेडियो नै फुटाउने प्रजातन्त्रप्रति प्रतिबद्ध तर आवेगशील पात्र हो । २०६२।६३ को आन्दोलन पछि पनि नसुध्रिएका भ्रष्टाचारी स्वेच्छाचारी, पदलोलुप नेताहरु भागबन्डा र भैंभगडाको राजनीतिमा अल्भिएको देखेर ऊ निराश भएको छ र कथावस्त, त्यतिमै सीमित भएको छ ।

## ४।३।८।२ चरित्र

यस कथाको प्रमुख पात्र भवसागर हो । ऊ राजनीतिक रुपले प्रजातन्त्रप्रेमी र परिवर्तनप्रेमी पात्र हो । उसले परिवर्तनकामी जनताद्वारा भएका पटक पटकका आन्दोलनमा पसल नै बन्द गरेर भाग लिएको छ । चिया बेचेर गुजारा चलाएको उसले आफ्नै चिया पसलमा उधारो चिया पिउने विद्यार्थी नेताहरु कार चढेर हिडेको पनि देखेको छ । आफ्नै पसलमा बसेका र आन्दोलनमा आफ्नै पछि पछि लाग्ने नेताहरु मन्त्री भएका पनि देखेको छ, तर उसले राजनीतिक परिवर्तनबाट जनताको जीवनस्तरमा र जनजीविकाको सवालमा कुनै तात्विक अन्तर आएको नदेखेकाले ऊ निराश बनेको छ । यस हिसाबले हेर्दा उसलाई गतिशील चरित्र मान्न सकिन्छ । जीवन्त, आवेगशील, कथाको प्रमुख पुरुष पात्रका रुपमा

आएको भवसागर राजनीतिबाट निम्नवर्गीय मुक्तिको सपना देख्ने नेपालीहरुको प्रतिनिधि पात्र हो ।

मञ्चमा भवसागर एक मात्र प्रमुख पात्र भए पनि उसको चियापसलामा आउने र उससित गफ गर्ने मानिसहरुको गौण पात्रका रुपमा उल्लेख मात्र छ । नेपथ्यमा राजनीतिक पार्टीका नेता र कार्यकर्ता तथा जनताहरु आएका छन् ।

## ४।३।८।३ उद्देश्य

'स्खलन' कथा नेपाली समाजको राजनीतिक र सामाजिक यथार्थको चित्रण गरिएको कथा हो । यसमा राजनीतिक विषयवस्तुलाई मुख्य रुचिक्षेत्र बनाइएको छ । जनतालाई आन्दोलन गर्ने र भोट हाल्ने साधनका रुपमा प्रयोग गर्दै नेताहरुले पद, कुर्सी र सत्तामा जाने भऱ्याङ्का रुपमा टेकेर बिर्सेको ठाउँमा पुगेपछि राजनीतिक दलका नेताहरु सुविधाभोगी र अवसरवादी बनेको तीतो सत्यलाई यस कथाले कडा आलोचक दृष्टि प्रक्षेपण गरेको छ । निम्नवर्गीय जनताको मुक्ति र उत्पीडनको अन्त्य गर्ने नारा दिएर सत्तामा पुग्ने राजनीतिक शक्तिहरुमध्ये जो सत्तामा आए पनि उस्तै व्यक्तिवादी, अवसरवादी चरित्र देखाएको प्रति कथाकार असन्तुष्ट छन् । चियापसले 'भवसागर' लाई मुख पात्रका रुपमा प्रयोग गरी उनले आलोचनात्मक यथार्थवादी विचारको प्रस्तुति कलात्मक रुपले गरेका छन् । यही नै यस कथाको उद्देश्य हो ।

## ४।३।८।४ परिवेश

यस कथाको परिवेशलाई मुख्य गरी स्थानिक र सामयिक गरी हेर्न सकिन्छ । मुख्य गरी राजनीतिक र ऐतिहासिक परिवेशमा ग्रामीण नेपाली निम्न वर्गीय जीवनको परिवेश यस कथाले उतारेको छ । २००७ साल देखि २०३५।३६ का आन्दोलन र राजनीतिक घटना¬महरु संस्मरणात्मक ढङ्गमा आएका छन् । कथा राजनीतिक व्यवस्थाका विकृति विसंगतिमा केन्द्रित भएका कारण २०४६ सालको राजनीतिक परिवर्तन पनि सन्दर्भित छ । २०६२।६३ पछिको अस्थिर राजनीतिमा नेताहरुले देखाएको पूरानै चालाको सन्दर्भ र परिवेश पनि कथामा आएको छ ।

## ४।३।८।५ भाषाशैली

यस कथामा सरल र सुबोध्य भाषा शैली प्रयोग गरिएको छ । पात्रहरुको थोरै योजना गरिए पनि संवाद प्रयोगले भाषा नाटकीय बनेको छ । ह्याँ, भो' जस्ता कथ्य शब्दको प्रयोगले भाषा पात्रानुकुल र सहज बनेको छ । 'साम, दाम, दण्ड, भेद, चोरलाई चौतारो, साधुलाई सुली' जस्ता उखान-टुक्काहरुको प्रयोगले भाषा प्रभावपूर्ण बनेको छ । तत्भव शब्दको प्रचुर प्रयोग भए पनि केही राजनीतिक प्राविधिक शब्दावली पनि प्रयोग भएका छन् । स्खलन, पुनर्स्थापना, भ्रष्टाचार जस्ता केही तत्सम र कम्युनिष्ट आदि अङ्ग्रेजी शब्दको पनि प्रयोग गरिएको छ । शीर्षक प्रतीकात्मक छ । आन्दोलनमा जनताले ठूलो आशा राखेर ज्यानको बाजी थाप्न र बलिदानबाट प्राप्त राजनीतिक उपलब्धि टुङ्गोमा नपुग्दै नेताहरुले पुरानै शैली देखाउन थालेपछि परिवर्तनको आशा दुर्घटित र स्खलित हुन पुगेको प्रति यसले सङ्केत गरेको छ । समग्रमा कथ्य सरल भाषामा संरचित देखिन्छ ।

## ४।३।८।६ दृष्टिबिन्दु

यस कथामा कथायिताले कथा भन्नका लागि रोजेको ठाउँ कथा बाहिर छ । कथाकारले कथानकभन्दा बाहिर बसेर भवसागरको कथा भनेकाले यो कथा बाह्य दृष्टिबिन्दुबाट समाख्यायित भएको छ । अर्को शब्दमा ऊ अर्थात् तृतीय पुरुषीय पात्र भवसागरको कथा भन्नमा समाख्याता केन्द्रित भएकाले यस कथाको दृष्टिबिन्दु तृतीय पुरुषीय सीमित रहेको देखिन्छ ।

## ४।३।९...महिला मुक्ति कथाको विश्लेषण

सरिता तिमिल्सिना 'अश्मी' द्वारा लिखित 'मुहिला मुक्ति' कथा 'हिमशिखर' नवौं अंकमा प्रकाशित लघु आयाममा संरचित कथा हो । यस कथामा उनले महिला मुक्तिको नारा दिने तर आफूमा पुरुष सर्वसत्तावादी सोच पालेर बस्ने नारीवादी नेता तथा कथित सामाजिक कार्यकर्ताहरुको भण्डाफोर गरेकी छन् । नारी विषयलाई प्रमुख मानेर नारी समस्याको गहन पाटो उजागर गरिएको यस आलोचनामूलक कथाको विश्लेषण यस सन्दर्भमा प्रतिनिधिमूलक हुने देखिन्छ । यस कारण यस कथाको विश्लेषण कथा त,वका आधारमा गरिएको छ -

### ४।३।९।१ कथानक

नारी मुक्तिका आदर्श कुरा गर्दै कार्यक्रममा भाषण गर्ने तर घरमा आफ्नै श्रीमतीलाई चुलाचौकामा सीमित राख्ने नेपाली पुरुषवादी सोच भएको सामाजिक चिन्तनलाई यस कथामा कथानक बनाइएको छ । यस कथामा मुक्तिराम शर्मा नामक पात्रलाई नारी दिवसका उपलक्ष्यमा प्रमुख अतिथिका रुपमा बोलाइएपछि कथानक सुरु भएको छ । प्रमुख अतिथिको हैसियतले मुक्तिराम शर्माले बोलेका उत्पीडित नारी पक्षीय सारगर्भित भनाइहरुबाट अत्यन्त प्रभावित भएको म पात्र सामाजिक कार्य कै शिलशिलामा मुक्तिरामको घरमा पुग्छिन् । त्यहाँ पुग्दा श्रीमति घरबाहिरको काममा निस्केको आरोपमा उसले आफ्नी श्रीमतिलाई पिटिरहेको दृश्यले उनी मर्माहत हुन्छिन् । त्यसपछि मुक्तिराम र म पात्रका आँखा जुध्न पुग्दछन् र उसका आँखा म पात्रका सामुन्ने टिक्न नसकी उसले भुँइतिर झुकाउँछ । यसरी यस कथाको कथानक समाप्त भएको छ ।

सरल रेखीय ढाँचामा आएको यो संक्षिप्त कथानक घटनाप्रधान छ र पात्रहरुले ती घटनालाई मूर्तरुपले नै बोकेर हिडेका देखिन्छन् ।

### ४।३।९।२ चरित्र

यस कथाको मुख्य पात्र मुक्तिराम शर्मा हो । उसको चरित्र कथाको उद्देश्य प्रतिकुल देखिएको छ । ऊ खलपात्र हो । बाहिर आदर्शका कुरा गरे पनि आफू परिवर्तन हुन नचाहने पात्रका रुपमा उसको चित्रण गरिएको छ । प्रमुख पुरुष तर प्रतिकुल चरित्रका रुपमा ऊ जीवन्त पात्र हो । मञ्चीय र कथानकमा आबद्धताका हिसाबले बद्ध पात्र हो । त्यस्तै गरी यस कथाको अर्को महत्वपूर्ण पात्र 'म' हो । उ सामाजिक कार्यकर्ताका रुपमा कथामा चित्रित भएको छ । महिला माथि हुने अन्याय अत्याचार र दमनको विरोधमा सक्रिय ढंगले लागेको म पात्र कथाको उद्देश्य बमोजिम अनुकूल पात्र हो ।

### ४।३।९।३ परिवेश

यसमा सचेतना र आधुनिक नयाँ जीवनतिर रुपान्तरणको लागि नयाँ विचार संक्रमित हुँदै गरेको नेपाली समाजको परिवेश चित्रण गरिएको छ । नेपाली समाजमा

बुद्धिजीवी र एन.जी.ओ. हरुले महिला मुक्ति जस्ता सामाजिक विषयमा काम गरिरहेको तर त्यसमा लागेका कथित जान्नेसुन्ने पुरुषहरुमा नै परिवर्तन नआएको स्थिति यस कथाको सामाजिक परिवेश हो । महिला हिंसा र उत्पीडन पनि नेपाली समाजमा विद्यमान समसामयिक परिवशेका रुपमा आएको छ ।

### ४।३।९।४ उद्देश्य

यस कथाको उद्देश्य समाजमा विद्यमान नारी हिंसा, उत्पीडन, शोषण र मुख्य गरी विभेदको भण्डाफोर गर्नु हो । त्यस समस्यामा लुकेको अर्को चुनौती आदर्श देखिने तर आफै परिवर्तन हुन नचाहने पुरुष हैकमवादी मानसिकताको पनि तीव्र आलोचना गर्नु यस कथाको उद्देश्य हो । यस हिसाबले नारीवादी कथ्यका साथ आलोचनात्मक यथार्थवादी दृष्टिको प्रतिपादन गर्नु यस कथाको उद्देश्य हो ।

### ४।३।९।५ दृष्टिबिन्दु

यस कथामा कथयिताले कथा भन्नका लागि रोजेको ठाउँ कथाभित्र परिधिमा रहेको छ । अर्थात् म पात्रले आफ्नै नभएर मुक्तिराम शर्मा नामको दोस्रो व्यक्तिको कर्तुतहरुको कथा भनेको छ । यस अर्थमा यस कथाको दृष्टिबिन्दु आन्तरिक अर्थात् प्रथम पुरुषीय परिधीय रहेको छ ।

### ४।३।९।६ भाषाशैली

यस कथाको भाषाशैली सरल र बोधगम्य भए पनि कलात्मकताको अभाव छ । संक्षेपमा भन्ने शैलीले अभिधात्मक र सूत्रात्मक छ । अपरिष्कृत शैली भए पनि वाक्य गठन सरल भएकाले जटिलता छैन । सरल र संयुक्त वाक्यहरुको प्रयोग गरिएको छ । कथामा अङ्क र आँकडा जस्ता तथ्यहरु पनि प्रस्तुत गरिएका छन् । भाषा माझिएको वा उच्च संगठित भने देखिदैन ।

## ४।४ हिमशिखर पत्रिकामा प्रकाशित अन्य कथाहरुको अध्ययन

२०५७ सालबाट पोखरास्थित हेमजा साहित्य प्रतिष्ठानले वार्षिक रुपमा प्रकाशन आरम्भ गरेको साहित्यिक पुष्पमाला हो 'हिमशिखर' । प्रस्तुत पत्रिकाले आफ्नो

प्रकाशनारम्भको सुरुवात देखि नै नेपाली साहित्यका विविध विधाहरुको संकलन तथा प्रकाशन गर्दै आइरहेको देखिन्छ । प्रकाशनको सुरुवात देखि २०६५ सालसम्म आइपुग्दा यस पत्रिकाका जम्मा नौवटा अंकहरु प्रकाशित भएका छन् । ती प्रत्येक अंकहरुमा विशेष: गण्डकी पोखरालाई कार्यथलो बनाएर नेपाली साहित्य लेखन कार्यमा सहभागी भएका स्रष्टाहरुका विभिन्न रचनाहरुको संकलन तथा प्रकाशन गरिएको देखिन्छ । यहाँ सोही पत्रिकामा प्रकाशित कथाहरु मध्येबाट प्रतिनिधी कथाहरुको छुट्टाछुट्टै रुपले कथा त,वका आधारमा विश्लेषण गरिसकिएको छ । उक्त पत्रिकामा प्रकाशित अन्य कथाहरुलाई अंकगत आधारमा सामान्य परिचयात्मक टिप्पणी तल प्रस्तुत गरिन्छ ।

## ४।४।१ पहिलो अंकमा प्रकाशित अन्य कथाहरुको अध्ययन

हिमशिखर हेमजा साहित्य प्रतिष्ठान, हेमजाद्वारा प्रकाशित एक साहित्यिक पत्रिका हो । यो पत्रिका कविता, समीक्षा, लोक साहित्य, लेख, निबन्ध, कथा लगायतका साहित्यिक विधाहरुको समिश्रित संग्रहका रुपमा प्रकाशित भएको छ । हिमशिखर साहित्यिक पत्रिकाको पहिलो अंक मिति २०५७ सालको दशैं तथा तिहारको उपलक्ष्यमा प्रकाशित भएका हो । यस अंकमा कथा, कविता, समिक्षा, निबन्ध आदि जस्ता साहित्यिक विधाहरु समाविष्ट भएका छन् । यस अंकमा प्रकाशित कथाहरुमा भाष्करको ‘आमा’, विश्व शाक्यको कुकुर र मान्छे ( बाल कथा), रमेश अधिकारी ‘स्मिृत’ को ‘अपुरो प्रेम’ र विष्णु प्रसाद सुवेदीको ‘देवता’ गरी जम्मा चारवटा कथाहरु समावेश भएका छन् । यी सम्पूर्ण कथाहरुलाई परिचयात्मक समीक्षा तल प्रस्तुत गरिएको छ ।

### ४।४।१।१ ...कुकुर र मान्छे

यस अंकको दोस्रो कथाका रुपमा समावेश गरिएको विश्व शाक्यको ‘कुकुर र मान्छे’ बाल कथा हो । कथा भित्र पनि कथा समावेश गरिएको यो कथा नीतिमूलक रहेको छ । एउटा साहू सामन्तिले सिधासाधा गाउँलेहरुमाथि गरेको शोषण र त्यसको प्रतिफललाई यस कथाले आफ्नो कथानक बनाएको छ । यस कथामा शोषक साहू धर्मानन्द मुख्य पात्रका रुपमा आएको छ भने उसका लठौतहरु, कथाका एक वयस्क काका, केटाकेटी आदि सहायक तथा गौण पात्रका रुपमा प्रस्तुत भएका छन् । त्यस्तै गरी प्रस्तुत कथामा मानवेत्तर प्राणी

कुकुरलाई पनि पात्रका रुपमा उभ्याइएको छ । धर्मानन्द साहूको अल्पबुद्धिका कारण ऊ मरणासन्न अवस्थामा पुगेको देखाएर कथाले नीतिको संप्रेषण गरेको छ ।

हिमशिखर पत्रिकाको पृष्ठ २४ देखि २६ सम्म आकारगत विस्तार भएको प्रस्तुत कथाको उद्देश्य वा सारवस्तु भनेको विना विचार केही पनि काम गर्नु हुँदैन । यदि विचार विना नै कुनै काम गरिन्छ भने त्यसको परिणाम आफैलाई प्रत्युत्पादक हुन समेत सक्दछ भन्ने देखाउनु रहेको छ । बाल कथा भएकाले प्रस्तुत कथाको भाषा शैली अत्यन्तै सरल किसिमको छ । प्रस्तुत कथालाई कथाकारले आफू बाहिरै बसेर काका मार्फत उपकथा भन्न लगाएका छन् जसको कारण यस कथामा वाह्य दृष्टिबिन्दु रहेको छ ।

## ४।४।१।२ ...अपूरो प्रेमू

यस अंकको अर्को कथाका रुपमा कथाकार रमेश अधिकारी 'स्मित' को 'अपूरो प्रेम' रहेको छ । यो कथाले मानिसको जीवनमा आउने संवेदनशील तथा निकै उत्साही एवं चञ्चले अवस्था १६ वर्षे उमेरका युवा-युवतीका जीवनमा हुने माया र पिरतीका कथालाई आफ्नो कथानक बनाएको छ । एस्.एल्.सी. परीक्षाको तयारीमा जुटेको उ पात्रको मन भित्र ट्यूसन कक्षामा उनी पात्रलाई देखेपछि भएको प्रेमको अंकुरण र त्यसलाई व्यक्त गर्न नसक्दाको पीडालाई यस कथाले आफ्नो कथानक बनाएको छ । यस कथामा आएका चरित्रहरुको स्पष्ट रुपमा नामाङ्कन गरिएको छैन । तर पनि एस्.एल.सी. परीक्षाको तयारीमा जुटेको 'उ' पात्र र 'उनी' पात्र यस कथाका मुख्य पुरुष तथा सहायक पात्रहरु हुन् । भने कक्षाको अन्य साथी पढाउने माष्टर आदि नेपथ्य पात्रहरु हुने । चरित्र चित्रणका दृष्टिले थोरै पात्रहरुको प्रयोग प्रस्तुत कथामा भएका छ । यस कथाको सारवस्तु भनेको किशोरावस्थामा हुने विपरीत लिङ्गप्रतिको आकर्षण र त्यसको परिहार तथा त्यसले पार्ने प्रभावलाई साथैमा प्रस्तुत गर्नु हो । हिमशिखरको ६०-६१ पृष्ठमा रहेको यस कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ भने भाषा अत्यन्तै सरल र शैली अभिधात्मक रहेको छ ।

## ४।४।१।३ ...देवतू

हिमशिखर पत्रिकाको पहिलो अंकमा समावेश गरिएका कथाहरु मध्येको अन्तिम कथा विष्णुप्रसाद सुवेदी 'विवेक बाबु' को 'देवता' शीर्षकको कथा हो । सो पत्रिकाको पृष्ठ ७७ देखि ८० पृष्ठ सम्मको आयामगत विस्तार भएको प्रस्तुत कथामा कथाकारले आफ्नो

जीवनमा घटेको एक दिनको घटना र त्यस घटनाको प्रभाव स्वरुप धेरैपछि कुनै व्यक्ति पोखराको सेती खोलामा डुबेको र उसलाई बचाएको तथा त्यसपछि चार/पाँच वर्षपछि उक्त व्यक्तिसंग कथाकारको भेट भएको र उसले आफ्नो जीवनका सम्पूर्ण घटनाहरु कथाकारलाई सुनाएको छ । यो नै यस कथाको कथानक हो । यस कथामा कथाकार स्वय अर्थात् 'विवेक बाबु' रत्न प्रसाद, उसकी श्रीमती आदि मुख्य पात्रका रुपमा आएका छन् । यस कथाको उद्देश्य तथा सारवस्तुका रुपमा आफूलाई आपत् विपत् पर्दा सहयोग र समर्थन गर्ने व्यक्तिको गुणलाई आजीवन भुल्न हुँदैन भन्ने कुराको उपदेश दिनु रहेको छ । संस्मरणात्मक तथा व्याख्यात्मक शैलीमा लेखिएको प्रस्तुत कथामा तत्सम, तद्भव र न्यूरोड, एस्क्युज मि', आदि जस्ता अंग्रेजी शब्दहरुको पनि प्रयोग गरिएको छ । यस कथामा कथाकार आफै उपस्थित भएर कथा वाचन गरेका छन् जसका कारण यस कथाको दृष्टिबिन्दु आन्तरिक रहेको छ ।

यसरी हिमशिखर पत्रिकाको पहिलो अंकमा समाजमा रहेको वर्ग द्वन्द्वको यथार्थ ढंगले चित्रण गरी निम्नवर्गको मुक्तिका निम्ति क्रान्तिको विगुल फूक्ने समाजवादी यथार्थवादी कथा 'आमा' बाल कथा 'कुकुर र मान्छे', सस्मरण कथा 'अपूरो प्रेम' र समाजिक यथार्थवादी कथा 'देवता' जस्ता कथाहरु समावेश भएका छन् । यस अंकको सशक्त कथाका रुपमा भाष्करकृत 'आमा' कथा रहेको छ ।

### ४।४।२ दोस्रो अंकमा प्रकाशित अन्य कथाहरुको अध्ययन

हिमशिखर पत्रिकाको दोस्रो अंक २०५५ सालमा स्थापना भई २०५७ सालबाट साहित्यिक पत्रिका प्रकाशनको श्रृंखला आरम्भ गरेको हेमजा साहित्य प्रतिष्ठानको प्रकाशन निरन्तरताको रुपमा २०५८ सालको दशैं तिहारको उपलक्ष्यमा प्रकाशित भएको पत्रिका छ । यस अंकमा स्थापित साहित्यकारहरुदेखि लिएर भरखर साहित्यमा प्रवेश गर्दै गरेका नव प्रतिभाहरुसम्मका विभिन्न विधागत रचनाहरु समावेश गरिएका छन् । यस अंकमा साहित्यका कविता, कथा, समालोचना, भाषा विज्ञान सम्बन्धीको आलेख, निबन्ध, गजलका साथै साहित्यतर हेमजा साहित्य प्रतिष्ठानको वार्षिक कार्यक्रमको संक्षिप्त गतिविधिको झलक समेत प्रस्तुत गरिएको छ । यस अंकमा भाष्करको 'कमण्डलुमा रक्सी खानेहरु', सरुभक्तको 'व्रम्हाण्डको मृत्युपछि', टेकनाथ पोखेलको 'दिगन्त प्रजातन्त्र', धर्मराज बाँस्तोला 'अस्मिता', विष्णुप्रसाद सापकोटाको 'भोक' र रेशमलाल पोडेलको 'अस्मिताको अन्त्य' गरी

आधा दर्जन कथाहरु संकलित तथा प्रकाशित भएका छन् । यी कथाहरुको समीक्षात्मक परिचय तल प्रस्तुत गरिएको छ ।

## ४।४।२।१ ...ब्रम्हाण्डको मृत्युपछि

शून्यवादी, निस्सारतावादी वा प्रयोगवादी कथाहरु लेख्ने कथाकार सरुभक्तको 'ब्रम्हाण्डको मृत्युपछि' यस दोस्रो अंकमा प्रकाशित कथाहरु मध्येको दोस्रो कथा हो । यो विज्ञान कथा भएकाले यसको कथानक परिपुष्ट छैन । वैज्ञानिक आविष्कार तथा विज्ञान सम्बन्धीका विभिन्न वैचारिक प्रस्तुति मै यो कथा सीमित रहेको छ। यस कथाका पात्र तथा चरित्रहरु पनि मानव नभएर मानवेतर निर्जीव वैज्ञानिक आविष्कारका समाग्रीहरु तथा उक्त वैज्ञानिक आविष्कारमा सहभागी मानिसहरु अनि सिंगो ब्रम्हाण्ड नै यस कथाका पात्र तथा चरित्र बनेर प्रस्तुत भएका छन् । यस कथाको उद्देश्य बैज्ञानिक आविष्कारको जानकारी गराउँदै त्यसको उपयोगिता तथा सम्भाव्यताको जानकारी गराउनु रहेको छ। प्रस्तुत कथा विज्ञान कथा भएकाले यसको भाषा प्राविधिक छ भने शैली क्लिष्ट बनेको छ।

## ४।४।२।२ ...दिगन्त प्रजातन्त्र

हिमशिखरको दोस्रो अंकमा प्रकाशित कथाहरु मध्येको टेकनाथ पोखेल पीडितको 'दिगन्त प्रजातन्त्र' सामाजिक यथार्थको आलोचनात्मक ढंगले चित्रण गरिएको कथा हो। यस कथा कथाकारले नेपाली समाजमा ०४७ साल अघिको नेपाली राजनीतिमा भए गरेको आन्दोलन तथा क्रान्तिका घटनाहरुलाई कथानक बनाएर प्रस्तुत गरेका छन्। निरकुंशताका विरुद्ध लड्नेहरुको अवस्था नसुध्रिएको र सीमित दल र त्यसका नेताहरुले मात्र प्रगति गरेको अवस्थाको चित्रण पनि यस कथामा भएको छ । यस कथामा कथानकलाई बोकेर हिड्ने चरित्रका रुपमा कारखानामा काम गर्ने मजदुरहरु, आन्दोलनमा सहभागी आन्दोलनकारी आन्दोलनमा शहिद भएका व्यक्ति र तिनका परिवारहरु मुख्य पात्रका रुपमा आएका छन् । यस कथाको उद्देश्य नेपालमा २०४७ सालको परिवर्तनपछि आएको अर्कमन्यता र नातावाद तथा कृपावादका कारण क्रान्तिमा सहभागी भएका सर्वहारा वर्गको उत्थान हुन नसकेको अवस्थाको चित्रण गर्नु रहेको छ। परिवेशका दृष्टिले यस कथाले नेपाली ग्रामीण तथा शहरी र कारखानाहरुलाई स्थानिक तथा ०४७ साल अघिपछिको समयावधीलाई कालिक परिवेश

बनेर आएको छ भने क्रान्ति, आन्दोलन, रक्तपात आदि राजनीतिक परिवेश बनेको छ । भाषा सहज र सरल छ भने शैली काव्यात्मक छ ।

## ४।४।२।३ ...अस्मिता

यस अंकमा प्रकाशित अर्को कथा धर्मराज बाँस्तोलाको 'अस्मिता' शीर्षकको चरित्र प्रदान कथा हो । अमूक राजनीतिक पार्टीमा संगठित व्यक्ति दिनेश पछिल्लो समयमा आएर जाँड रक्सीमा तल्लीन भएपछि उसकी श्रीमतीले उसलाई सम्झाएकी छ । यस कथाको कथानक झिनो आकारको छ । कथाको अन्त्यमा लेखकको अप्रकाशित उपन्यास 'अस्मिता' बाट साभार गरिएको भनेर लेखिएको यो कथा कथावस्तुका हिसाबले दुर्वल छ । यस कथामा दिनेश र अस्मिता मुख्य पात्रका रुपमा आएका छन् भने भान्छे दिदि सहायक पात्र हुन् । साथी संगती वा अन्य कुनै कारणले जाड रक्सी जुवा तास तथा रण्डीबाजीमा लाग्नु हुँदैन भन्ने कुराको उपदेश तथा नेपाली राजनीतिक नेता तथा कार्यकर्तामा देखिएको विचलन वा पलायनमुखी प्रवृत्तिको सांकेतिक प्रस्तुति गर्नु नै यस कथाको उद्देश्य रहेको छ । परिवेशका हिसाबले यस कथाको घटना दिनेशको घरमा छोटो समयावधीमा घटेको छ । यो कथाको भाषा सरल छ भने शैली अभिधात्मक छ ।

## ४।४।२।४ ...भोक

हिमशिखरको यस अंकमा संग्रहित कथाहरु मध्ये विष्णुप्रसाद सापकोटाको 'भोक' शीर्षकको लघु कथा पनि एक हो । यो कथा लघुकथा भएकाले यसको कथानक अति झिनो छ । जीवन जीउनका लागि साधारण जागिर गरिरहेको आकाश विरामी भएर स्वर्गे भए पछि उसको परिवारमा आएका भोकमरी र मृत्युका बेलामा छिमेकीले देखाएको सहानुभूतिका कारण बाल मष्तिस्कमा परेको प्रभावलाई यस कथाले आफ्नो कथानक बनाएको छ । यस कथामा, आकाश, उसकी श्रीमती र छोरो तथा छिमेकी बूढी पात्रका रुपमा आएका छन् भने बाह्य दृष्टिबिन्दुको प्रयोग गरेर कथाकारले कथा भनेका छन् । यस कथामा कथाका अन्य त,वहरु त्यति सबल बनेर आएका छैनन् ।

## ४।४।२।५ ...अस्मिताको अन्त्य

रेशमलाल पौडेलको 'अस्मिताको अन्त्य' यस अंकको अन्तिम कथा हो । काव्यात्मक भाषा शैलीमा लेखिएको यस कथामा कथानक छैन भन्दा हुन्छ । सानो बालक अस्मिताको अन्त्य वा मृत्युको सामान्य घटनालाई यस कथाले आफ्नो कथानक बनाएको छ । आन्तरिक दृष्टिबिन्दुमा लेखिएको कथा यो यस दोस्रो अंकको पृष्ठ १३४ र १३५ मा प्रकाशित भएको छ ।

यसरी यस अंकका अधिकांश कथाहरुले सामाजिक यथार्थको चित्रणलाई आफ्नो विषयवस्तु बनाएका छन् भने केही कथाले वर्गीय समाजको द्वन्द्वलाई आलोचनात्मक ढंगले हेर्ने प्रयास पनि गरेका छन् । यसका साथै शून्यवादी विचार दर्शनमा आधारित कथा पनि यस अंकमा रहेको छ ।

## ४।४।३ तेस्रो अंकमा प्रकाशित अन्य कथाहरुको अध्ययन

हिमशिखर साहित्यिक पत्रिकाको तेस्रो अंक २०५९ सालमा प्रकाशित भएको छ । यस अंकमा पनि साहित्यका विभिन्न विधाहरुको संकलन गरिएको छ । यस अंकमा प्रकाशित कथाहरु सरुभक्तको होमोस्यामिन्सको सम्बोधन त्यस संघनात्मक प्रति जसलाई प्रकृति भनिन्छ, इन्द्रकुमार विकल्पको दिउँसोको सपना, कृष्ण पौडेलको सोमे काका, धर्मराज बाँस्तोलाको चिट्ठी, सरिता तिमिल्सिना 'अस्मी' को 'विवाह' र गंगा अधिकारीको 'रक्सी' गरी ६ वटा रहेका छन् ।

### ४।४।३।१ ...दिउसोको सपनू

हिमशिखर पत्रिकाको तेस्रो अंकमा प्रकाशित कथाहरु मध्ये इन्द्रकुमार विकल्पको - 'दिउँसोको सपना' शीर्षकको कथा लघुकथा हो । यस लघुकथामा कथाको मुख्य पात्र ठेला चालक 'काले' ले दिउसोमा नै देखेको सपनालाई कथावस्तु बनाइएको छ । 'काले' आफू संसद र मन्त्री भएर धेरै सम्पत्ति कमाएको, देश विदेश घुमेको आदि सपनामा मग्न भई रहेका बेला मालिकको चर्को बोली सुन्दा उसलाई यथार्थबोध हुन्छ । यस कथा मार्फत कथाकारले नेपाली राजनीतिमा देखिएका नेता तथा मन्त्री हुनु अगाडिको जीवन शैली र त्यसपछिको जीवन शैली बीचको अन्तरलाई प्रतीकात्मक रुपमा प्रस्तुत गरेका छन् । यो लघु कथा भएकाले यसमा स्थूल कथानकको अभाव त छैन साथै पात्र तथा परिवेश चित्रणमा समेत कथा सवल छ ।

## ४।४।३।२ ...सोमे काकू

तेस्रो अंकको ४६।४७ पृष्ठमा रहेको कथा 'सोमे काका' कथाकार कृष्णप्रसाद पौडेलले रचना गरेका हुन् । यस कथामा उनले एउटा विद्यालयको पाले सोमे काकाले रक्सी खाएपछि गरेको क्रियाकलाप र त्यसपछिको क्रियाकलापलाई कलात्मक ढंगले चित्रण गरेका छन् । उनले कथामा रक्सी पिएपछि मात्र आफूमाथि भएको शोषणको बोध गरेर त्यसैको झोकमा बोल्ने सोमे काका जस्ता पाले काकाहरुको यथार्थलाई कोट्याउने प्रयास गरे पनि यिनीहरुलाई सचेत बनाएर आफ्नो हक हित र अधिकार प्राप्तिका लागि संघर्ष गर्न र संगठित गराउन छोडेर कथाकारले उल्टै हिनताबोध वा पश्चात्तापमा जलाएर यथास्थितिवादी चिन्तनलाई प्रस्तुत गरेका छन् । यस कथाको प्रमुख पात्र सोमे काका निम्नवर्गीय प्रतिनिधी पात्र हुन् भने स्कूलका प्रिन्सिपल उच्च वर्गका जमिन्दार हुन् । कथाका मुख्य तथा सहायक पात्र यिनै हुन् । अन्य पात्रहर गौण पात्रहरु यहाँ छन् । प्रस्तुत कथाको भाषा सरल छ भने शैली अभिधात्मक रहेको छ ।

## ४।४।३।३ ...चिठ्ठी

कथाकार धर्मराज बाँस्तोलाको 'चिठ्ठी' शीर्षक कथा यस अंकको पृष्ठ ६२ देखि ६५ सम्ममा आयामगत विस्तार भएको कथा हो । यस कथामा कथाकार बाँस्तोलाले सामन्तवादी नेपाली समाजमा सदियौंदेखि विद्यमान अन्याय अत्याचार, शोषण, उत्पीडन र दमनका विरुद्ध सर्वहारा तथा निम्न वर्गले सञ्चालन गरेको क्रान्तिमा सहभागी एक गरिब दलित परिवारको कथालाई मुख्य कथावस्तु बनाएका छन् । तर पनि कथा पूर्ण समाजवादी यथार्थवादी वा प्रगतिवादी भने बन्न सकेको छैन । क्रान्ति र युद्धको संकेत र त्यस युद्धमा बीरगति प्राप्त गरेको कुराको उल्लेख पनि यसमा छ । तर त्यस युद्धबाट वा त्यो सहादतबाट मुर्छित गराएर मकरेलाई अप्रत्यासित रुपमा अचेत तुल्याउनु कथाकारको सिकारु प्रवृत्तिको संकेत हो भन्ने लाग्छ । यस कथामा मकरे वि.क. र उसको छोरो तथा श्रीमती, मधुरमण आचार्य पण्डित, स्कूलका मास्टर प्रमुख तथा सहायक पात्रहरुका रुपमा आएका छन् भने क्रान्तिमा सहभागीहरु, मकरेको छोराका साथीहरु, हुलाकी आदि गौण तथा नेपथ्य पात्रहरु हुन् । आलोचनात्मक यथार्थबादबाट माथि उठ्ने प्रयत्न गरेको यस कथाको उद्देश्य वर्गविहीन समाज निर्माणका लागि क्रान्तिको आव्हान गर्नु रहेको छ र परिवेशका रुपमा यस कथामा

स्थानिक, कालीक र राजनीतिक परिवेश प्रतिबिम्बित भएका छन् भने भाषा सरल र शैली अभिधात्मक रहेको छ ।

### ४।४।३।४ ...विवाहू

हिमशिखर पत्रिकाको तेस्रो अंकमा प्रकाशित कथाहरु मध्ये सरिता तिम्सिना 'अश्मी' को 'विवाह' लघुकथा हो । लघुकथा भएकाले नै झिनो कथानक भएको यस कथामा कथाकार अश्मीले विदेशी संस्कार र संस्कृतिले नेपाली युवावर्गमा परेको नकरात्मक प्रभावको चित्रण यथार्थ ढंगले गरेकी छन् । कथाको मुख्य पात्र दिपेन अध्ययनको निम्ति अमेरिका गएर प्राणघातक रोग बोकेर आएको र मृत्युवरण गरेको छ । तर निर्दोष केटी अस्मिताले पनि दिपेनबाट मृत्यु उपहार पाएकी छ । कथाको कथानक यही हो । यस कथामा दिपेन र अस्मिता नै मुख्य पात्रका रुपमा रहेका छन् । दिपेन शिक्षित तर व्यभिचारी पात्र हो भने अस्मिता नेपाली समाजकी शिक्षित युवती पात्र हो । यस कथाले जवानी, धन, सम्पत्तीको सही ढंगले प्रयोग गर्न जानिएन भने जीवन नाश हुन्छ भन्ने सन्देश सम्प्रेषण गर्नुलाई आफ्नो उद्देश्य बनाएको छ । भाषा सरल छ शैली अभिधात्मक नै छ ।

### ४।४।३।५ ...रक्सीू

'नव पल्लव' स्तम्भ अन्तरगत छापिएको गंगा अधिकारीको 'रक्सी' शीर्षक कथा नेपाली समाजमा प्रचलित दन्त्य कथा हो । यो कथा नीतिमूलक रहेको छ । रक्सी खानेहरुलाई रक्सी नखानका निम्ति उत्प्रेरित गर्ने विचारलाई यस कथाले आफ्नो कथानक बनाएको छ । कथामा मानवीय र मानवेतर प्राणीहरु (मैना, सुगा, बाघ, सुँगुर) दुबै थरी पात्रहरु प्रयोग भएका छन् । भाषा अत्यन्तै सरल छ । अधिकारीको प्रस्तुत कथाको भाव, भाषा तथा शैली सबैलाई एकमुष्ट रुपमा टिप्पणी गर्दा यो कथा सिंकारु कथाकारको कथा भन्न सकिन्छ ।

यसरी हिमशिखर साहित्यिक पत्रिकाको तेस्रो अंकमा सामाजिक यथार्थलाई विषयवस्तु बनाएर लेखिएका कथा, वर्गद्वन्द्वलाई विषयवस्तु बनाई निम्नवर्गीय समाजको पक्षमा लेखिएका कथा र अन्य विषयवस्तुमा लेखिएका कथाहरु गरी तीन वर्गका कथाहरु संकलित, सम्पादित तथा प्रकाशित भएका छन् ।

## ४।४।४ चौथो अंकमा प्रकाशित अन्य कथाहरुको अध्ययन

हिमशिखर पत्रिकाको चौथो अंक २०६० सालमा प्रकाशित भएको देखिन्छ । यस अंकमा जम्मा ६ वटा कथाहरु प्रकाशित छन् । ती कथाहरुको संक्षिप्त परिचयात्मक समीक्षा यहाँ प्रस्तुत गरिएको छ । यस अंकमा टेकनाथ पीडितको 'दौलथी', कृष्णप्रसाद पौडेलको 'आत्महत्या कसले गर्ने', शंकरराज सापकोटाको 'भाग्यको खेलसँग', तिलकप्रसाद तिम्सिनाको 'तारुव्य वायु', नारायण ढुङ्गानाको 'शहीद', विष्णुप्रसाद सापकोटाको 'अझै मानवता मरेको छैन' गरी जम्मा ६ वटा कथाहरु प्रकाशित छन् । यी कथाहरुका बारेमा सामान्य परिचयात्मक टिप्पणी गर्ने काम यहाँ भएको छ ।

### ४।४।४।१ ...दौलथ़ी

पृष्ठ २० देखि २३ मा रहेको 'दौलथी' शीर्षक कथाका लेखक टेकनाथ पीडित हुन् । उनले यस कथामा जीवनयापनका क्रममा बालक अवस्थादेखि प्रौढावस्थासम्म देखेभोगेका घटना तथा परिघटना र वर्तमानको आकासिँदो मूल्यवृद्धि र त्यसले जीवनमा पारेको प्रभाव तथा चाकडी र चाप्लुसी भर्ने भ्रष्टाचारीहरुको विलासी जीवनशैली तथा सीधासाधाले जीवन बाँच्न गरेको संघर्षलाई कथानक बनाएका छन् । 'म' पात्रको आत्मालापीय शैलीमा लेखिएको प्रस्तुत कथाको भाषा सरल किसिमको छ भने परम्परित वाक्य गठनमा पनि उनले खासै ध्यान दिएका छैनन् ।

### ४।४।४।२ ...तारुण्य वायु

तिलकप्रसाद तिम्सिनाको 'तारुण्य वायु' हिमशिखरको यस चौथो अंकमा प्रकाशित अर्को कथा हो । पृष्ठ ६९ र ७० मा रहेको यस कथामा कथाकारले ग्रामिण विपन्न परिवारको पात्र सोमेलाई युवावस्थामा पुऱ्याएर किशोरावस्थामा हुने माया-प्रेममा स्वच्छन्द तरिकाले विचरण गएका छन् । सानैदेखि मेधावी रुपमा प्रस्तुत भएको सोमे प्रविणता प्रमाणपत्र तह पढ्ने बेलादेखि एउटा केटीसँग प्रेम प्रसङ्गमा बाँधिएर आफू बर्बाद भएको घटनालाई यस कथाले आफ्नो कथानक बनाएको छ । विपन्न परिवारमा जन्मेको त्यो पात्रलाई यथास्थितिमा नै स्वच्छन्द तरिकाले विचरण गरी रमाइलो अनुभूति गर्न लगाइए कथाकारले यस कथामा यथास्थितिवादी प्रवृत्तिलाई मुख्य रुपले अंगाल्न पुगेका छन् । कथा

तृतीय पुरुष दृष्टि बिन्दुमा लेखिएको छ भने भाषा शैली त कमजोर छ नै कथा केबल सस्तो भावुकताको अभिव्यक्ति जस्तो मात्रै साबित भएको छ ।

### ४।४।४।३ ...भाग्यको खेलसाँगै'

'भाग्यको खेलसँगै' कथाका कथाकार शंकरराज सापकोटा हुन् । हिमशिखर पत्रिकाको चौथो अंकको पृष्ठ ६२ देखि ६५ मा रहेको यो कथा आर्दशोन्मुख यथार्थवादी कथा हो । यस कथाको कथावस्तुमा नेपाली समाजको यथार्थ अंकित हुँदा हुदै पनि आदर्शमा पुगेर कथा टुङ्गिएको छ । विवाह गरेको सात महिनामा नै स्वास्नीले छोरो पाएपछि कृष्ण र उसको घर परिवार तथा गाउँलेहरुको व्यवहारद्वारा साथै माइतीमा पनि हेला भएपछि आहत बनेर शहर पसेकी दिपू होटलमा काम गर्दा शम्भु जस्तो मालिकको शरण पाई छोरो रोहितलाई डाक्टर बनाउन सफल हुन्छे । अन्त्यमा क्यान्सर रोठबाट ग्रसित कृष्णलाई त्यही रोहित र दिपूले सहयोग गर्दछन् । दिपू, अनुरुपा जस्ता पीडित नारीहरु नेपाली समाजका यथार्थ नै हुन् । कृष्ण, परमान र उनीहरुका गाऊँलेहरु पनि पितृसत्तात्मक समाजका यथार्थ नै हुन् । तर शम्भु जस्ता मालिक, रोहित र दिपूको व्यवहार आदि थुप्रै आदर्शका नमूनाहरु यस कथामा आएका छन् । भाग्यवादी शास्त्रीय शैलीमा लेखिएको प्रस्तुत कथाको भाषा शैली सरल सुवोध र सरस रहेको छ ।

### ४।४।४।४ ...अझै मानवता मरेको छैनू

यस अंकको पृष्ठ ७५ मा रहेको 'अझै मानवता भरेको छैन' शीर्षक कथा कथाकार विष्णुप्रसाद सापकोटाको लघु कथा हो । जाडाले कापिरहेकी वूढी जो पुरानो कपडा मागेकी छे, कठोर आवाज साथ रिसाउँदै कराएकी छे सेठ करोडपति मेमसाहेव 'निकाल्दे भिखारीलाई' अर्को मानव छ कुचो बढार्दै गरेकी 'फूलु जसमा करुणाको झरना फूटेर आउँछ र आफूले ओढेको पछ्यौरा निकालेर वूढीलाई ओढाई विदा दिन्छे । यसरी यस कथामा मानवताको ह्रास हुँदै गइरहेको वर्तमान मानव समाजमा पनि अझै कतै-कतै मानवताको शेष बाँकी रहेको छ भन्ने कुरा देखाउन खोजिएको छ । गरीब दिन दुःखीको मर्म त्यसैले मात्रै बुझ्न सक्छ भन्ने कुरा कथाले स्पष्ट रुपमा देखाएको छ । लघु कथा भएकाले कथानक झिंनो छ भाषा सरल छ भने शैली प्रतीकात्मक छ ।

### ४।४।४।५ ...शहिद'

हिमशिखर पत्रिकाको यस अंकमा प्रकाशित 'शहीद' कथा नारायणी ढुङ्गानाद्वरा लिखित कथा हो । यस कथामा ढुङ्गनाले समाजमा विद्यमान अन्याय अत्याचार र शोषणका विरुद्ध क्रान्तिमा सामेल भएर मृत्युवरण गरेको घटनालाई विषयवस्तु बनाएकी छन् । यस पत्रिकाको पृष्ठ ८९ र ९० मा रहेको यस कथाले मुलुक बन्नको निम्ति क्रान्ति अपरिहार्य रहेको र त्यस क्रान्तिमा महान् जनताले सहादत प्राप्त गर्न सके मात्र वर्गरहित शोषणरहित र समतामूलक समाजको निर्माण हुने समाजवादी यथार्थवादी विचारधारालई मुख्य रुपले अभिव्यक्त गरेको छ । यसका लागि कथाकार ढुङ्गानाले कथाको पात्र शहिदराजलाई राजनीतिक क्रान्तिमा सहभागी गराएर सहादत प्राप्त गर्न लगाएकी छन् । कथाको अर्को पात्र विमल त्यही शहिदराजको मृत्युको खबरले आहत भएको छ । प्रस्तुत कथाको स्थानिक परिवेशका रुपमा नेपाली समाजमा सञ्चालित विभिन्न आन्दोलनमध्येको एक समय हो । यस्तै गरी प्रस्तुत कथामा संकेतिक रुपमा राजनीतिक परिवेशको पनि सङ्केत भएको छ । संवाद र गीत समेतको प्रयोगले कथा रोचक बनेको छ भने भाषा सरल र शैली अभिधात्मक रहेको छ ।

यसरी हिमशिखरको यस चौथो अंकमा जम्मा ६ वटा कथाहरु प्रकाशित भएका छन् । यस अंकमा प्रकाशित कथाहरुमा सामाजिक घटनालाई यथास्थिजन्य रुपले प्रस्तुत गर्ने प्रवृत्तिक कथा र समाजमा रहेका घटना तथा सामाजिक संस्कारहरुलाई आलोचनात्मक ढंगले हेर्दै यसबाट मुक्तिकोलागि क्रान्ति बोलाउने समाजवादी यथार्थवादी प्रवृत्तिका कथा तथा अन्य विषयवस्तुका कथाहरु रहेका छन् ।

## ४।४।५पाचौ अंकमा प्रकाशित अन्य कथाहरुको अध्ययन

हिमशिखर पत्रिकाको पाँचौ अंक २०६१ सालको शुभ विजयादशमी तथा दिपावलीको अवसरमा हेमजा साहित्य प्रतिष्ठानद्वारा प्रकाशित साहित्यिक पत्रिका हो । यस अंकमा पनि प्रस्तुत पत्रिकाका अन्य अंकहरुमा झैं साहित्यका विविध विधाहरुको संकलन तथा प्रकाशन कार्य भएको छ । यस अंकमा जम्मा ९ वटा कथाहरु प्रकाशित भएको पाइन्छ । ती कथा र कथाकारहरु यस प्रकार रहेका छन् । सरुभक्तको - समय सीमा, लक्ष्मण थापाको - शुभारम्भ, धर्मराज बाँस्तोलाको - उनी फर्केनन्, कृष्णप्रसाद पौडेलको - यी त हाम्रै पार्टीका हुन्, सूर्यचन्द्र बस्नेतको - फरक, टेकनाथ पीडितको - कुकुर, विवेक बाबुको - त्यो दिन कहिले आउला, शंकरराज सापकोटाको - चाहना र भावना र विष्णुप्रसाद सापकोटाको -

दोषीलाई दण्ड देऊ न यी कथाहरुलाई परिचयात्मक सन्दर्भमा सामान्य रुपले विश्लेषण गर्ने कार्य यहाँ भएको छ ।

### ४।४।५।१ ...समय सीमा’

‘समयसीमा’ हिमशिखर ८  मा प्रकाशित सरुभक्तको कथा हो । प्रस्तुत पत्रिकाको पृष्ठ ६ मा प्रकाशित यो लघु आकारको विज्ञान कथा हो । सरुभक्तको ‘यामागल’ उपन्यासबाट साभार यस कथामा कथाकारले मानिसको गर्भावस्थादेखि जीवनपरन्तका घटनाहरुलाई अभिव्यक्त गरेका छन् । विज्ञानको थुप्रै प्राविधिक शब्दहरुको प्रयोग भएको यो कथा अन्त्यमा गएर निस्सर र शून्यावस्थामा टुंगिएको छ । भने यस कथामा पात्र तथा कथानकको स्पष्ट संकेत कुनै पनि भएको छैन । कथा खाली निबन्धात्मक शैलीमा वर्तुलित रुपले घुमेर टुङ्गिएको छ ।

### ४।४।५।२ ...शुभारम्भ’

‘शुभारम्भ’ कथाका कथाकार लक्ष्मण थापा हुन् । हिमशिखर ५ को पृष्ठ ३० देखि ३४ सम्मका ५ पृष्ठमा प्रकाशित यस कथामा कथाकार थापाले भावनात्मक प्रेम जे र जस्तो सुकै परिस्थिति परे पनि अन्त,वगत्वा साकार भएरै छोड्छ भन्ने विचार अभिव्यक्त गरेका छन् । बसमा यात्रा गर्ने क्रममा अभिनबले आफ्नो युवावस्था वा विद्यार्थी कालका घटना परिघटना तथा भावनाप्रतिको आफ्नो प्रेमाभिव्यक्तिलाई संमरणात्मक शैलीले सम्भिmएको छ पोखराबाट काठमाडौं आइन्जेलसम्म भने अन्त्यमा उसकी पूर्व सखी भावनासँग भेट गराएर नयाँ जीवनको शुभारम्भको संकेत दिएर कथा टुङ्गिएको छ । यस कथाको मुख्य पात्र अभिनव हो । उ नेपाली समाजको शिक्षित र भावनात्मक प्रेम गर्ने तथा आपतविपद परेकालाई हदैसम्मको सहयोग गर्ने अनुकूल पात्र हो । त्यस्तै कथाकी मुख्य नारी पात्र भावना हो । उ आफ्नो पीर मर्का आफ्नो मन मिल्ने साथीलाई स्पष्ट रुपले भनेर सहयोग माग्ने नेपाली नारी हो । यसको भाषा शैली तथा कला पक्ष सबल छ भने भाव वा उद्देश्य आदर्शवादी चिन्तन प्रस्तुत गर्नु रहेको छ । संवादको राम्रो प्रयोग भएको यस कथालाई कथाकार कथाभन्दा

बाहिर नै बसेर बाचन गरेका छन् । जसले गर्दा बाह्य दृष्टिबिन्दुमा कथा अभिव्यक्तिएको छ ।

### ४।४।५।३ 'यी त हाम्रै पार्टीका हुन्'

'यी त हाम्रै पार्टीका हुन्' कथा हिमशिखरको पाँचौ अंकमा प्रकाशित अर्को कथा हो । यस कथाका कथाकार कृष्णप्रसाद पौडेल हुन् । पृष्ठ ४२ देखि ४३ का साढे एक पृष्ठमा रहेको यो कथा लघुआकारको कथा हो । यस कथामा कथाकारले सवारी दुर्घटनालाई विषयवस्तु बनाएर ०४७ सालको बहुदलीय व्यवस्थाको स्थापनापछि नेपाली समाजमा देखिएको विकृति र विसङ्गतिलाई यथार्थ ढंगले चित्रण गर्ने काम गरेका छन् । नेपाली राजनीतिमा देखिएको आफ्नो पार्टीका कार्यकर्ताले जे गरे पनि त्यो पार्टीले उसलाई संरक्षण गर्ने र जस्तोसुकै अपराध पनि लुक्ने यथार्थलाई प्रस्तुत गरेको यो कथाको भाषा शैली मध्यमस्तरको छ भने सामाजिक यथार्थवादी प्रवृत्तिमा कथा संरचित छ । यस कथाको मुख्य पात्र अमुक पार्टीको जिल्ला नेता हो । ऊ पहिले सवारी दुर्घटना बनाउने व्यक्तिलाई हदैको कारवाही गर्नु पर्दछ भन्छ तर त्यो व्यक्ति पार्टीकै कार्यकर्ता भएपछि त्यसबाट पछि हट्ने नेपाली नेता हो । यस्तै यस कथाका अन्य पात्रहरुमा दुर्घटना गराउने सवारी चालक, मृत व्यक्ति, त्यस स्थानका अन्य वासिन्दा लगायतका मानिसहरु सहायक तथा गौण पात्रका रुपमा आएका छन् ।

### ४।४।५।४ 'फरक'

हिमशिखर - ५ मा सूर्यचन्द्र बस्नेतको 'फरक' शीर्षक लघु कथा पनि प्रकाशित भएको देखिन्छ । यस पत्रिकाको पृष्ठ ५ मा प्रकाशित यस कथामा कथाकारले नेपाली समाजमा रहेको छोरा छोरी बीचको फरकलाई प्रस्तुत गरेका छन् । छोराले पढेलेखेर जागिर खाएर आमा बाबुको पालन पोषणमा लाग्न पर्ने तर छोरी पढे पनि अर्काको घरमा जाने तयारी गर्नु पर्ने कुरालाई अभिव्यक्त गरेको छ । लघु कथा भएकाले कथानक भिनो त छ नै भाव, भाषा र उद्देश्य सबै कुरामा कथाकारको लघु ज्ञानकै आभास प्रस्तुत कथा पढ्दा हुन्छ ।

### ४।४।५।५ 'कुकुर'

हिमशिखरको यस अंकमा कथाकार टेकनाथ पीडितको 'कुकुर' शीर्षकको कथा पनि प्रकाशित भएको पाइन्छ । यस कथामा न त कथानक छ न त भाव र विचार नै । तर पनि यसले झिनो रुपमा मानवहरुमा हराउँदै गएको मानवता र वृद्धि हुँदै गएको पशुतालाई झिनो रुपले संकेतसम्म गर्ने काम गरेको छ । वर्तमान उपभोक्तावादी संसारमा मानिसले आफ्नो मानवता पुरै गुमाएर ऊ पशु वा कुकुर समान बन्दै गइरहेको कुरालाई कथाले प्रतीकात्मक रुपमा व्यक्त गरेको छ । कथाको भाषा शैली सरल तथा सहज एवं सुवोध छ भने कथानकको संकेत खासै छैन ।

### ४।४।५।६ 'त्यो दिन कहिले आउला ?'

विवेक बाबुको 'त्यो दिन कहिले आउला ?' कथा यस अंकको पृष्ठ ६१ देखि ६४ सम्मका चार पृष्ठमा प्रकाशित भएको देखिन्छ । यस कथाले महिमा पात्र मार्फत निश्चल बाल मानसिकता र गतिविधीलाई यथार्थ ढंगले प्रस्तुत गरेका छन् । कथाकारसँग अत्यन्तै राम्रो सम्बन्ध भएकी कथाकी बाल पात्र महिमाले ल्याएको गुडिया फेमीलाई एक दिन कथाकारले मनकामनाको रातो टिका लगाइ दिए पछि उनीहरुको सम्बन्धमा आएको चिसोपना र त्यसका कारण 'म' पात्रले डेरा नै छोड्न परेको सामान्य घटनालाई यस कथाले आफ्नो कथावस्तु बनाएको छ । सरल भाषा शैलीमा लेखिएको प्रस्तुत कथाले क्रिश्चियन धर्मको कट्टरतालाई पनि संकेतात्मक रुपले अभिव्यक्ति दिने काम गरेको छ । यसका साथै समाजमा हुने विभिन्न खाले भेद मध्येको धार्मिक भेदको अन्त्य नै कथाको मूल अभिष्ट हो ।

### ४।४।५।७ 'चाहना र भावना'

शंकरराज सापकोटाको 'चाहना र भावना' हिमशिखर - ५ मा प्रकाशित अर्को कथा हो । यस कथाले परम्परागत नेपाली समाजमा विद्यमान पुरुष र नारी बीचको वर्गीय समस्यालाई यथार्थ ढङ्गले प्रस्तुत गर्ने काम गरेको छ । शिलु नेपाली नारीकी प्रतिनिधि पात्र हुन् भने यस कथाका अन्य पात्रहरु पनि नेपाली समाजमा छ्यापछ्याप्त देख्न भेट्न पाइन्छन् । कथाको अन्त्यमा दिलीप र एकल महिला शिलुका बीच दाम्पत्य सम्बन्ध स्थापित गराएर कथा टुङ्गिएको छ । तर पनि त्यो वर्गीय समस्या निराकरणका लागि आवश्यक संगठन र गतिशीलताका विपरीत उनीहरुलाई जर्बजस्त शहर छिराएर कथाकारले क्रान्तिकारी चेतना र विचारलाई पूर्णतया अभिव्यक्त गर्न भने सकेको छैनन् । स्वास्नी मरेमा लोग्नेले तत्कालै

अर्को विवाह गरिहाल्ने तर वैसमै लोग्ने मरे पनि स्वास्नीले भने जीवनभर वैधव्यताको पीडा बोकेर बाँच्नु पर्ने नेपाली समाजको यथार्थमाथि झिनो विद्रोह भने कथामा छ । यस कथाका मुख्य पात्रहरु शिलु र दिलिप हुन् जो समाज परिवर्तन गर्न चाहन्छन् । प्रस्तुत अंकको पृष्ठ ६६ र ६८ मा प्रकाशित भएको यो कथा प्रगतिशील प्रवृत्तिको रहेको छ ।

### ४।४।५।८ ...दोषीलाई दण्ड देऊ नू

हिमशिखर - ५ मा विष्णुप्रसाद सापकोटाको 'दोषीलाई दण्ड देऊ न' शीर्षक लघु कथा पनि प्रकाशित भएको देखिन्छ । यस कथामा कथाकार सापकोटाले घरपरिवारको सामान्य झगडा पछि घर छोडेर जान लागेकी श्रीमती र उसलाई सम्झाउदै छोराको निम्ति फर्काउने कोशिस गरिरहेको श्रीमानका बीचमा घटेका घटना तथा परिघटनालाई कथाको कथानक बनाएका छन् । कथाकार सापकोटाको यो कथामा न कुनै उद्देश्य छ न कुनै शिलशिला नै छ । यो कथा खाली कथाकारको सिकारु अनुभूति जन्य अभिव्यक्ति मात्रै बनेको छ । यसमा कथाका कुनै पनि त,वहरु पूर्णरुपले परिचालित भएका छैनन् ।

यसरी यस अंकमा सामाजिक यर्थाथलाई विषयवस्तु बनाएर लेखिएका कथादेखि लिएर प्रगतिशील प्रवृत्तिसम्मका कथाहरु समाविष्ट भएका छन् । त्यस्तै यसमा विसङ्गतिवादी/शून्यवादी कथा पनि समावेश भएको छ ।

### ४।४।६छैटौं अंकमा प्रकाशित अन्य कथाहरुको अध्ययन

हिमशिखर साहित्यिक पत्रिकाको अङ्क ६ मा जम्मा तीनवटा कथाहरु प्रकाशित देखिन्छन् । ती तीन कथाहरुमध्ये रोशन थापा 'निरव' को 'आगामी' शीर्षक कथाले विसङ्गत जीवनदृष्टि प्रक्षेपित गरेको छ । उक्त कथालाई प्रतिनिधि छनौट गरी व्याख्या गरिसकिएको छ । यहाँ अन्य दुई कथाहरु पनि प्रकाशित छन् । ती धर्मराज बाँस्तोलाको 'सुन्तली' र टेकनाथ पीडितको 'विस्थापित' शीर्षकको दुई कथाहरु सामाजिक यथार्थलाई प्रस्तुत गर्ने कथा हन् । तिनको संक्षिप्त चर्चा तल प्रस्तुत गरिएको छ ।

### ४।४।६।१ ...सुन्तलूी

सुन्तली धर्मराज बाँस्तोलाद्वारा लिखित कथा हो । यसमा उनले ग्रामीण नेपाली समाजमा गरीबीका कारण निम्नवर्गीय जनताले भोग्नु परेको पीडा व्यक्त गरेका छन् ।

ग्रामीण विपन्न समाजमा चेतनाको कमीले छोरीलाई पढाउन नचाहने र चाहेर पनि नसक्ने तथा सानैमा बिहे गरिदिने कुरीतिका कारण धेरै चेलीले दु:ख पाएको तीतो यथार्थ यस कथाले प्रस्तुत गरेको छ । सुन्तली यस्तै एक प्रतिनिधि पात्र हो । विद्यालयमा तिर्ने शुल्कको अभावले पढ्न छोडेकी जेहेन्दार छात्रा सुन्तलीले शिक्षकको सहयोगले पुनः पढ्न पाए पनि अशिक्षित आमाबुबा र सामाजिक कुचलनका कारण बिहे गर्न बाध्य भएकी छ । उसका सुनौला सपनाहरु तुहिएका छन् । यस आधारमा यो कथा सामाजिक यथार्थको चित्रण गर्न सफल कथा हो । यस कथाकी मुख्य पात्र सुन्तली हो भने उसको घर परिवार बाबु आमा, साथीहरु, स्कूलका मास्टर आदि सहायक, गौण तथा नेपथ्य पात्रहरु हुन् ।

### ४।४।६।२ 'विस्थापित'

टेकनाथ पीडितद्वारा लिखित 'विस्थापित' शीर्षक कथाले द्वन्द्वकालमा विकासे एन.जी.ओ. हरुले गाउँमा गएर काम गर्न नपाएको यथार्थ प्रस्तुत गरेका छन् । द्वन्द्वबाट प्रभावित भएर मानिसहरु विस्थापित भएको यथार्थ पनि कथाले प्रष्ट्याएको छ । त्यसका साथसाथै यस कथामा बूढाबा मार्फत एकै घरका कोही सेनामा, कोही मुग्लान, कोही विद्रोही र कोही विस्थापित भएर पारिवारिक, विघटन भएको दु:ख लाग्दो कथा प्रस्तुत गरिएको छ । माओवादीले जनतालाई विस्थापित गरेको कुरा मात्र देखाउन बल गरी सत्ता र पुलिसबाट भएको ज्यादतीलाई नजरअन्दाज गरेकाले कथाकार पूर्वाग्रही बनेका देखिन्छन् जसबाट समाजको यथार्थ पनि सन्तुलित नबनी विचारहीन बन्न पुगेको छ । यस कथामा बूढाबा विभिन्न विकासे एन्.जी.ओ. का सञ्चालक तथा कर्मचारीहरु, बूढाबाका छोराहरु, माओवादी लडाकूहरु आदि पात्रका रुपमा चित्रित भएको छन् ।

यसरी हिमशिखर ६ का कथाहरु मध्ये एउटा विसङ्गत चेतना र दुइटा सामाजिक यथार्थको यथास्थितिजन्य चित्रणमा सीमित देखिएका छन् । सामाजिक विषयको कलात्मक चित्रणको चेष्टा हुनु यी कथाहरुको उपलब्धी हो ।

### ४।४।७ सातौं अंकमा प्रकाशित अन्य कथाहरुको अध्ययन

हिमशिखर साहित्यिक पत्रिकाको सातौं अङ्कमा पाँच वटा कथाहरु प्रकाशित छन् । इन्द्रकुमार 'विकल्प', विश्व शाक्य, धर्मराज वास्तोला, टेकनाथ पीडित र लक्ष्मण थापा यस अङ्कका कथाकार हुन् र तिनका ¬मशः 'जिन्दगी चलिहाल्न नि', 'नातिको लब्धाङ्क र

उत्साहजनक निर्वाचन', 'टुल्की र शहर', 'शहर' र 'सन्ते' कथा यसमा प्रकाशित छन् । ती कथाहरुको संक्षिप्त परिचय तल प्रस्तुत गरिएको छ ।

## ४।४।७।१ ...जिन्दगी चलिहान्छ नि

'जिन्दगी चलिहाल्छ नि' हिमशिखर - ७ मा प्रकाशित इन्द्रकुमार विकल्पको कथा हो । पृ. २३ देखि २७ सम्मका साढे चार पृष्ठमा प्रकाशित यस कथाको भाषिक संगठन गठिलो र शैली परिष्कृत भए पनि यस कथामा विचार वा उद्देश्य पक्ष सबल बन्न सकेको छैन । जीवन जसरी पनि चलिहाल्छ, दुःख जतिसुकै कठोर भएर आउन सक्छ भने सहनुको विकल्प छैन भन्ने आशयमा कथा टुङ्गिएको छ । कथाकी पात्र सारिका सानैमा टुहुरी भएकी हो, सानैमा बिहे भयो, लोग्ने जड्याहा थियो र उसले आत्महत्या गरेकाले सारिका विधवा भएकी छे । सानी छोरी टुहुरी भएकी छे तर सारिका सधैँ हँसिलो नै छे जिन्दगी चलिहाल्छ नि सोच्दै बाँच्न विवश छे । यस पात्रका माध्यमबाट कथाकारले एउटा कारुणिक र मर्मस्पर्शी जीवन कथा त बुनेका छन् तर जीवनवादी र आशावादी दृष्टिको प्रतिपादन गर्न सकेका छैनन् । उनको जड्याहा लोग्ने पात्र सच्चिनुको सट्टा आत्महत्या गर्छ, सासू बुहारी मिलेर छोरालाई सम्झाउनुको साटो आफै झगडा गर्छन् र छोराको आत्महत्यापछि सासू बहुलाउछिन् । यी र यस्ता घटनाले यो कथा सुन्दर कला संयोजन, भावुकताको प्राधिक्य भएको तर निरिहतालाई मानवीय जीवनको परिचायकका रुपमा प्रस्तुत गर्ने भाग्यवादी सोंच प्रतिपादन गरेर समाप्त भएको छ ।

## ४।४।७।२ ...नातिको लब्धा` र उत्साहप्रद निर्वाचनू

'नातिको लब्धाङ्क र उत्साहप्रद निर्वाचन' शीर्षक कथा प्रस्तुत साहित्यिक पत्रिका हिमशिखर - ७ मा प्रकाशित दोस्रो ¬मको कथा हो । यसमा शाही शासनकालमा जनताको सहभागिताबिना नै गरिएको नगरनिर्वाचनलाई उत्साहप्रद भनेर व्यङ्ग्य गरिएको छ । यस हिसाबले यो व्यङ्ग्यप्रधान कथा हो । छोटो आयाममा चोटिलो मुक्तकीय भाव प्रेषण गर्ने सफल यो कथा यथार्थपरक छ । कथाकार विश्व शाक्यद्वारा लिखित यो कथामा स्पष्ट कथानक भने आएको छैन । कहिल्यै उत्तीर्ण नहुने कथाकारको नातिको लब्धाङ्क पत्र र नगर निर्वाचनको उत्साहलाई कथाकारले कथामा व्यङ्ग्यात्मक पाराले प्रस्तुत गरेका छन् । यसले राजनीतिक विषयवस्तु उठाएर शाही सत्ता र तत्कालीन व्यवस्थाको आलोचना गरेको छ ।

### ४।४।७।३ ...टुल्की र शहर

'टुल्की र शहर' शीर्षक कथामा धर्मराज बाँस्तोलाले सामाजिक यथार्थको कारुणिक चित्र प्रस्तुत गर्ने चेष्टा गरेका छन् । टुल्की (बालपात्र) उसको भाई, आमा, बुबा (डल्ले), डल्लेकी कान्छी श्रीमती जस्ता पात्रहरुको प्रयोगद्वारा बहुबिबाह, सौतेनी कलह, पारिवारिक विघटन र त्यसबाट केटाकेटीले पाउने पीडा तथा केटाकेटीहरु घरबार विहिन भएर सडकमा आउने कारणलाई यस कथाले प्रस्तुत गरेको छ । भाषिक प्रयोग र आयामगत संरचना सन्तुलित भए पनि कथाकारले जीवनप्रति आशा, उत्साह र विजयभाव जगाउन सकेका छैनन् । कथाको उद्देश्य वा विचार पक्ष अपरिपक्व छ । समाजमा न्याय, नियम, सङ्गति तथा विद्रोह, नवीनता, विकास, र आशावादी रुपान्तरणको प्रयास कथाकारका दृष्टिमा नपर्नु, केवल करुणा, पीडा, निराशा र असङ्गतिमा मात्र जीवनलाई हेर्नु कथाको असन्तुलित पक्ष हो । यस कथाकी टुल्कीले सौतेनी आमासँग मुकाबिला गर्दै भाइलाई हुर्काउने संभावना नदेखिनु, उसकी आमाको आत्महत्या, भाइको दुःखद निधन र टुल्कीको पलायन कथाकारका मृत्युन्मुखी चेतनाका क्षयग्रस्त परिणाम हुन् ।

### ४।४।७।४ ...सन्ते

लक्ष्मण थापाको 'सन्ते' शीर्षक कथामा उनले अभाव र पीडाका कारण टुहुरा बालबालिकाले गर्नुपर्ने बालश्रम र त्यसबाट उनीहरुले भेल्नुपर्ने अध्यारो भविष्यतिर संकेत गरेका छन् । सन्ते वर्ष दशको होटलमा भाडा माभ्न बसेको बालक हो मजदुर दिवसमा लागेको नाराले साहुनीको पिटाइले रोइरहेको सन्तेको चर्को रुवाईका आवाजलाई छोप्नुले कथा व्यङ्ग्यात्मक र लाक्षणिक पनि बनेको छ । छोटो आयाम भए पनि कथाले गम्भीर विषय उठाएको छ । वस्तुगत यथार्थको चित्रण गर्न कथाकार खप्पिस देखिन्छन् । यस कथाको भाषा सरल तथा सुबोध छ भने शैली लाक्षणिक बनेको छ ।

यसरी यस सङ्ग्रहमा सङ्कलित पाँचवटा कथाहरुमध्ये सबैले सामाजिक यथार्थको यथास्थितिजन्य चित्रण गरे पनि विश्व शाक्य लिखित 'नातिको लब्धाङ्क र उत्साहजनक निर्वाचन'ले भने राजनीतिक विषयवस्तु उठाएर शाही सत्ता र तत्कालीन व्यवस्थाको आलोचना गरेको छ ।

## ४।४।८ आठौं अंकमा प्रकाशित अन्य कथाहरुको अध्ययन

हिमशिखर अङ्क - ८ मा जम्मा चारवटा कथाहरु प्रकाशित छन् । ती कथाहरु मध्ये लक्ष्मण थापाद्वारा लिखित 'स्खलन' शीर्षक कथाको विश्लेषण प्रतिनिधि कथाका रुपमा गरिसकिएको छ । यहाँ अन्य तीनवटा कथाहरुको संक्षिप्त विश्लेषण गरिएको छ ।

### ४।४।८।१ ...खिस्रिक्कू

टेकनाथ पीडितद्वारा लेखिएको 'खिस्रिक्क' शीर्षक कथा यस अङ्कको पहिलो कथा हो । यसमा उनले गाउँको सङ्कट, दैवीप्रकोप, आदि समस्यालाई पैसा कमाउने, लोकप्रिय समाजसेवी देखिने अवसरका रुपमा हेर्ने कथित ठालुहरुलाई नयाँ पुस्ताका युवकहरुले पोल खोलिदिएका र समस्या पारिदिएका कुरालाई विषयवस्तु बनाएका छन् । द्रुततर अभिव्यक्ति शैलीमा कथाको प्रस्तुति गरिएकाले ठूलो विषय संक्षिप्त अर्थात् सूत्रात्मक बन्न पुगेको छ । वर्तमानको नेपाली समाजमा देखिएको यो प्रवृत्तिलाई सूत्रात्मक रुपमै भए पनि प्रस्तुत गरिएको यस कथामा समाज परिवर्तनका लागि युवा वर्गको भूमिका मुख्य हुन्छ भन्ने सन्देश सम्प्रेषित भएको छ । समग्रमा कथाको विषय गहन छ भने शैली सरल छ ।

### ४।४।८।२ ...अनुभवूी

यस सङ्ग्रहमा रामबहादुर बानियाँको 'अनुभवी' शीर्षक कथा पनि प्रकाशित छ । यस कथामा अनुभवी भनेर धक्कु लाउने 'ऊ' पात्रले म पात्रलाई धोका दिएको छ । यसबाट कुरा बढी गर्ने तर आफ्नो क्षमता र स्थितिको ख्याल नगर्ने प्रवृत्तिमाथि व्यङ्ग्य गरिएको छ । निगाला काट्न लेकमा जाने सल्लाह गरेका म पात्र र उसको साथीको सो योजना साथीका कारण असफल भएको छ । आफू निगाला काट्न गइरहने भएकाले त्यहाँको सबै वस्तुस्थिति थाहा छ भनेर गफ गर्ने साथी सल्लाह अनुसार जानुपर्ने दिनमा निर्धारित समयभन्दा तीनघण्टा ढिलो कुनै तयारी बिना नै आएको अवस्थाको चित्रण गर्ने यस कथाले व्यञ्जनात्मक अर्थ दिने शीर्षक अनुभवीबाट अनुभवी मानिने साथीमाथि व्यङ्ग्य गरेको छ ।

### ४।४।८।३ ...राक्षसहरुको उदयसागै यो अन्धो समाजू

'राक्षसहरुको उदयसँगै यो अन्धो समाज' शीर्षक कथामा कथाकार एस.टी. राजले उच्च वर्गीय कुलीन र भद्र देखिने व्यक्तिहरुको श्रमशोषक प्रवृत्तिको भण्डाफोर गर्ने कोशिस

गरेका छन् । उनले त्यस प्रवृत्तिको आलोचना त गरेका छन् तर त्यो पात्रका तहबाट गराउन सकेका छैनन् । विषयवस्तुका हिसाबले उनको कथा गहन छ । शैलीको सिकारुपन प्रष्टिए पनि उनले वर्गीय समाजको अन्तर्विरोध स्पष्ट देखाएका छन् र निम्नवर्गप्रति सहानुभूति प्रतिपादन गरेका छन् । पाठकले यस कथाको पात्र रविप्रति सहानुभूति त राख्छ तर उसले देवराजको शोषक प्रवृत्तिको विरोध गरेर कारखानामा सङ्गठित विद्रोहको प्रयास नगर्नुले उसको चरित्र विकासमा कथाकारले देखाएको अकौशल हो ।

यसरी यस सङ्ग्रहमा भएका कथाहरुमध्ये 'स्खलन' र 'राक्षसहरुको उदयसँगै यो अन्धो समाज' शीर्षक दुई कथाहरु सामाजिक र राजनीतिक विषयलाई उठाएका वर्गीय समाजको चित्रण गर्ने कथाहरु हुन् भने बाँकी कथाहरुमा व्यङ्ग्य, यथास्थितिको चित्रण जस्ता अन्य प्रवृत्ति भेटिन्छन् ।

## ४।४।९ नवौं अंकमा प्रकाशित अन्य कथाहरुको अध्ययन

हिमशिखर पत्रिकाको नवौं अङ्क २०६५ सालमा प्रकाशित भएको देखिन्छ । यसमा जम्मा ६ वटा कथाहरु प्रकाशित छन् । टेकनाथ पीडितको 'सहानुभूति र मनस्थिति', कृष्णप्रसाद पौडेलको 'प्रतिबद्धता', जनार्दनशरण त्रिपाठीको 'नर्मदाको पछुतो', सन्दिपा लम्सालको 'जिन्दगीको बाध्यता', सरिता तिमिल्सिना 'अशिम' को 'महिलामुक्ति', भीम रानाभाटको 'राहत र आहत' यी कथाहरुको संक्षिप्त परिचयात्मक समीक्षा यहाँ प्रस्तुत गरिएको छ ।

### ४।४।९।१ ...सहानुभूति र मनस्थितिृ

पृष्ठ ९ र १० मा रहेको 'सहानुभूति र मनस्थिति' शीर्षक कथाका लेखक टेकनाथ पीडित हुन् । उनले यस कथामा बसमा यात्रा गर्दा भेटिएकी गेरु रङ बर्षकी अधवैंशे केटीको चर्चा गरेका छन् । साथमा एउटा बच्चा भएकी विधवा भेषधारी उक्त महिलाका बारेमा मनमा अनेक तर्कना गर्दै 'म' पात्र आफ्नो झर्नुपर्ने ठाउँ आइपुगेकाले बसबाट ओर्लन्छ । यति सानो घटनालाई लिएर लेखिएको यस कथामा भाषा, शैली त कमजोर छ नै कथाले कुनै उद्देश्य वा भावको स्पष्टता पनि प्रस्तुत गर्न सकेको छैन । केवल कोरा भावुकता मात्र पोखेको सिकारु प्रवृत्ति देखिन्छ ।

### ४।४।९।२ ...प्रतिबद्दता

कृष्ण प्रसाद पौडेलको 'प्रतिबद्धता' शीर्षक कथा हिमशिखर-९ को पृष्ठ ६९ र ७० मा प्रकाशित छ । यस कथामा उनले दाजुभाइ बीचको सम्बन्ध र मानिसमा बढ्दो अवसरवादी, कृतघ्न र स्वार्थी प्रवृत्तिको चित्रण गरेका छन् । दिवाकर नामको पात्रको मृत्यु हुनेबेला उसले आफ्ना भाइहरुसित आफ्नो छोरालाई पढाइदिन गरेको अनुरोधमा प्रतिबद्धता जनाउने उसका तीनजना भाइहरुले पछि कुनै सहयोग नगरेको सत्यलाई यस कथाले सामाजिक यथार्थका रुपमा प्रस्तुत गरेको छ । कथाको संगठन उति परिष्कृत नभए पनि कथा छोटो र मर्मस्पर्शी बनेको छ ।

### ४।४।९।३ ...नर्मदाको पछुतो

'नर्मदाको' पछुतो शीर्षक कथाका कथाकार जनार्दनशरण त्रिपाठी हुन् । उनले यस कथामा घरमा सपरिवार मिलेर बसेमा घर सुन्दर हुने र पारिवारिक कलहले नै उन्नति रोकिने यथार्थ यस कथामा प्रस्तुत गरेका छन् । नर्मदा नवविवाहित दुलही हुन् । सासु बुहारीको मिलेमतोले घर स्वर्गजस्तो बने पनि पछि सासुबुहारी बीच भएको मनमुटाव र छोराले बुहारीको पछि लागेर आमाको उपेक्षा गरेबाट घरमा भित्रिएको अशान्तिको पीडादायी यथार्थ यसमा प्रस्तुत भएको छ । कलहले सबै कुरा भताभुङ्ग भएपछि नर्मदाले पछुतो मान्दै पुन घरपरिवारलाई एकजुट बनाउँन सफल भएकी छन् । नारी हक हीत र समग्र मानव जीवनलाई सुन्दर बनाउन नारीहरु नै मिल्नुपर्ने कुरालाई सासु र बुहारीको सम्बन्ध मार्फत यस कथाले प्रस्तुत गरेको छ ।

### ४।४।९।४ 'जिन्दगीको बाध्यता'

सन्दिपा लम्सालको 'जिन्दगीको बाध्यता' शीर्षक कथा नेपाली समाजमा रहेको नारी पुरुष बीचको विभेदका कारणले सिर्जना भएको समस्यामा केन्द्रित छ । नारीलाई भोग्याका रुपमा मात्र हेर्ने पुरुष समाजका विरुद्ध नारी पात्रलाई बिद्रोह गर्न लगाएर उनले त्यस विद्रोहलाई नारीको बाध्यताका रुपमा प्रस्तुत गरेकी छन् । उनले गराएको विद्रोहपूर्ण मुक्तिको लागि प्रर्याप्त भने छैन । धोका दिने र नारीमाथि हिंसा गर्ने पुरुषलाई त्यागेर स्वतन्त्र जीवन रोजाउनुको सट्टा उनले आफ्नी नारी पात्रलाई विधवा भेष धारण गर्न लगाएर

सामाजिक नारी बन्धनलाई चुडाल्न नसकेको भने देखिन्छ । कथा सङ्गठन फितलो भए पनि उनले उठाएको विषय भने गम्भीर छ ।

### ४।४।९।५ 'राहत र आहत'

हिमशिखर - ९ को अन्तिम कथा 'राहत र आहत' हो । यस कथाका कथाकार भीम रानाभाट हुन् । उनले यसमा प्राकृतिक प्रकोपले निम्त्याएको संकटको कारुणिक र कर्मस्पशी चित्र कोरेका छन् । यो मानवीय संवेदनालाई उद्वेलित पार्ने कथा हो । कोशी पीडितको राहतका लागि हिडेको तनहुँको युवक विजय ओभ्का राति सुतेको बेला आफ्नै गाउँमा पहिरोले चारवटा घर बेपत्ता भएको समाचार सुनेपछि कथा सकिएको छ ।

यसरी हेर्दा हिमशिखर - ९ मा ६ ओटा लघुआकारका कथाहरु प्रकाशित देखिन्छन् । यसमा चारवटा कथाले नारी विषयलाई उठाएका छन् भने 'प्रतिवद्धता' शीर्षक कथाले पारिवारिक असमभ्कदारीलाई विषय बनाएको छ । 'राहत र आहत' मानवीय संवेदना र समस्याको कथा हो । समग्रमा यी सवै सामाजिक यथार्थका कथा हुन् ।

## ४।५ निष्कर्ष

हिमशिखर साहित्यिक पत्रिका हेमजा कास्कीबाट २०५७ सालदेखि प्रकाशन हुन थालेको देखिन्छ । साहित्यका बहुविध विधाको प्रकाशन गर्ने उक्त पत्रिकाका हालसम्म निक्लिएका जम्मा ९ वटा अङ्कमा गरी ४९ वटा कथाहरु प्रकाशित छन् । ती कथाहरुमध्ये अधिकांश कथाहरु शिल्पशैलीका दृष्टिले कमजोर छन् । संरचनागत कौशल र भाषिक कलाका हिसाबले वहुसंख्यक कथाका कथाकारहरु सिकारु जस्ता देखिए पनि कथामा उठाइएका विषयवस्तुको रुचिक्षेत्र तथा वहुबिधतालाई उल्लेखनीय मान्नुपर्ने देखिन्छ ।

प्रस्तुत विभिन्न नौवटा अङ्कहरुमा प्रकाशित ४९ वटा कथाहरुलाई त्यसमा प्रकाशित कथाहरुका विषयवस्तु र प्रवृत्तिका आधारमा विभिन्न वर्गमा वर्गीकरण गर्न सकिन्छ । जसको मोटामोटी खाका तयार पार्दा यस्तो देखिन्छ ।

क) सामाजिक यथार्थको चित्रणमा केन्द्रित कथाहरु,

ख) समाजको वर्गीय विभाजनलाई देखाउने कथाहरु

ग) विसङ्गतिबोधको प्रस्तुति गर्ने कथाहरु

घ)	अन्य विषय/प्रवृत्तिका कथाहरु

पहिलो वर्गमा पर्ने कथाहरुले समाजको यथास्थितिजन्य चित्रण गरेका छन् । यी कथाहरुमा पारिवारिक, सामाजिक, वैयक्तिक पीडालाई अनुभूतिको रङ्ग दिएर भावुकता र करुणाको प्रतिपादन गरिएको छ । जीवनलाई भावना, पीडा र दु:खको भण्डारका रुपमा यी कथाहरुले प्रस्तुत गरेको छ । 'जिन्दगी चलिहाल्छ नि', 'नर्मदाको पछुतो', 'सुन्तली', 'शहर र टुल्की' आदि यस्ता कथाहरु हुन् । यस वर्गमा पर्ने अन्य कथाहरुमा 'मानवता अझै मरेको छैन', 'यी त हाम्रै पार्टीका हुन्', 'भोक', 'भाग्यको खेलसँगै' आदि लगायत १४ वटा कथाहरु पर्दछन् ।

वर्गीय समाजको चित्रण गर्ने कथाहरुका वर्गमा पर्ने कथाहरुले समाजको वर्गीय स्वरुपलाई प्रस्तुत गर्दै आर्थिक असमानता र अन्यायपूर्ण तथा असन्तुलित राज्यव्यवस्था एवम् समाजव्यवस्थाका कारण सिर्जना भएको वर्गभेदको चित्र प्रस्तुत गरेका छन् । कतिपय कथाहरुले निम्नवर्गी र उच्चवर्ग बीचको द्वन्द्व र निम्नवर्गीय पक्षधरतासमेत प्रस्तुत गरेका छन् । 'आमा', 'कमण्डलुमा रक्सी पिउनेहरु', 'दिगन्त प्रजातन्त्र', 'अस्मिता' आदि कथाहरु यस वर्गमा पर्दछन् । त्यस्तै 'चाहना र भावना', 'स्खलन', 'राक्षसहरुको उदयसँगै यो अन्धो समाज', 'महिलामुक्ति' 'शहर', 'सन्ते' आदि गरी यस प्रकारका १६ वटा कथाहरु विभिन्न नौ वटा अङ्कमा रहेको देखिन्छन् । वैचारिक उचाइँको पुष्टता र मूर्तताका हिसाबले यी कथाहरु आलोचनात्मक यथार्थवादी कोटीका देखिन्छन् ।

विसङ्गतिबोधलाई प्रस्तुत गरिएका कथाहरुको संख्या पनि उल्लेख्य रहेको छ । 'ब्रम्हाण्डको मृत्युपछि', 'होमोस्यामिन्सको सम्बोधन त्यस संघटनाप्रति जसलाई प्रकृति भनिन्छ', 'समयसीमा', 'आगामी' जस्ता चारवटा कथाहरु यस वर्गमा पर्दछन् । विज्ञान कथा, प्रयोग कथा जस्तो शैलीगत र भावगत प्रयोग भएका यस्ता कथाहरुले जीवनलाई संयोग वा भवितव्य र मानिसलाई निरिह प्राणीका रुपमा प्रस्तुत गरेका छन् । सरुभक्त, रोशन थापा, 'निरव' जस्ता कथाकारका कथामा जीवन जगत र मानव समाजका असङ्गत पक्षहरुलाई प्रधान विषय बनाएर मानसिक कुण्ठालाई अभिव्यक्ति दिएका छन् ।

यस बाहेक यस सङ्ग्रहमा व्यङ्ग्य प्रधान कथाहरु, मुक्तकिला लघुकथाहरु, बालकथा, सिकारु शैली र भावविन्यासमा देखिएका कथाहरु पनि आएका छन् । यस्ता विविध अन्य विषयका कथाहरुलाई छुट्टै वर्गमा राखेर अध्ययन गर्दा न्यायोचित देखिएको छ । 'कुकुर र

मान्छे', 'अस्मिताको अन्त्य', 'आत्महत्या कसले गर्ने?', 'तारुण्य वायु' जस्ता कथाहरु यस वर्गमा पर्छन् । 'अनुभवी', 'सहानुभूति र मनस्थिति', 'राहत र आहत' आदि यस वर्गका थप कथाहरु हुन् । हिम शिखरमा प्रकाशित यी र यस्ता कथाहरुको कूल संख्या १५ रहेको छ ।

यस हिसाबले हेर्दा हिमशिखर पत्रिकामा हालसम्म प्रकाशित कथाहरुको विषयक्षेत्र व्यापक छ र कथाहरुले उठाएको उद्देश्य तथा कथाहरुको शिल्पशैली पनि विविध छ । लक्ष्मण थापा, टेकनाथ पीडित, धर्मराज बाँस्तोला, भाष्कर, सरुभक्त आदि धेरैजसो अङ्कमा दोहोरिएका कथाकारहरु हुन् । भिन्न-भिन्न प्रवृत्ति र शैलीका कथा लेख्ने कथाकारका कथाहरु प्रकाशित गरेर हिमशिखरले नेपाली कथा साहित्यको उन्नयनमा सहयोग पुऱ्याएको छ ।

# पाचौ परिच्छेद

## उपसंहार

हिमशिखर पत्रिकाले साहित्यका पाठकहरुलाई ध्यानमा राख्दै यसको प्रकाशन आरम्भदेखि नै साहित्यका विविध विधाहरुलाई स्थान दिदै आएको छ । यसै अन्तरगत 'हिमशिखर' साहित्यिक पत्रिकाको पहिलो अंकबाट नै विभिन्न कथाकारहरुका कथाहरु पनि प्रस्तुत पत्रिकामा संकलित तथा प्रकाशित हुँदै आएको देखिन्छ । यस पत्रिकामा प्रकाशित अधिकांश कथाहरु समसामयिकतासँग सम्बन्धित छन् । यस पत्रिकाले कथाहरुको प्रकाशन गर्दा स्थापित तथा नयाँ दुबै खाले कथाकार र तिनीहरुका कथाहरुलाई समान महत्व दिदै आएको छ । समसामयिक जीवनका आर्थिक, सामाजिक, राजनीतिक, साँस्कृतिक र द्वन्द्वले निम्त्याएका विविध जटिल र संवेदनशील परिस्थितिलाई यी कथाहरुले समेट्ने प्रयास गरे पनि अधिकांश कथाहरु भने शिल्पशैलीका दृष्टिले कमजोर छन् । संरचनागत कौशल र भाषिक कलाका हिसाबले प्रस्तुत पत्रिकामा प्रकाशित बहुसंख्यक कथाका कथाकारहरु सिकारु जस्ता देखिन्छन् । तर पनि कथामा उठाइएका विषयवस्तुको रुचिक्षेत्र तथा बहुविधतालाई भने उल्लेखनीय मान्नै पर्दछ । वि.सं. २०५७ सालबाट प्रकाशनारम्भ भएको हेमजा साहित्य प्रतिष्ठान-२०५५ को वार्षिक प्रकाशन हिमशिखरमा २०६५ सालसम्म जम्मा ९ वटा अंकहरु प्रकाशित छन् । यी ९ वटा कथाहरुको अध्ययन गरी कथाको सैद्धान्तिक मान्यता भित्र रहेर प्रतिनिधी तथा समग्र कथाहरुको विश्लेषणात्मक टिप्पणी गर्ने काम प्रस्तुत शोध पत्रमा गरिएको छ ।

प्रस्तुत पत्रिकामा प्रकाशित विभिन्न कथाकारहरुका कथाहरुले उठाएको विषयवस्तु र तिनका प्रवृत्तिका आधारमा ती कथाहरुलाई विभिन्न वर्गमा वर्गीकरण गर्न सकिन्छ । यस शोध कार्यमा ती विभिन्न कथाहरुका विषयवस्तु तथा प्रवृत्तिका आधारमा (१) सामाजिक यथार्थको चित्रणमा केन्द्रित कथाहरु, (२) समाजको वर्गीय विभाजनलाई देखाउने कथाहरु (३) विसङ्गतिको बोध गरिएका कथाहरु र (४) अन्य विषयवस्तु तथा प्रवृत्तिका कथाहरु गरी जम्मा चारवटा वर्गमा विभाजन गरी त्यसैका आधारमा कथाहरुको अध्ययन तथा विश्लेषण गर्ने काम गरिएको छ ।

यस पत्रिकामा प्रकाशित कथाहरुमध्ये सामाजिक यथार्थको चित्रणमा केन्द्रित कथाहरुको संख्या अन्य विषयवस्तु तथा प्रवृत्रिका कथाहरुको तुलनामा धेरै छन् । समाजका यथार्थ घटनाहरुलाई यस वर्ग अन्तरगत राखिएको छ । यस्ता कथाहरुमा नेपाली समाजमा हुने तथा देखिने गरेको पारिवारिक, सामाजिक तथा वैयक्तिक पीडालाई अनुभूतिको रङ्ग दिएर भावुकता र करुणाको प्रतिपादन गर्ने प्रयास गरिएको देखिन्छ । नेपाली ग्रामिण तथा शहरी सामाजिक परिवेशमा घट्ने तथा घटाइने घटनाहरुको यथार्थ रुपमा प्रस्तुति दिनमा केन्द्रित यस्ता कथाहरुले जीवनलाई भावना, पीडा र दुःखको भण्डारका रुपमा प्रस्तुत गरेका छन् । तर ती दुःख तथा पीडाको कारणको खोजी तथा त्यसबाट मुक्तिको उपायको अंगिकार तर्फ कुनै ध्यान दिएको देखिदैन । 'जिन्दगी चलिहाल्छ नी', 'नर्मदा' को पछुतो आदि कथाहरु यसका उदाहरण हुन् । यी कथाका अतिरिक्त यस वर्गमा 'मानवता अझै मरेको छैन', 'यी त हाम्रै पार्टीका हुन्', 'भोक', 'भाग्यको खेलसँगै' लगायतका कथाहरु १४ वटा रहेका छन् ।

यस्तै गरी प्रस्तुत पत्रिकामा प्रकाशित केही कथाहरुले वर्गीय समाजको चित्रणमा आफूलाई केन्द्रित तुल्याएका छन् । ती कथामा कथाकारहरुले समाजको वर्गीय स्वरुपलाई प्रस्तुत गर्दै आर्थिक असमानता र अन्यायपूर्ण तथा असन्तुलित राज्यव्यवस्था एवं समाज तथा साँस्कृतिक व्यवस्थाका कारण सिर्जना भएको वर्गभेदको चित्रण गर्दै त्यसबाट मुक्तिका निम्ति क्रान्तिको आव्हान गरेका छन् । नेपाली समाजमा रहेका विभिन्न खाले अन्याय, अत्याचार, उत्पीडन र शोषणका कारण प्रताडीत बनेको निम्नवर्गप्रतिको सहानुभूतिमा यस्ता कथाहरु केन्द्रित रहेका देखिन्छन् । प्रस्तुत पत्रिकामा प्रकाशित कतिपय कथाहरुले निम्न र उच्च वर्गको बीचको द्वन्द्व देखाउदै त्यस द्वन्द्वमा उच्च तथा सामन्त वर्गको पराध्य र निम्न वर्गको विजयप्रति वर्गीय पक्षधरताको प्रस्तुति तर्फ अभिवृत्त भएका छन् । यसै वर्ग भित्र पर्ने केही कथाले नेपाली भूमिमा २०५१ सालपछि सञ्चालित माओवादी सशस्त्र आन्दोलनको औचित्य एवं आवश्यकता स्थापना तर्फ समेत आफूलाई केन्द्रित तुल्याएका छन् । 'आमा' यसैको एक ज्वलन्त उदाहरण हो भने 'उनी फर्केनन्', 'चिठ्ठी' आदि यस तर्फको संकेत हो । जे होस् वर्गीय समाजका यथार्थहरुलाई पक्षधरतापूर्ण ढंगले चित्रणमा केन्द्रित यस पत्रिकामा प्रकाशित कथाहरुमा 'कमण्डलुमा रक्सी खानेहरु', 'दिगन्त प्रजातन्त्र', 'अस्मिता' आदि पर्दछन् । यस्तैगरी 'चाहना र भावना', 'स्खलन', 'राक्षसहरुको उदयसँगै यो अन्धो समाज', 'महिलामुक्ति' लगायतका १६ वटा कथाहरु यस वर्ग अन्तरगत पर्दछन् । हिमशिखरका नौ

वटै अंकमा प्रकाशित यस वर्गमा पर्ने अधिकांश कथाहरुलाई वैचारिक उचाईको प्रष्टता र मूर्तताका हिसाबले आलोचनात्मक यथार्थवादी कोटीमा दर्ज गर्न सकिन्छ ।

प्रस्तुत हिमशिखर पत्रिकामा प्रकाशित कथाहरुको वर्गीकरण गर्दा तयार गरिएको अर्को बुँदा विसङ्गतिबोधलाई प्रस्तुत गरिएका कथाहरु निर्धारण गरिएको छ । यस वर्गमा पर्ने कथाहरुको संख्या पनि उल्लेख्य नै रहेकोले यो वर्ग निर्धारण गरिएको हो । विज्ञान कथा, प्रयोग कथा जस्ता शैलीगत र भावगत प्रयोग भएका यस्ता कथाहरुमा जीवनलाई संयोग वा भवितब्य र मानिसलाई निरिह प्राणीका रुपमा प्रस्तुत गरिएको पाइन्छ । यस्ता कथाहरुमा 'ब्रम्हाण्डको मृत्युपछि', 'होमोस्यामिन्सको सम्बोधन त्यस संघटनाप्रति जसलाई पृथ्वी भनिन्छ', 'समय सीतामा', 'आगामी' आदि कथाहरु पर्दछन् । यी कथाहरुले जीवन जगत् र मानव समाजका असङ्गत पक्षहरुलाई प्रधान विषयवस्तु बनाएर मानसिक कुण्ठाको अभिम्यक्ति तर्फ आफूलाई केन्द्रित तुल्याएका छन् । जसको कारणले गर्दा यी कथाहरु जीवन विरोधी तथा पलायनवादी एवं शून्यवादी बनेर अभिव्यक्तिएका छन् ।

यस बाहेक हिमशिखरका विभिन्न अंकमा प्रकाशित अन्य कथाहरुमा व्यङ्ग्य प्रधान कथा, लघु कथा, बाल कथा आदि रहेका छन् । जसलाई वर्गीकरण गर्दा अन्य विषयवस्तु तथा प्रवृत्तिका कथा अन्तरगत राखिएको छ । यी कथाहरु सिकारु शैली र भावविन्यासमा केन्द्रित देखिएका छन् । यस्ता कथाहरुमा 'कुकुर र मान्छे', 'अस्मिताको अन्त्य', 'आत्महत्या कसले गर्ने', 'तारुन्यवायु', 'अनुभवी', 'सहानुभूति र मनस्थिति', 'राहत र आहत' आदि पर्दछन् । यस्ता अन्य विषयवस्तुमा लेखिएका कथाहरु १५ वटा रहेका छन् ।

यसरी प्रस्तुत हिमशिखर पत्रिकामा प्रकाशित कथाहरुले आफ्नो प्रवृत्तिगत एवं विषयवस्तुगत आधारमा विभिन्न वर्गहरुमा आफूलाई समाविष्ट गरेको देखिन्छ । यी विभिन्न विषयवस्तु तथा प्रवृत्तिका कथाहरुको अध्ययनबाट प्रस्तुत पत्रिकामा प्रकाशित वर्गीय द्वन्द्वलाई विषयवस्तु बनाइएका कथाहरु अन्तरवस्तुको हिसाबले धेरै सशक्त खालका देखिएका छन् भने अन्य केही कथाहरु कलापक्षका हिसाबले सवल तथा सफल छन् । तर पनि अधिकांश कथाहरु शैली, भाव तथा प्रवृत्ति हरेक हिसाबले सिकारु पाराका नै देखिन्छन् ।

यस्तै गरी प्रस्तुत हिमशिखर पत्रिकामा प्रकाशित कथाहरु मध्येबाट प्रत्येक अंकको १ कथालाई प्रतिनीधि र अन्य कथाहरुलाई अंकगत आधारमा समग्र रुपले विश्लेषण गर्ने कार्य

यस शोपत्रमा भएको छ । यसरी विश्लेषण गर्दा कथाका स्थापित शास्त्रीय त,वहरु कथानक, चरित्र, परिवेश, उद्देश्य, दृष्टिविन्दु र भाषा शैलीलाई मुख्य त,व मानिएको छ । यस कोणबाट प्रस्तुत पत्रिकामा प्रकाशित कथाहरुलाई हेर्दा अधिकांश कथाहरुले भिनो कथानकलाई टिपेका छन् । धेरै कथाको कथन ढाँचा रैखिक रहेका छ । त्यस्तै चरित्र तथा पात्र प्रयोगमा पनि यस पत्रिकामा प्रकाशित कथाहरुमा समानता पाइदैन । समाजमा रहेका हरेक वर्ग, जाती तथा संस्कृति एवं संस्कारका व्यक्तिहरुलाई यस पत्रिकामा प्रकाशित कथाहरुले मुख्य सहायक तथा गौण पात्रका रुपमा लिएका छन् । वर्ग विश्लेषणमा केन्द्रित कथाका पात्रहरु जीवनवादी देखिन्छन् र अन्य विषयवस्तु तथा प्रवृत्तिका पात्रहरु जीवन विरोधी तथा शून्यवादी पनि देखिन्छन् । परिवेश चित्रणका हिसाबले यस पत्रिकामा प्रकाशित सबैजसो कथाहरुले स्थानिक, कालीक र राजनीतिक परिवेशमा आफूलाई केन्द्रित गरेका छन् । स्थानिय परिवेश अन्तरगत नेपाली समाजका ग्रामिण तथा शहरी परिवेश मुख्य बनेर आएका छन् भने, कालीक परिवेश अन्तरगत धेरै कथाहरु २०४७ सालको राजनीतिक परिवर्तन र त्यसले नेपाली समाजमा परेको असर तथा ०५१ पछि संचालित माओवादी गतिविधी र त्यसपछिको नेपाली समाजको चित्रण गरेका छन् भने राजनीतिक परिवशेको रुपमा आन्दोलन भूमि युद्धस्थल, संसद भवन आदि स्थान तथा २०४७ साल अघि र पछि तथा २०५१ सालको माओवादी जनयुद्ध एवं २०६२-०६३ सालको जनआन्दोलन आदि जस्ता राजनितिक घटना एवं परिघटनाहरु राजनीतिक परिवशेका रुपमा आएका छन् ।

हिमशिखर पत्रिकामा प्रकाशित कथाहरुको उद्देश्य निर्धारण गर्दा यी कथाहरुले उठाएको विषयवस्तु तथा तिनीहरुको प्रवृत्तिले महत्वपूर्ण प्रभाव पारेको देखिन्छ । सामाजिक यथार्थको चित्रणमा केन्द्रित कथाहरुको उद्देश्य नेपाली समाजका यथार्थ घटनाहरुलाई सचित्र प्रस्तुति दिनु हो भने वर्गीय समाजको चित्रणमा केन्द्रित कथाहरुको उद्देश्य समाजमा रहेको वर्गीय यथार्थलाई प्रस्तुत गर्दै त्यसतर्फ आलोचनात्मक दृष्टि दिन तथा निम्न वर्गप्रति सहानुभूति प्रकट गर्नु र वर्ग विहीन समाजको निर्माणका निम्ति क्रान्तिको आव्हान गर्नु रहेको देखिन्छ । त्यस्तै गरी विसङ्गतिबोध गरिएका कथाहरुको उद्देश्य मानवीय जीवनलाई सारहीन र शून्यवादी कोणले प्रस्तुत गर्नु हो भने अन्य प्रवृतिका कथाहरुको मुख्य उद्देश्य अनुभूतिगत अभिव्यक्ति हो ।

प्रस्तुत पत्रिकामा प्रकाशित कथाहरुले दृष्टिबिन्दु प्रयोगलाई हेर्दा आन्तरिक, तथा बाह्य दुवै प्रकारका दृष्टिविन्दुको प्रयोग भएको छ । कथाकारले कथा वाचनका निम्ति रोजेको स्थान दृष्टिबिन्दु हो । कथामा कथाकार आफैले 'म' पात्रका रुपमा उपस्थित भएर कथा भनेको छ भने त्यो आन्तरिक दृष्टिविन्दु हुन्छ जसलाई प्रथम पुरुष दृष्टि विन्दु पनि भनिन्छ भने कथामा कथाकार आफू उपस्थित नभएर बाहिरै बसी अरुको कथा भोगेको छ भने त्यो बाह्य दृष्टिविन्दु हुन्छ । यसलाई तृतीय पुरुष दृष्टिविन्दु पनि भनिन्छ । हिमशिखरमा प्रकाशित कथाहरुमा यी दुबै दृष्टिविन्दुको यथोचित प्रयोग भएको पाइन्छ ।

भाषा शैलीगत कोणबाट प्रस्तुत पत्रिकामा प्रकाशित कथाहरुलाई हेर्दा ती कथाहरुमा तत्सम, तद्भव र आगन्तुक तीनै स्रोतका शब्दहरुको प्रयोग भएको पाइन्छ । आगन्तुक शब्दको प्रयोगमा पनि अंग्रेजी शब्दहरुको प्रयोग अधिक रहेको छ भने पूर्वेली भाषिका अन्तरगतको पर्वती भेदको प्रयोग पनि केही कथामा भएको पाइन्छ । शैलीगत आधारमा हेर्दा धेरै कथाहरु अभिधात्मक रहेका छन् ।

यसरी प्रस्तुत पत्रिकामा प्रकाशित कथाहरुलाई हेर्दा ती कथाहरुको विषयक्षेत्र त व्यापक छ नै तिनीहरुको शैली एवं प्रवृत्ति तथा कथा त,वको प्रयोगमा पनि विविधता रहेको देखिन्छ ।

यो शोधपत्र हिमशिखरका कथाहरुको अध्ययनमा मात्र केन्द्रित छ । यस पत्रिकाका सम्बन्धमा शोध गर्न चाहने शोधकर्ताका लागि निम्न शिर्षकहरु उपयुक्त हुने देखिन्छन् ।

१) 'हिमशिखर' मा प्रकाशित कविताको अध्ययन,

२) नेपाली साहित्य मा 'हिमशिखर' पत्रिकाको योगदान

३) 'हिमशिखर पत्रिका' मा प्रकाशित कथाका प्रवृत्तिहरु

४) हिमशिखरमा प्रकाशित गजलहरुको अध्ययन,

५) 'हिमशिखर' पत्रिकामा प्रकाशित निबन्धहरुको अध्ययन

६) 'हिमशिखर' पत्रिकामा प्रकाशित समालोचकीय रचनाहरुको अध्ययन,

# सन्दर्भग्रन्थ सूची


1. अधिकारी, लक्ष्मीशरण. (२०६१) नेपाली कथाका सन्दर्भमा पोखरा कस्केली आख्यान विचार गोष्ठीको प्रस्तुत अप्रकाशित कार्यपत्र, पोखरा ।
2. अर्याल, भैरव. (२०३६) साझा कथा, साझा प्रकाशन, काठमाडौं ।
3. उपाध्याय, केशवप्रसाद. (२०४९) साहित्य प्रकाश (प.सं), साझा प्रकाशन, काठमाडौं ।
4. खनाल, लोकचन्द्र. (२०६२) कथाकार भाष्करको कथाकारिताको अध्ययन, स्नातकोत्तर तह शोधपत्र, नेपाली विभाग, पृथ्वीनारायण वहुमुखी क्याम्पस, पोखरा ।
5. गौतम, देवीप्रसाद. (२०५४) नेपाली कथा, नवीन प्रकाशन, काठमाडौं ।
6. गौतम, शोभाकान्त. (२०४५) नेपाली साहित्यविकासमा पोखराको संस्थागत योगदान, स्नातकोत्तर तह, शोत्रपत्र, नेपाली विभाग, पृथ्वीनारायण वहुमुखी क्याम्पस, पोखरा ।
7. थापा, हिमांशु. (२०५०) साहित्य परिचय (चौ.सं.), साझा प्रकाशन, काठमाडौं ।
8. पोखरेल, बालकृष्ण. (२०५५) नेपाली वृहत शब्दकोष, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
9. न्यौपाने टङ्कप्रसाद. (२०५९) साहित्यको रुपरेखा (दो.सं.), साझा प्रकाशन, ललितपुर ।
10. पौडेल, डा. विष्णुप्रसाद. (२०६३) शोध प्रस्ताव लेखनको सैद्धान्तिक र व्यवहारिक पक्ष, पृथ्वी वाङ्मय, वर्ष २६, अंक ४, नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस ।
11. बराल, ईश्वर (सम्पा.). (२०५३) झ्यालबाट, साझा प्रकाशन, काठमाडौं ।
12. बराल, ऋषिराज तथा घिमिरे कृष्णप्रसाद. (२०५५) नेपाली कथा, भाग ३, साझा प्रकाशन, काठमाडौं ।
13. बर्मा, धिरेन्द्र. (इ.सं. १९८५) हिन्दी साहित्य कोश, ज्ञान मण्डल लिमिटेड, वाराणसी ।
14. लुइटेल, खगेन्द्रप्रसाद र शर्मा, मोहनराज. (२०५२) शोधविधि (प्र.सं.) साझा प्रकाशन, काठमाडौं ।
15. शर्मा, तारानाथ. (२०५६) नेपाली साहित्यको इतिहास (चौ. सं.), अक्षर प्रकाशन ।

16. शर्मा, देवीप्रसाद (सम्पा.). (२०५४) नेपाली कथा, नवीन प्रकाशन, काठमाडौं ।

17. शर्मा, मोहनराज. ... ा प्रकाशन, काठमाडौं ।

18. शर्मा, मोहनराज. ... माडौं ।

19. शर्मा, हरिप्रसाद. (२०५९) कथा सिद्धान्त र विवेचना, ने.रा.प्र.प्र., काठमाडौं ।

20. शर्मा, मोहनराज. (२०५५) समकालीन समालोचना सिद्धान्त प्रयोग, ने.रा.प्र.प्र., काठमाडौं ।

21. श्रेष्ठ, दयाराम (सम्पा.). (२०३९) पच्चीस वर्षका नेपाली कथा, ने.रा.प्र.प्र., काठमाडौं ।

22. श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज. (२०४६) नेपाली साहित्यको इतिहास (ते.सं.), साझा प्रकाशन, काठमाडौं ।

23. श्रेष्ठ, दयाराम (सम्पा.). (२०५७) नेपाली कथा भाग ४, साझा प्रकाशन, ललितपुर ।

24. श्रेष्ठ, दयाराम. (२०४९) नेपाली साहित्यको संक्षिप्त इतिहास, साझा प्रकाशन, काठमाडौं ।

25. सुवेदी, राजेन्द्र (सम्पा.). (२०५१) स्नातकोत्तर नेपाली कथा, साझा प्रकाशन, काठमाडौं ।